# पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

३२

पूर्णाङ्क

संशोधन-मण्डल

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

—बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । त्यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

# पूर्णिमा

८ वर्ष

४ अङ्क

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

सम्पादक–

महेशराज पन्त

दिनेशराज पन्त

प्रकाशक–

देवीप्रसाद भण्डारी

(संशोधन-मण्डलद्वारा)

सहयोगी–

रामजी तेवारी

# विषयसूची


| | | पृष्ठ |
|---|---|---|
| १. ऐ०शि० बाबुराम आचार्यले रचना गर्नुभएको नेपालको संक्षिप्त इतिहास | –देवीप्रसाद भण्डारी | १९७–२०६ |
| २. वि० सं० १६९२ देखि वि०सं०१७९६ सम्ममा गोरखामा सारिएका ५ वटा पुस्तकका अप्रकाशित पुष्पिकावाक्य | –दिनेशराज पन्त | २०६–२१३ |
| ३. श्री ५ सुरेन्द्रविक्रम शाहको जुवाविषयको ताम्रपत्र | –रामजी तेवारी | २१३–२१६ |
| ४. भीमसेन थापा | –नयराज पन्त | २१७–२३६ |
| ५. श्रीमान् यदुनाथ खनालज्यूले आफ्नो विद्वत्ता देखाउने समय आएको छ (२ सङ्ख्या) | –नयराज पन्त | २३६–२४९ |
| ६. नेपाल् इन् पर्स्पेक्टिभ्मा देखिएका इतिहाससम्बन्धी अशुद्धि (१ सङ्ख्या) | –महेशराज पन्त | २५०–२६५ |
| ७. बयालीस सालको पर्वमा युद्धप्रतापजङ्गको तरङ्ग | –नयराज पन्त | २६६ |
| ८. आठौं वर्षको आय–व्ययको विवरण | | २६७ |
| ९. हाम्रो वक्तव्य | | २६८ |

(क्रमागत)

# ऐ. शि. बाबुराम आचार्यले रचना गर्नुभएको नेपालको संक्षिप्त इतिहास

सम्पादक – देवीप्रसाद भण्डारी

## तेस्रो परिच्छेद

## इतिहासकालभन्दा पहिले[1]

१। ई० सं० पू० १०००० का आसपासमा[2] हिमालयको बनावट प्रायः अचेलकै जस्तो थियो । तर हावापानी अचेलको भन्दा ठण्डा थियो । नदीनालाहरू अचेलको जस्तो गहिरिएर बगेका थिएनन् । उत्ताना हुनाले ब्याँसीहरू फराक थिए । सारा हिमालयका ब्याँसीहरूमा आग्नेयदेशी जनसमुदाय जङ्गली अवस्थामा रहेर आबाद भएको थियो । खेती वा पशुपालनको काम कोही जान्दैनथ्यो । जङ्गली कन्दमूल, फलफूल र शिकार गरी ल्याएका मासुले जीवनवृत्ति चलाउँथ्यो । ढुङ्गा वा काठका हतियार बनाएर शिकार मार्दथ्यो। जङ्गली जानवरका बीचमा रहनुपरेकोले बडो फूर्तिसँग रुख चढी बाघ भालु आदि हिंस्रक जन्तुबाट आफ्नो रक्षा गर्दथ्यो । शिकार गरेका पशुका छालाले शीतरक्षा गर्दथ्यो । यस तरहका आग्नेयदेशी जनसमुदाय भोटमा र उत्तर भारतवर्षका मैदानका जङ्गलहरूमा समेत रहेका थिए ।

२। यस आग्नेयदेशी जनताको आबादी हिमालयका ब्याँसीहरूमा टम्म मिलेर रहेको थिएन । समुद्रका बीचबीचमा टापू निस्के झैं जङ्गलका बीचबीचका ब्याँसीहरूमा यिनीहरूका कच्ची छाप्राका गाउँहरू बनेर रहने गरेका थिए । यी गाउँ पनि अस्थायी हुन्थे । जहाँ कन्दमूल र शिकारको सुविस्ता भयो, उहीं सर्दथे । तर तीस चालीस माइलका[3] घेरादेखि बाहिर जाँदैनथे । एक गाउँसँग अर्का गाउँको सहयोग नभई प्रायः लडाइँ नै हुन्थ्यो । यस सहयोगका कमीले गर्दा हिमालयका एक कुनामा आइपुगेको संसारको

---

१.विकासवादी केही विद्वान्हरूको विचारअनुसार श्रीबाबुराम आचार्यले यो परिच्छेदका धेरै कुरा लेख्नुभएको छ । केही विद्वान्हरू यो विचारसँग सहमत हुँदैनन् ।

२.विक्रमसंवत् प्रारम्भ हुनुभन्दा दश हजार वर्ष जतिपहिले । ३.पन्ध्र बीस कोसको ।

महत्त्वपूर्ण आविष्कार पनि अर्को कुनामा पुग्न हजारौं वर्ष लाग्दथ्यो । इ० सं० पू० ७००० का आसपासमा[4] पश्चिमका कुनै देशमा धनु काँडको आविष्कार भएको थियो । पछिबाट कुमालचक्रको पनि आविष्कार भयो । यी दुइ आविष्कारले उस समयका संसारलाई उन्नतिको मार्गमा एक्कासि बढाइदियो । यी लडन्ता आग्नेय-देशी जनतामा पनि यी वस्तु आइपुगे । धनु काँडले शिकार र लडाइँका काममा एकदम सुविस्ता गराइदियो । माटाका भाँडा बन्न लागेपछि कन्दमूल र मासुसमेत पकाएर खान जान्ने भए । अङ्ग ढाक्नाका निमित्त छालाका बदलामा पाटका बोक्राका मान्द्राका तरीकासँग कपडा बनाएर उपयोग गर्न थाले ।

३। हिमालयका आग्नेयदेशी जनताहरूमध्ये महाभारतका काखमा सिंधुलीका आसपासमा रहेको एक जमात उन्नतिका मार्गमा कन् अघि सर्‍यो । यसलाई पछि आउने खसहरूले मगर भन्ने नाम दिए । तराईमा रहेका आग्नेयदेशी जनसमुदायसँग यस मगर जातको सम्बन्ध जोडिएको थियो । यस समयमा तिरहुतका जङ्गलातमा रहेका आग्नेयदेशी जनसमुदायहरूले गृहस्थ भई खेतीको काम, पशुपालन र कपडा बुन्नसमेत शुरू गरिसकेका थिए । यिनीहरूबाट मगरहरूले यी तीनै काम सिकी गृहस्थ बन्न शुरू गरे । पहाडमा धान रोप्न लायक खेत तयार गर्न नसके तापनि पाखामा लाग्ने, मकै, कोदो, तोरी आदिको खेती लगाउन थाले । यसबाट यस जातको आबादी पश्चिमतिर बढ्दै दहवनसम्म पुग्यो । मगराँतमा पहाडखण्डका भित्री भागमा पनि घुसेर यिनका गाउँ बसे । त्यहाँका पुराना बासिन्दा चेपाङ र बरामू थिचिएर रहे । कुसुण्डाहरूले जङ्गलको शरण लिए । यस्ता कैयौं जात नष्ट भएर गए । यस्तै अवस्थामा पूर्वपट्टिबाट भोट–बर्माली नस्लको एक शाखा यसतिर आएर अरू आग्नेयदेशी जनतामा उथलपुथल मच्चाइदियो ।

४ । भोट र बर्माका ज्यादा भागमा एउटै नस्लका मानिस आबाद भएका हुनाले मूल नस्लको नाम भोट–बर्माली राखिएको छ । भोट र बर्मामा बाहेक अन्यत्र रहेका अथवा अरू नस्लमा मिसिएका जनसमुदायहरू न भोटिया हुन् न बर्माली । यस नस्लको मूल घर चीन र भोटका सीमानानेरका चीनपट्टि रहेका होआङ हो र याङ चेक्याङ नदीहरूका सिरानका च्याँसी हुन् । ई. सं. प. तेस्रा सहस्राब्दीमा[5] यी च्याँसीहरूमा यस नस्लका मानिसहरूको आबादी बढ्दा हूलका हूल निस्केर बसाइँका खोजमा परदेशतिर जान थाले । यो सिलसिला हजारौं वर्ष चलिरह्यो । अनेक हूल इरावतीका सिरानपट्टिबाट यस नदीका तीरैतीर बर्मामा पुगेर आबाद भए । अर्को थरी हूलले ब्रह्मपुत्रले हिमालय काट्नलाई मोडिएको ठाउँ भेट्टाई यस नदीका किनारैकिनार पश्चिम लागेर भोटमा आबाद भई त्यहाँ रहेका आग्नेयदेशी जनताको सखाप पारिदियो । अर्को थरी हूल प्रभूकुठारका घाटाबाट ब्रह्मपुत्रका तीरैतीर भरी आसाममा आबाद भएर पूर्व बङ्गालमा पनि फैलिन पुगे । यस घाटाबाट यसतिर आउने हूलहरूमा केही हूल हिमालयमा चढी पहाडैपहाड पश्चिमतिर बढ्दै आए । हिमालयपट्टि आउने यो जनसमुदाय दुइ चार हूलमा मात्र आएको थिएन । सानो सानो हूल गरी हजारौं वर्ष लगाएर अगाडि बढ्दै आग्नेयदेशी जनताको परिस्थितिलाई फरक गराइदियो ।

४.विक्रमसंवत् प्रारम्भ हुनुभन्दा सात हजार वर्ष जतिपहिले । ५.विक्रमसंवत् प्रारम्भ हुनुभन्दा तीन हजार वर्ष जतिपहिले ।

५ । भोट–बर्माली र हिमालयका आग्नेयदेशीहरूका रङ्गरूपमा ज्यादा अन्तर थिएन, दुवै थरी मङ्गोलक थिए । भोट–बर्मालीको कद केही अग्लो थियो । यति मात्र अन्तर हुनाले यी दुइ थरी परस्पर घोलिएर मिल्दै गए । यी नयाँ आगन्तुकहरू थोरै हुनाले आग्नेयदेशी भाषालाई बदल्न नसकी यसैलाई मातृ-भाषा गराए । तैपनि यिनीहरूका भाषाबाट सयकडौं शब्द र विशेष गरी सङ्ख्यावाचक शब्द आग्नेयदेशी-हरूले लिए । यिनीहरूको मिसावट एकनासको थिएन । मगरहरूले यिनलाई आफूमा शायद मिसिनै दिएनन् । यिनका मिसावटका कम बेसी मात्राअनुसार आग्नेयदेशी जनताबाट अनेक बोली छुट्टिई बोलीपिच्छेका जात खडा भए । यी भोट–बर्मालीहरू खेती र पशुपालनसमेत गर्दथे । तामो र अरू धातुको उपयोग गर्न पनि जान्दथे । यिनका घरपाला जनावरमा मुख्य भेंडो थियो । यो जनावर यिनैले हिमालयमा ल्याए । ऊनका कपडा बुन्ने कला पनि ल्याएर सबै आग्नेयदेशी जातहरूलाई सिकाए । तामाको खानि खन्ने र यस धातुका भाँडावर्तन बनाउने इलम पनि फैलाए । यस कारणले यहाँका आग्नेयदेशी जातहरू पक्का गृहस्थ भएर चिरस्थायी गाउँ बसाई शिकारी जीवन छोडिदिए । अचेलसम्म जङ्गलमा रही शिकारी बनिरहेका र घर–द्वार नगरी फिरन्ता भइरहेका जो चार पाँच जात नेपालमा र यति नै हिमालयका अरू भागमा पाइन्छन् । यी अल्पसङ्ख्यक जातहरू अपवादस्वरूप बचिरहेका छन् ।

६। ई०सं०पू० तेस्रा सहस्राब्दीमा[6] आर्यनस्लका अनेक जातिहरू गङ्गादेखि बोल्गा नदीसम्मका अनेक प्रदेशहरूमा आबाद हुन लागेका थिए । यी जातिहरू पहिले फिरन्ता अवस्थामा रहेका हुनाले यिनको मूल घर पत्ता लागेको छैन । यस समयमा उत्तर भारतवर्षका मैदानमा ऐड र मानव भन्ने दुइ समुदायका आर्यका बस्ती रहेका थिए। ऐडका बस्तीहरू पञ्जाब र गङ्गा जमुनाका मैदानमा फैलिए । मानवहरूका बस्ती अचेलका अवधमा थिए । अचेलको कश्मीर उहिले इडावृत कहिन्थ्यो । यतैबाट मैदानमा झरेका हुनाले ऐड कहिएका हुन् । ऐड र मानवका चालचलनमा र भाषामा केही अन्तर थियो । तर यी दुवै थरी आफूलाई आर्य र आफना वासस्थानलाई आर्यावर्त भन्दथे । दुवै थरीको एउटै वैदिक धर्म थियो । दुवै थरी परस्परमा सामाजिक व्यवहार गर्न सक्तथे । राजनीति पनि प्राय: एकै किसिमको थियो । ऐडमा भरत र युधिष्ठिर प्रतापी राजा भए, मानवहरूमा भगवान् रामचन्द्र । अवधबाट पूर्वपट्टि बढेर गङ्गाका दक्षिणपट्टि मगधमा ऐडहरूको र उत्तरपट्टि मिथिला वा विदेहमा मानवहरूको प्रसिद्ध राज्य खडा भए । विदेहको राज्य सानो हुनाले अचेलका विहारभरमा मगध राज्यको प्रताप फैलियो । यस प्रदेशमा रहेका आग्नेयदेशी जातिहरूमा केही जङ्गल पसेर अलग्गै रहे । केही आर्यका साथमा रहेर खेतीका काममा सहायता गर्ने शूद्र बने । केही अछूत बनेर डुम, चमार इत्यादि भई आर्य र शूद्रका समेत सेवक भए । केही दास बनेर आर्य र शूद्रका घरधन्दामा लागे । यिनीहरूले आफ्नो भाषा छोडी आर्यभाषा लिए । यही नियम पश्चिमपट्टिका प्रदेशहरूमा पनि चलेको थियो ।

७। इडावृत वा कश्मीरमा रहेका ऐडका एक जमातको नाम खस थियो । यसको मूल अर्थ राजा वा क्षत्रिय (योद्धा) थियो । खसकै नामबाट देशको नाम पछि कश्मीर रह्यो । मैदानमा झरेका ऐडहरूले विद्या

---

६.विक्रमसंवत् प्रारम्भ हुनुभन्दा तीन हजार वर्ष जतिपहिले ।

र बाहुबल बढाई विशेष सभ्य बनेका हुनाले पहाडमा छुटेका खस भैयादहरूलाई तल्ला श्रेणीमा गन्न लागे । यसै कारणले हाम्रा भाषामा पनि खस शब्दमा घटियापन आएको छ । परन्तु यी खसहरू बडा साहसी र बुद्धिमान् पनि थिए । ई० सं० प० दोस्रा सहस्राब्दीमा[7] यिनीहरूको एक दल सुदूर पश्चिमका सामी जातिको आबादी भएका अचेलका इरान देशमा पसी राज्य स्थापना गरेर साढे पाँच सय वर्षसम्म बडो शानसँग राज्य गरे ( ई० सं० प० १७४६–११८०[8] ) । यिनीहरू उहाँ पनि आर्यभाषा व्यवहार गर्दथे । वैदिक देवता इन्द्र, वरुण, मित्र आदिको पूजा गर्दथे । यीसिवाय शिमालिया भन्ने हिमदेवीको पनि पूजा गर्दथे ।

८। जुन समयमा खसको एक दल इरानतिर लागेको थियो, उसै समयमा अर्को दल पूर्वपट्टि बढेर सतलज तरी वारि आयो । यसरी पूर्वपट्टि बढ्ने क्रम हजार वर्षसम्म चलिरह्यो । यिनीहरू हिमाल वा तराईतिर नलागी पहाडखण्डमा मात्र बढ्दै आएका थिए । यिनीहरू आफ्ना सुन्दर रङ्गरूपमा आग्नेयदेशी जनताको नराम्रो रङ्गरूप मिसिन नपाओस् भन्ने बडो खयाल राख्दथे । यस कारणले बाटामा भेटिएका अनेक आग्नेयदेशी जातहरूलाई अछूत, डूम बनाएर अलग बस्तीमा राख्दै भेरीका ब्याँसीसम्म आए । स्वतन्त्रताका प्रेमी केही आग्नेयदेशी जातहरू तराईमा झरी थारूसँग मिले । केही हिमालतिर चढेर अलग रहे । हिमालतिर बसाइँ जानेमा नेपालपट्टि रहेको साउको जात मुख्य छ । खसहरू पूर्वपट्टि सखीका लेकमा आइपुग्दा मगरात जात भेटियो । यस जातसँग मुकाबिला गर्न नसकी भेरीका ब्याँसीलाई नै अन्तिम मुकाम बनाएर अडे ।

यिनीहरू केवल कृषक बने । यिनीहरूले जितेका पहाडखण्ड जतिमा अगाडिदेखि नै कोदाको खेती हुन्थ्यो । यिनीहरूले जौ, गहुँ, तिल इत्यादि केही नयाँ अनाज पनि ल्याए । यिनीहरू पूर्वतिर बढिरहेकै समयमा संसारमा फलामको आविष्कार भएको थियो । खेतीका हतियारमा यस धातुको उपयोग हिमालयमा यिनैबाट शुरू भयो । यिनीहरू वैदिक देवताको स्तुति गर्दथे । तर ब्राह्मण, क्षत्रिय र वैश्य भन्ने भेद थिएन । वर्णमालाको आविष्कार नहुँदै मूल घरबाट छुट्टिएर आएका हुनाले बिस्तारबिस्तार विद्याहीन हुँदै अवनतितिर गिर्दै गए। यिनीहरूको शासनव्यवस्था लोकाभार किसिमको थियो। एक जनाका धेरै स्वास्नी वा धेरै भाइका एक दुइ वा तीन जना सजिया स्वास्नी पनि हुन्थे । यस जातिका पतनको एउटा कारण यो पाण्डवी विवाहपद्धति थियो ।

९। खसहरू सतलज र भेरी नदीका बीचका छोटा पहाडप्रदेशमा अलमलिएर अधः पतनतिर लागेका समयमा मैदानमा रहेका ऐड र मानव आर्यहरू पूर्वतिर कोशीसम्म बढ्दै गए । नयाँ नयाँ राज्य स्थापना गर्दै आर्यावर्तका विशाल मैदानमा फैलिएर उन्नतिमार्गमा चढ्दै थिए। बल र वैभवले मात्तिएका आर्य राजाहरू कुरु राज्यका उत्तराधिकारका निमित्त युधिष्ठिर र सुयोधनका बीचमा उठेको घरकलहमा

७. विक्रमसंवत् प्रारम्भ हुनुभन्दा दुइ हजार वर्ष जतिपहिले ।८. विक्रमसंवत् प्रारम्भ हुनुभन्दा १६८८ वर्ष पहिलेदेखि ११२२ वर्षपहिलेसम्म ।

पसी दुइ पक्षमा बाँडिएर कुरुक्षेत्रका युद्धमा होमिए (ई०पू०१४२५ अन्दाजि[9] )। यस युद्धपछि यी आर्य-हरूको घुमन्ता स्वभाव टुट्यो र जुन जुन जमात जुन जुन थलामा रहेका थिए, उसका आसपासका जङ्गल फाँड्दै आबादी बढाउने चालमा लागे। पुराना राजवंश निर्बल भई बदलिंदै रहे। नयाँ नयाँ राज्य र लोकाभार पनि खडा हुँदै आए। वर्तमान नेपालका सीमानामा ई०सं०पं० ६०० तिर[10] पूर्वदेखि पश्चिमसम्म क्रमैसँग अङ्ग, वृजि, मल्ल र कोशल राज्य कायम थिए। अङ्ग राजतन्त्र थियो। विदेहको जनकवंश नष्ट भएको हुनाले विदेह र लिच्छवि मिली वृजि लोकाभार तयार गरेका थिए। यसको पश्चिम सीमाना गण्डकी थियो। यसदेखि पश्चिमपट्टि मल्ल लोकाभार खडा थियो। अचेलका अवधमा मानवहरूको पुरानो कोशल राज्य र दक्षिण विहारमा ऐडहरूको मगध राज्य कायमै थिए। मल्ल र कोशलका बीचमा अरू साना साना दुइ लोकाभार पनि थिए। एउटामा अर्का थरी मल्ल र दोस्रामा शाक्यहरू रहेका थिए।

१०। कुरुक्षेत्रका युद्धभन्दा पहिलेका आर्यावर्ती आर्यहरू वैदिक धर्म मान्दथे। इन्द्र वरुण आदि देवतालाई प्राकृतिक वस्तुका अधिष्ठाता मानेर यी वस्तुका लाभका निमित्त यी देवताहरूको स्तुति गर्ने र अग्निद्वारा देवताहरूलाई खाद्यवस्तु चढाउने गर्दथे। यसै कामको नाम यज्ञ वा याग थियो। कुरुक्षेत्रका युद्धपछि यज्ञलाई नै प्रधान मानी देवताहरू यसका अनुचर मानिन लागे। यज्ञ यागादिमा आडम्बर थपिंदै जाँदा एक थरी ऋषिमुनिको दल यसका विरुद्ध भई ब्रह्मविद्याको खोजमा लाग्यो। अनेक क्षत्रिय राजाहरू पनि यस काममा लागे। विदेहको जनकराजवंश ब्रह्मवादीहरूमा प्रसिद्ध भयो। यिनीहरूले नै एकेश्वरवाद निकाले। अनेक अनीश्वरवादी पन्थ पनि खडा भए। तपस्याद्वारा आत्मालाई शुद्ध गराएर मोक्ष हुने मार्गमा अर्का थरी लागे। यस तरहसँग ८०० वर्ष जति धार्मिक खलबल चलिरह्यो। महात्मा गौतम बुद्धले बौद्ध धर्म खडा गरेपछि यी पन्थहरूमा केही गायब भए, केही रूप बदलिएर अडे।

अचेलका बुटवल र त्यसदेखि पश्चिमपट्टि पनि फैलिएको शाक्य लोकाभारको राजधानी कपिलवास्तु थियो। अचेलका तौलिहवादेखि एक माइल[11] फरकको तिलोहराकोटमा नै कपिलवास्तु रहेको अनुमान गरिएको छ। यस लोकाभारका छानिएका राजा शुद्धोदनका छोरा सिद्धार्थ भए। शुद्धोदनकी रानी माइतीबाट फर्कंदा बुटवलका रुमिन भन्ने गाउँमा ई०सं०पू० ६२४ मा[12] सिद्धार्थको जन्म भएको थियो। दुनियाँको दुःख देखेर बालककालदेखि नै यिनको मन पग्लन्थ्यो। अट्ठाइस बर्षका उमेरमा दुनियाँलाई रोग मरण आदि दुःखबाट मुक्त गराउने सत्यमार्गको खोज गर्नाका निमित्त घरद्वार छोडी जङ्गलमा गएर ६ वर्षसम्म तपस्या गर्दा यिनलाई ज्ञान पैदा भयो र बुद्ध कहलाए। गौतम गोत्रका हुनाले गौतम बुद्ध भन्ने नामले यी प्रसिद्ध भए। आफूले पाएका ज्ञानअनुसारका पहिला उपदेश काशीमा गर्दा यिनका केही अनुयायी तुरुन्तै खडा भए। यी अनीश्वरवादी थिए। यज्ञ र तपस्याको विरोध गर्दथे। सदाचार कायम राख्नु नै यिनका उपदेशको सारांश थियो। अचेलका विहार र अवधका केही भागमा ४५ वर्षसम्म यो उपदेश गर्दै

---

९. विक्रमसंवत् प्रारम्भ हुनुभन्दा अन्दाजि १३६७ वर्षपहिले। १०.विक्रमसंवत् प्रारम्भ हुनुभन्दा ६०० वर्ष जतिपहिले। ११. आधा कोस जतिको। १२. विक्रमसंवत् प्रारम्भ हुनुभन्दा ५६६ वर्षपहिले।

रहँदा राजादेखि रङ्कसम्मले यिनका उपदेश सुने । सबै जातलाई र मर्दाना जनाना दुवै थरीलाई आफ्ना मतको शिक्षा दिने नियम गरेका हुनाले हजारौं मानिस यिनका अनुयायी भए । असी वर्षका उमेरमा ई०सं०पू० ५४४ मा[13] यिनको देहान्त हुँदा यिनका सुयोग्य शिष्यहरूले प्रचारको क्रम कायम राख्दा यो सम्प्रदाय विशाल बौद्ध धर्मका रूपमा परिणत हुन आएको छ ।

११। ई०सं०पू० ७०० तिर[14] मगध राज्यमा शिशुनागवंश खडा भयो । यस वंशका पाँचौं राजा बिम्बिसार र यिनका छोरा अजातशत्रु गौतम बुद्धका समकालीन थिए । दुवैले बुद्धका उपर आदर प्रकट गरेका थिए । बिम्बिसारले अङ्गको राज्य जितेर मगध राज्यमा मिलाए । उहिलेका आर्य राजाहरू अर्को राज्यलाई जिते पनि राजवंशलाई आफ्ना अधीनमा राखेर कायम रहन दिन्थे । बिम्बिसारले यो नियम तोडेर राजवंश वा लोकाभारका नेताहरूलाई हटाएर पराईको देश आफ्ना राज्यमा मिलाई राज्य बढाउने चाल चलाए । अजातशत्रुले वृजिका विदेह र लिच्छविमा फूट गराई लिच्छविको लोकाभारप्रदेश आफ्ना राज्यमा मिलाए [ई०सं०पू० ५४०[15] ]। यो क्रम यिनका उत्तराधिकारीहरूले पनि नछोडेर अवध र गङ्गा जमुनाका प्रदेशका राज्यहरूलाई पनि एकएक गरी मगध राज्यमा मिलाउँदै रहे । ई०सं०पू० ३६६ तिर[16] शिशुनागवंशलाई हटाई महापद्म नन्दले नयाँ राजवंशको जग बसाले । तर यो वंश दुइ पुस्ता मात्र चल्न सक्यो । महापद्म नन्दले बचेखुचेका राज्यहरूलाई पनि निर्मूल गराएर अचेलका संयुक्त प्रदेश, राजपूताना, मालवा, विहार र उडिसासमेत गाभिएको एक बडो शक्तिशाली मगध साम्राज्य कायम गरे । उत्तर भारतवर्षको पहिला साम्राज्य यही थियो । यो साम्राज्य स्थापना हुने काम पूरा नहुँदै शिशुनागवंशका अन्तिम राजाहरूका समयमा नेपालको पहिला राज्य स्थापना भई इतिहासको आरम्भ भएको देखिन्छ ।

## चौथो परिच्छेद
## किराँत राज्य[1]

**[ई० सं० पू० ४००–ई० सं० १०० अं०[2] ]**

१।वर्तमान नेपालका पूर्वपट्टिका तीन प्रान्तमा रहेका आग्नेयदेशी जातहरूमध्ये केवल मगरले पश्चिमपट्टिबाट आएका खसबाट आर्यका सभ्यताको परिचय पहिले पाए । तर खसहरूको आग्नेयदेशी जातहरूलाई निर्मूल गर्ने नीति हुनाले यिनका सभ्यतालाई मगरहरूले आदर गरेनन् । लगभग यसै समयमा

---

१३. विक्रमसंवत् प्रारम्भ हुनुभन्दा ४८६ वर्षपहिले । १४.विक्रमसंवत् प्रारम्भ हुनुभन्दा ७०० वर्ष जतिपहिले । १५. विक्रमसंवत् प्रारम्भ हुनुभन्दा ४८२ वर्षपहिले । १६. विक्रमसंवत् प्रारम्भ हुनुभन्दा ३०८ वर्ष जतिपहिले ।

१. यस परिच्छेदको अधिकांश भाग कल्पनामय छ ।

२. विक्रमसंवत् प्रारम्भ हुनुभन्दा अन्दाजि ४०० वर्षपहिलेदेखि वि०सं० १०० वर्षसम्म ।

मल्ल र शाक्यका लोकाभारहरू आबाद हुँदा मगर र मल्ल शाक्यहरूका बीचमा केवल महाभारतको डाँडो छेका रह्यो। यस डाँडाको घाटो दुर्गम नहुनाले यी मगरहरू मल्ल वा शाक्यहरूसँग बराबर भेट गर्दथे। मल्ल र शाक्यहरू मानव आर्य हुनाले उदार थिए। तैपनि खसहरूले तर्साएका हुनाले मगरहरूले यिनलाई आफ्ना बस्तीमा आउन दिएनन्। यिनीहरूलाई पनि महाभारत नाघेर मगरहरूसँग लडी भिडी पहाडखण्डमा पस्ने जरूरत थिएन। तैपनि यस भेटघाटबाट मगरहरूका बस्तीमा आर्यसभ्यताको उज्यालो पस्यो। यसबाट आपसमा एकताको स्थापना गर्ने शिक्षा लिए। यसै एकताबाट बलिया भएका हुनाले खसहरूलाई सखीका लेकदेखि पल्लापट्टि नै कैयौं शताब्दीसम्म रोकिराखे। यस समयमा यिनीहरूका छोटा मोटा रियासत खडा भए होलान्, तर कुनै पुराना लेखमा तिनको उल्लेख पाइँदैन।

२। सेसाँतदेखि दक्षिणपट्टिका वृजि लोकाभारको आबादी महाभारतका डाँडादेखि मात्र होइन, चुरेका डाँडादेखि पनि निकै टाढा थियो। अचेलका बाहिरी तराईमा महोत्तरीको अलिकति भागमा विदेहहरूको आबादी थियो तापनि बाँकी सारा तराईमा थारूहरूका फाटफुट बस्ती मात्र थिए। वाजिहरूको आबादी बढ्दै आउँदा थारूहरू उत्तरतिर घचेटिएर आए। उस समयमा सिंधुली र वाग्वतीको किनाराका भञ्ज्याङ वा घाटाहरू खुलेका थिए तापनि महाभारत र चुरेका बीचमा घना जङ्गल भई हिंसक जनावरको राज्य रहेको हुनाले पनि यी भञ्ज्याङ दुर्गम थिए।

तराईमा वाग्वतीका किनारामा रहेका थारूहरूमध्ये माछा मार्ने पेशा भएका दनुवारहरू उत्तर-पट्टिबाट माथिमाथि सर्दै बस्ती बसाउँदै चुरे र महाभारतलाई छिचोलेर यस नदीका सिरानका ब्याँसीमा आइपुगे। यिनीहरूले मगधबाट आर्यसभ्यता लिएर आग्नेयदेशी भाषा भुली मागधी भाषा लिइसकेका थिए। यिनीहरूले नै यस नदीका सिरानका ब्याँसीमा आर्यसभ्यताको उज्यालो ल्याए। यस ब्याँसीका बासिन्दाहरू यिनै दनुवारका साथ वृजि र मगधका राजधानीसम्म पुग्न थाले। यिनीहरू आफ्नो जातलाई नेपार भन्दथे। उस समयका मागधहरू रेफका बदलामा ल बोल्दथे। यस कारणले यिनीहरूलाई नेपाल भन्न लागे। बिस्तारबिस्तार यही शब्द देशको नाम भयो।

३। आर्यसभ्यताका रङ्गमा रङ्गिएपछि नेपारहरूमा राष्ट्रिय एकता पैदा भई आपसमा मेलजोल बढाएर ई० सं० पू० ४०० का आसपासमा[3] एक राज्य खडा गरे। यही नेपालको पहिला राज्य थियो। उनताका भारतीय आर्यहरू आग्नेयदेशी जातहरूलाई किराँत भन्दथे। नेपारहरू पनि आग्नेयदेशी हुनाले यिनलाई पनि उनीहरू किराँतमा गन्दथे। यस कारणले नेपार राज्यलाई किराँत राज्य भन्ने चलन भएको छ। यी नेपार राजाहरूमा पहिला एलम थिए। यीपछि ३१ जना नेपार राजाहरू अरू भए। यी सबै किराँत राजा थिए भन्न सकिंदैन। किनभने एउटै वंशमा यति धेरै राजा हुन सम्भव छैन। चिर शान्ति रहेका अवस्थामा पनि एक वंशमा ६।७ राजा भए पछि त्यो वंश टुट्ने गरेको प्राय: देखिन्छ। यस कारणले यी ३२ राजाहरू ५।६ वंशका होलान्। ई० सं० १०० का का आसपासमा[4] नेपारहरूको

---

३. विक्रमसंवत् प्रारम्भ हुनुभन्दा ४०० वर्ष जतिपहिले। ४.वि०सं० १०० को आसपासमा।

राज्य टुट्यो । पाँच सय वर्षसम्म कायम रहेका यस नेपार राज्यको राजनीतिक वृत्तान्त केही पनि पाइँदैन ।

४। वाग्वती नदीका सिरानको शिवपुरी र चन्दागिरि तथा साँगा र भीमढुङ्गाका चार भञ्ज्याङ-भित्रको ब्याँसी नेपार जातको वासस्थान थियो । यो प्रदेश उस समयमा अचेलको भन्दा ठण्डा थियो । आधाभन्दा कम भाग आवादी र ज्यादा भाग जङगल रहेको थियो । आग्नेयदेशी जातिको एक शाखा हुनाले नेपारहरूको रङगरूप मङ्गोलक थियो । संयुक्ताक्षर भएको आग्नेयदेशी भाषासमुदायको एउटा क्षुद्र बोली बोल्दथे । लेख्न जान्दैनथे । धर्मका नाममा स्थानीय देवताहरूलाई मान्दथे । अनिष्टनिवारण र इष्टसिद्धिका निमित्त पशु र पक्षीको बलि गर्दथे । आफ्नो जमातबाट धर्मगुरु छान्दथे । औषधिमा जडीबूटीको प्रयोग गर्दथे । मकै कोदो आदिको खेती गर्दथे । तर मुख्य आहार मासु थियो । ज्यादा गरी मासुका निमित्त भैंसी पाल्दथे । तिरहुतपट्टि घिउ निकासी हुन लागेपछि दूधको पनि उपयोग गर्दथे । गाई शायद पाल्दैनथे । घरैया पशुमा मुख्य भेंडा र सुँगुर पाल्दथे । भेंडाका ऊनबाट सूत काती छोटामोटा तानबाट काम्लो बुन्दथे । कालो रङग पनि तयार गर्दथे । यस जातले बनाएका पानी नछिर्ने आठ पाटे काला काम्लाको प्रचार उस समयका उत्तर भारतवर्षका राजधानी पाटलीपुत्र (पटना) सम्म पुगेको थियो ।

५। मगधमा शिशुनागवंशपछि नन्दवंश र नन्दवंशपछि मौर्यवंशको स्थापना भयो । पहिला तीन मौर्य सम्राट् चन्द्रगुप्त, बिन्दुसार र अशोकले बडा विजेता भएर लगभग समग्र भारतवर्षमा मौर्यवंशको साम्राज्य कायम गरे । यी मौर्य सम्राट्हरूका दृष्टिमा जङगलका बीचको सानो नेपाल राज्य क्षुद्र सम्झेर छोडिदिएका थिए । अशोकले सैन्यबलले देशविजय गर्ने नीति छोडी बौद्ध धर्मका प्रचारले सभ्यताद्वारा देशहरूलाई आफ्नो प्रभावमा ल्याउने नीति लिए । यस नीतिअनुसार यिनले बौद्धका तीर्थहरू घुम्दा बुद्धको जन्मस्थान रुमीनमा पनि आएर बडो शिलास्तम्भ राखिदिए (ई० सं० पू० २४८[5]) । यिनका धर्मदूतहरू भारतवर्षका कुना-कुनासम्म र बर्मा तथा पश्चिमका यवन राज्यहरूमा पनि पुगे । यिनैका उद्योगले गर्दा गौतम बुद्धले खडा गरेको सानो बौद्ध सम्प्रदाय विशाल बौद्ध धर्मका रूपमा परिणत भयो । तर यिनले हिमालयपट्टि धर्म प्रचार गर्न मज्झिमका टोलीलाई आफ्ना अन्तिम समयमा पठाएका हुनाले यिनी राजसिंहासनबाट उतारिएका समय (ई०सं०पू० २३६[6]) भन्दा दुइ चार वर्षअगाडि वा पछाडि नेपालमा आइपुगे । नेपारहरूले यो धर्म आदरपूर्वक लिए । तर यिनका छिमेकमा रहेका मगर, मुर्मी, स्यार्पा र थामीका पुर्खाहरूले भने यसको अनादर गरे ।

६। बुद्धले मन, वचन, शरीर र कर्मलाई शुद्ध राख्ने सदाचारका उपदेश दिई अनीश्वरवाद र अहिंसालाई मुख्य गराई बौद्ध धर्मको जग बसालेका थिए । नेपारहरू सदाचारको अर्थ बुझ्न सक्तथे, तर पालन गर्न कठिन थियो । तैपनि भरसक पालन गरे । अनीश्वरवादको तत्त्व सम्झन कठिन थिएन । तर परम्परादेखि चलिआएको देवतावादलाई अन्तःकरणबाट हटाउन र हिंसा त्याग गर्न महाकठिन थियो ।

---

५. विक्रमसंवत् प्रारम्भ हुनुभन्दा १९० वर्षपहिले । ६. विक्रमसंवत् प्रारम्भ हुनुभन्दा १७८ वर्षपहिले ।

तैपनि देवतावादलाई भरसक हटाउँदै गए । तर पशुहिंसालाई हटाउन असाध्य भयो र कायमै राखें । बुद्धले अन्तिम समयमा बनेलको मासु खाँदा अजीर्ण भई यस संसारलाई छोडेका थिए । यस कारणले भारतीय बौद्धहरूले बनेल सुँगुरलाई त्याग गरेका हुनाले नेपारहरूले पनि छोडिदिए । किराँत राजाहरूले नै पहिलें यो धर्म लिएका थिए । राजाहरू अघि नसरेका भए चाँडै नै यो धर्म फैलिन सक्ने थिएन । दोस्रा पुस्तामा नेपारहरू पक्का बौद्ध बनेका हुनाले उस समयका राजधानीमा अचेलका ललितपुरमा पाँचओटा स्तूप वा चैत्य बने । ढिस्काका रूपमा यी स्तूप आजसम्म खडै छन्, जो भूलले अशोकका स्तूप भनिन्छन् ।

७। नेपालमा आएका बौद्ध धर्मका प्रचारकहरू प्रायः भिक्षु (संन्यासी जस्ता) हुन्थे । ब्रह्मचर्यको पालन गर्नु यिनीहरूका सदाचारको नियम थियो । जवानी अवस्थामा नै गृहस्थी छोडी भिक्षु हुन सक्ने र भिक्षुबाट फेरि गृहस्थ पनि बन्न सक्ने नियम बुद्धले गरिदिएका थिए । यो अधिकार जनानालाई पनि मिलेको थियो । नेपालका दुर्गम स्थानमा प्रायः जवान भिक्षुणीहरू मात्र आउन सक्तथे । यसरी भिक्षु भिक्षुणीहरू आउने सिलसिला ई०सं०पू० १८७[7] सम्म जारी रह्यो । त्यस सालमा पुष्यमित्र शुङ्गले मौर्य राजवंशलाई उखेली नयाँ राजवंशको जग बसालेर बौद्धहरूको खेदो गर्दा धेरै भिक्षु भिक्षुणीहरू मधेसतिरबाट नेपालमा आए । जवान भिक्षु वा भिक्षुणीलाई ब्रह्मचर्यको पालन गर्नु प्रकृतिका नियमको विपरीत थियो । यस कारणले यी भिक्षु भिक्षुणीहरू नेपारहरूसँग घोलिएर मिल्दै आग्नेयदेशी रक्तमा आर्यरक्त मिसाउँदै गए । वर्णसङ्कर भएपछि नेपारहरूको रङरूप सुन्दर हुँदै आयो । तर यी भिक्षु भिक्षुणीहरू साना साना टोलीमा आएका हुनाले आफ्नो बोली नेपारहरूमा फैलाउन नसकी नेपारहरूकै बोली व्यवहार गर्न थाले । यस कारणले थारूहरूले आफ्ना बोली भुले झैं नेपारहरूले भुलेनन् । तर आर्य-भाषाको प्रभाव पर्दा यस बोलीबाट आग्नेयदेशी लक्षण उडेको हुनाले भोट–बर्मीली जस्तो देखिन लाग्यो ।

८। बौद्ध धर्मद्वारा भारतीय आर्यहरूसँग नेपारहरूको ज्यादा हेलमेल बढ्दा सामाजिक र धार्मिक व्यवस्थामा मात्र होइन, आर्थिक व्यवस्थामा पनि ज्यादा परिवर्तन भयो । अगाडि काठका छाप्रामा बसेका गाउँहरूमा पाका ईंट झिँङ्टीका घर बन्न लागे । राजधानी रहेका ठाउँमा अचेलका ललितपुरमा पक्की इमारत बन्दै एक शहरको जग बस्यो । ऊनी कपडा र भाङ्ग्रो मात्र पहिरने नेपारहरू रुवाका कपडा पनि व्यवहार गर्न लागे । मधेसमा पैदा हुने अनाज र फलफूलहरू यहाँका शहर र गाउँका आसपासमा रोपिन लागे । धानको खेती शुरू भयो । फलामका खानि चलती भई लडाइँ र खेतीका हतियार बन्न थाले । तामा र अरू धातुका भाँडाबर्तन व्यवहार हुन लागे । ऊनी कपडाबाहेक जरीबूटी पनि निकासी हुन लागे । तर धनु काँड र माटाका भाँडाको व्यवहार ज्यादा घटेको थिएन । यस समयसम्म नेपारहरू कपाल खौरदैंनथे । राजकुलका मानिस मात्र सुन चाँदीका गहना लाउँथे ।

९। यो किराँत राज्यको बिस्तार २५० वर्गमाइल[8] भन्दा ज्यादा थिएन । पहाडखण्डका बीचमा रहेको यो सानो राज्य भविष्यका ठूला राज्यको जग बन्यो । यसदेखि पूर्व पश्चिमपट्टि गरी अरू ६ रियासत

७. विक्रमसंवत् प्रारम्भ हुनुभन्दा १२९ वर्षपहिले । ८.४८ वर्गकोस ।

पनि आग्नेयदेशी जनताका आबादीमा खडा भएका थिए । तर यिनमा बौद्ध धर्मको प्रचार हुन नसकेको हुनाले यिनीहरूको राजनैतिक वृत्तान्त कहीं पाइँदैन । नेपारहरूका राज्यमा जो आर्थिक सुधार भएको थियो, त्यसबाट यी रियासतहरूमा पनि थोरबहुत सुधार हुनु स्वाभाविक छ ।

१०। नेपालका केन्द्रस्थलमा किराँत राज्य स्थापना भइरहेका समयमा अथवा केही पहिलेदेखि खसाँतमा कोशल वा वर्तमान अवध प्रदेशबाट ब्राह्मणहरूको र बौद्धहरूको आवतजावत हुन लागेको थियो । खसहरूका बस्तीको सिलसिला कुमाउ गढवालतिर पनि एकनाससँग गएको हुनाले त्यहाँ पनि कोशलका सभ्यताको प्रभाव परी छोटामोटा खसहरूका रियासत खडा भएका थिए । यस समयसम्म यी खसहरू लामो कपाल पालिराख्दथे । यसै कारणले यिनलाई गङ्गा-जमुनाप्रदेशका सभ्य आर्यहरू संस्कारहीन भएका क्षत्रियमा गन्दथे ।

——

(अरू पछि)

-○-

# वि०सं० १६९२ देखि वि०सं० १७९६ सम्ममा गोरखामा सारिएका ५ वटा पुस्तकका अप्रकाशित पुष्पिकावाक्य

—दिनेशराज पन्त

(१ सङ्ख्य )

इति श्रीस्कंदपुराणे हिमवत्खंडे शिवप्रोक्तं ईश्वरसहस्रनामस्तोत्रं संपूर्णं ॥ ॥
श्रीशाके १५५७ फाल्गुनवदि १४ गुरौ लिखितं श्रीमदनंतशर्मणा डंबरसाहिपाठार्थमिति ॥ ॥
(वीरपुस्तकालय तेस्रो ६५ सङ्ख्याको ईश्वरसहस्रनामस्तोत्रबाट)

[श्रीस्कन्दपुराणको हिमवत्खण्डमा शिवजीले बताएको ईश्वरसहस्रनामस्तोत्र सिद्धियो ।

श्रीशाके १५५७ (वि०सं० १६९२) फाल्गुनकृष्ण चतुर्दशी बृहस्पतिवारमा श्रीअनन्त शर्माले डम्बर शाहलाई पाठ गर्नको लागि सारिसिद्धयाए ।

यस दिनको गणना यस प्रकारको छ–

शाके १५५७(वि०सं० १६९२) फाल्गुनकृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| फाल्गुन | २९ | बृहस्पति | चतुर्दशी | २७। | ४६ |

यी अनन्त शर्मा ज्योतिषी थिए । यिनले डम्बर शाहका लागि अरू २ वटा पुस्तक पनि सारेका थिए–

(१) वि.सं. १६९२ माघ १५ गते सारिसिद्धयाएको स्कन्दपुराणको काशीखण्डान्तर्गत गङ्गासहस्रनामस्तोत्र[1] ।

(२) वि.सं. १६९३ मार्ग १० गते सारिसिद्धयाएको स्कन्दपुराणको ब्रह्मोत्तरखण्डान्तर्गत प्रदोषशिवपूजाविधि[2] ।

( २ सङ्ख्या )

इति कालिकापूजाविधिः पटलः ।।
शूभमस्तु लेखकपूजकयोः ।।

लिषितं काशिनाथेन सामवेदसुपाटिना ।। गोर्षाग्रामभूपालं रक्षतुः कालिका सदा ।।
एकातपत्री भूयाच्च राजराजेश्वरेति च ।। धनवृद्धिश्च भूर्वृद्धि करोतु कालिका सदा ।। ।। ।।
श्रीशाके १५५८ समये चैत्रवदि ११ बुधे धनिष्टानक्षत्रे मैत्रयोगे डमरशाहीस्यार्थे लिषितमिदं पुस्तकं

(वीरपुस्तकालय पहिलो २९ सङ्ख्याको कालिकापूजाविधिबाट)

[कालिकापूजाविधि सिद्धियो ।
सार्ने र पूजा गर्नेको कल्याण होस् ।
राम्ररी सामवेद पढेका काशीनाथले सारिसिद्धयाए ।
कालिकाले गोरखाग्रामका राजालाई सधैं रक्षा गरून् ।
गोरखाका राजाको एकच्छत्र शासन होओस्, उनी राजाहरूका पनि राजा होऊन् ।
कालिकाले गोरखाका राजाको ऐश्वर्य पनि बढाइदिऊन्, राज्य पनि बढाइदिऊन् ।
शाके १५५८ (वि०सं० १६९२) चैत्रकृष्ण एकादशी बुधबार धनिष्ठानक्षत्र मैत्रयोगमा डम्बर शाहको लागि यो पुस्तक सारिसिद्धयाइयो ।]

यस दिनको गणना यस प्रकारको छ–

शाके १५५८ (वि.सं. १६९२) चैत्रकृष्ण (पूर्णान्तमानले)

| गते | वार | तिथि | घडी | पला | नक्षत्र | घडी | पला | आनन्दादि योग |
|---|---|---|---|---|---|---|---|---|
| चैत्र २६ | बुध | एकादशी | ५। | ४७ | धनिष्ठा | ६। | ६ | मैत्र |

१. पिताजी नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य, दिनेशराज पन्तको श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ५९४ पृ.।

२. श्री ५ पृथ्वीनारायण शाहको उपदेश वक्तव्य, विषयसूची, शुद्धिपत्र तथा टिप्पणीको ८२ पृ. ।

(३ सङ्ख्या)

इति श्रीशिवपुराणे केदारकल्पे साधककैलाशवासो नामाष्टमोध्यायः ॥ ॥ ...

सप्तर्त्तु बाणचंद्रे ब्दे पौषमासे भृगोर्द्दिने । अलेखि हरिकेशेन सूरिणा कल्पपुस्तकं ॥ ...

श्रीमड्डंबरसाहीयं रम्यं केदारकल्पकं ॥ लोकान्नयतु दुःखाब्धौ पतितान् शिवसन्निधिं ॥

(वीरपुस्तकालय तेस्रो ७१ सङ्ख्याको केदारकल्पबाट)

[श्रीशिवपुराणको केदारकल्पमा साधककैलाशवास नाउँको आठौं अध्याय सिद्धियो ।

शाके १५६७ (वि०सं०१७०२) पौष महीनामा शुक्रवारमा विद्वान् हरिकेशले कल्पको पुस्तक सारिसिद्धयाए ।

श्रीडम्बर शाहको राम्रो केदारकल्पले दुःखरूपी समुद्रमा परेका दुनियाँहरूलाई शिवजीको नगीचमा पुऱ्याओस् ।]

यी हरिकेशले सारेको भविष्यपुराणान्तर्गत सूर्यसहस्रनामस्तोत्र पाइएको छ । अप्रकाशित सो उद्धरण यस्तो दिइन्छ –

इति श्रीभविष्यपुराणे श्रीसूर्य्यसहस्रनामस्तोत्रं समाप्तं ॥ ॥ ॥

श्रीशाके १५५८ समये वैशाषवदि ५ लिखितं हरिकेशनाम्ना ॥ ॥

(वीरपुस्तकालय तेस्रो ७८ सङ्ख्याको सूर्यसहस्रनामस्तोत्रबाट)

[श्रीभविष्यपुराणमा श्रीसूर्यसहस्रनामस्तोत्र सिद्धियो ।

श्रीशाके १५५८ (वि०सं० १६९३) वैशाखकृष्ण पञ्चमीमा3 हरिकेशले सारिसिद्धयाए ।]

(४ सङ्ख्या)

इति श्रीगोर्षाधीशसेवकलक्ष्मीश्वरविरचितं गोरक्षभुजंगप्रयाताष्ठकस्तोत्रं समाप्तं ...

श्रीशाके १६५२ मासे भाद्रदिन ३० तिथौ ३० वासरे भौम ॥ लिखितं लक्ष्मीनारायणज्योतिर्विदा

(वीरपुस्तकालय तेस्रो ७० सङ्ख्याको गोरक्षभुजङ्गप्रयाताष्टकस्तोत्रबाट)

[गोरखाका राजाका सेवक लक्ष्मीश्वरले बनाएको गोरक्षभुजङ्गप्रयाताष्टकस्तोत्र सिद्धियो ।

शाके १६५२(वि०सं०१७८७) भाद्र ३० गते औंसी तिथि मङ्गलवारमा ज्योतिषी लक्ष्मीनारायणले सारिसिद्धयाए ।]

---

३.यस दिनको गणना यस प्रकार छ–

शाके १५५८ (वि० सं० १६९३) वैशाखकृष्ण (पूर्णान्तिमानले)

| गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|
| वैशाख १९ | शुक्र | पञ्चमी | ३८ । | १४ |

यस दिनको गणना यस प्रकारको छ–

शाके १६५२ (वि०सं० १७८७) अधिकभाद्रकृष्ण

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| भाद्र | ३१ | मङ्गल | औंसी | २३। | ३१ |

मूल पुस्तकमा भाद्र ३० गते लेखिएको छ। तर यो दिन ३१ गते पर्छ, ३० गते पर्दैन।

यी लक्ष्मीनारायणले वि.सं. १७८३ श्रावण ४ गते सारिसिद्धयाएको गीतगोविन्द पाइएको छ[4]।

यहाँ सौरदिवस (गते) दिइएको छ।

ऐ०शि० बाबुराम आचार्यले श्री ५ बडामहाराजाधिज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी पहिलो भागको एक दुइ कुरामा

सम्वत् १९६० देखि राष्ट्रिय मास गराएर चालू चरिएको नाक्षत्रिक सौरमास

भनी लेख्नुभएको छ।

यसको प्रतिवाद गर्दै पिताजी नयराज पन्तले पूर्णिमा १५ अङ्कको २७३ पृष्ठमा

तपाईंले जो लेख्नुभयो, सो कुरा अर्धसत्य हो। किनभने अड्डाखानामा त्यसभन्दा अघि शुदि वदि लेख्ने चलन थियो तापनि यो महीनाको यति दिन जाँदा भन्ने चलन पनि अघिदेखि नै थियो।

भनी लेखेर वि०सं० १७६९ देखिको मात्र उदाहरण दिनुभएको थियो।

अहिले राष्ट्रिय अभिलेखालयमा अन्वेषण गर्दा वि०सं० १७११ मा सारिएको युधिष्ठिरयज्ञमा पनि गते लेखिएको पाइयो[5]। अप्रकाशित सो उद्धरण तल दिइन्छ–

४. श्री ५ पृथ्वीनारायण शाहको उपदेश वक्तव्य, विषयसूची, शुद्धिपत्र तथा टिप्पणीका ८८–८९पृ.।

५. पालवंशी राजा मदनपालदेवको पालामा वि०सं० १२१५ मा सारिएको क्रियाकाण्डक्रमावलि राष्ट्रिय अभिलेखालयमा छ। त्यहाँ पनि गतेको उल्लेख छ–

परेमेश्वरपरभट्टारक[1]महाराजाधिराजश्रीम न्मदनपालदेवस्य प्रवर्द्धमाने[3] विजयराज्ये सप्तमे सम्वत्सरे अभिलि ।। ।। ख्यमाने यत्राङ्केनापि सम्वत् ७[4] सूर्यगत्या अग्रहणदिने[5] १९ भगवत्पादपण्डितशैवाचार्य-श्रीकुमारगणेन[6] लिखापितोयं[7] शैवागमः सोमशम्भुनामेति ।।...

ईशाननामा शिवतुल्यधामा तस्यापि शिष्यो विमलेष[8]नामा ।

तस्यापि शिष्योस्त्रशिवः शिवात्मा शिष्योभवद्यस्य स सोमशम्भुः[9] ।।

यो गोलगीस्थानकृताधिपत्योधिकचक्रवाको तु गीतकीर्तिः।।

१.वीरपुस्तकालय–परमेश्वररपरमभट्टारक । रेग्मी–परमेश्वर परमभट्टारक । २.रेग्मी–श्रीमद्।३.रेग्मी–अवर्धमान । ४.रेग्मी–यात्राङ्के ७। ५.रेग्मी–अगहन दिने । ६.रेग्मी–श्रीकुमारस्गनेन । ७. रेग्मी-लिखापित । ८.वी.पु.–विमलेश । ९.वी.पु.–मोगशम्भुः ।

इति श्रीमहाभारते सत्यसहश्रसंहितायां अश्वमेधधर्म्मं युधिष्टिरयज्ञ समाप्तं ॥...

श्रीशाके ॥ १५७६ ॥... १७११ बुधवासरे दिनगता १६ तिथै सप्तमि श्रीआसाढमास पुस्तकं लिषितं सद्‌गजगिरिके सुत जगनाथ गिरि गोसाइं रामदत पुण्यात्माके वाका...दुधकोसिके निकिटे लिषितं चिसंपुग्रामे पठनांत्रर्थे जगनाथ गिरि गोसाइं ...

(वीरपुस्तकालय पहिलो ५९५ सङ्ख्याको युधिष्ठिरयज्ञबाट)

[एक लाख ग्रन्थ भएको महाभारतको अश्वमेधपर्वमा धर्मयुधिष्ठिरयज्ञ सिद्धियो। श्रीशाके १५७६ वि० सं० १७११ आषाढ १६ गते सप्तमी तिथि बुधवारमा[6] दूधकोसीको नगीचमा

शिवागमज्ञोमरविन्दवन्द्यश्चक्रे क्रियाकाण्डपदक्रमावलीम् ।...
श्रीविक्रमार्क[10]नृपकालसमुद्भवेषु पञ्चाहतत्रिषु गतेषु शरच्छतेषु ।
एकादशश्च[11] मम शास्त्रमिदं समाप्तम् ॥ ॥

[वीरपुस्तकालय पहिलो ७७२ सङ्ख्याको क्रियाकाण्डक्रमावलिबाट। यो उद्धरणको सम्पूर्ण भाग वीरपुस्तकालयद्वारा सम्पादित नेपालराजकीयवीरपुस्तकालयस्थपुस्तकानाम् बृहत् सूचीपत्रम् (नेपाल राजकीय वीरपुस्तकालयमा रहेका पुस्तकहरूको बृहत् सूचीपत्र) को चारौं भागको पहिलो खण्डका ९४–९५ पृष्ठमा छापिएको छ। पछि डिल्लीरमण रेग्मीको मेडिईभल् नेपाल् (नेपालको मध्यकालको इतिहास) को पहिलो भागको १४८ पृष्ठमा सो सूचीपत्रमा भन्दा थोरै भाग अशुद्ध रूपमा छापिएको छ। पुस्तकसँग मूल रुजु गरी यहाँ यो पाठ दिइएको छ।]

[परमेश्वर परमभट्टारक महाराजाधिराज श्रीमदनपालदेवको राज्यारोहणदेखिको सातौं वर्षमा सौरमानले मार्ग १९ गते श्रीमान् पण्डित शैवाचार्य श्रीकुमारगणले सोमशम्भुलाई शैवशास्त्र सार्न लाउनुभयो।

शिवजी जस्तै तेजिला श्रीईशान हुनुभयो। उहाँका चेला विमलेश हुनुभयो। उहाँका चेला शिवजी जस्तै अस्त्रशिव हुनुभयो। उहाँका चेला सोमशम्भु भए।

गोलगीनामक स्थानका अधिपति... शैवशास्त्रज्ञ... सोमशम्भुले क्रियाकाण्डपदक्रमावलि....।

पाँचले गुनिएको तीन, एक सय, फेरि एघार (सय) अर्थात् वि०सं० १२१५ मा मेरो यो शास्त्र सिद्धियो।]

रेग्मीजीले यो ग्रन्थ वि०सं० ११३५ मा सारिएको हो भनी लेख्नुभएको छ (रेग्मी पहिलो भाग १४८ पृ.)।

६. यस दिनको गणना यस प्रकारको छ –

वि० सं० १७११ आषाढशुक्ल

| गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|
| आषाढ १६ | बुध | दशमी | २८। | ३२ |

मूल पुस्तकमा आषाढ १६ गते सप्तमी तिथि बुधवार लेखिएको छ। तर आषाढ १६ गते बुधवारको दिन दशमी पर्छ, सप्तमी पर्दैन।

१०.रेग्मी–श्री विक्रमाङ्क। ११.रेग्मी–एकादशशेह।

रहेको चिसङखु गाउँमा सद्गज गिरीका छोरा जगन्नाथ गिरी गोसाईंले पुण्यात्मा रामदत्तको लागि सारिसिद्धयाए ।]

विं०सं० १७३३ मा सारिएको षट्पञ्चाशिकामा पनि गते दिइएको छ–

इति षट्पंचाशिकाविवरणं समाप्तं ॥

शाके १५९८ मार्गसिर्षमासे दिनगता १७ गुरुवासरे लिषितं गिरिधरदुत

[वीरपुस्तकालय तेस्रो १९५ सङ्ख्याको षट्पञ्चाशिकाबाट । यो वाक्य अन्त छापिएको छैन । वीरपुस्तकालयद्वारा सम्पादित नेपालराजकीयवीरपुस्तकालयस्थहस्तलिखितपुस्तकानाम् बृहत्सूचीपत्रम् (नेपाल राजकीय वीरपुस्तकालयमा रहेका हस्तलिखित पुस्तकहरूको बृहत् सूचीपत्र)को पहिलो भागको २१२ पृष्ठमा यस पुस्तकको उल्लेख गरी शाके संवत् १५९८ मात्र छापिएको छ, वाक्यचाहिं छापिएको छैन ।]

[षट्पञ्चाशिकाविवरण सिद्धियो ।

शाके १५९८ (विं०सं०१७३३) मार्ग १७ गते वृहस्पतिवारमा7 गिरिधरले सारिसिद्धयाए ।]

(५ सङ्ख्या)

इति पुरुषोत्तमदेवकृतः शब्दभेदप्रकाशः समाप्तः ॥ ॥ ॥ ॥

श्रीशाके १६६१ मासे चैत्रदिन २४ गते तिथौ ६ वारे ७ नक्षत्रे ५ लिखितं श्रीसत्यधरशर्मणा सुधिया गोर्षानगर्यां धर्मनद्यास्तटे ॥ ॥

(वीरपुस्तकालय चौथो ७३५ सङ्ख्याको शब्दभेदप्रकाशबाट)

[पुरुषोत्तमदेवले बनाएको शब्दभेदप्रकाश सिद्धियो ।

श्रीशाके १६६१ (विं०सं० १७९६) चैत्र २४ गते षष्ठी तिथि शनिवार मृगशिरा नक्षत्रमा विद्वान् श्रीसत्यधर शर्माले गोरखा शहरमा धर्मनदीको किनारामा सारिसिद्धयाए ।]

यस दिनको गणना यस प्रकारको छ–

शाके १६६१ (विं०सं० १७९६) चैत्रशुक्ल

| | गते | वार | तिथि | घडी | पला | नक्षत्र | घडी | पला |
|---|---|---|---|---|---|---|---|---|
| चैत्र | २४ | शनैश्चर | षष्ठी | ३१। | ५४ | मृगशिरा | ३७। | ५७ |

७. यस दिनको गणना यस प्रकारको छ–

शाके १५९८ (विं०सं० १७३३) मार्गकृष्ण (पूर्णान्तिमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| मार्ग | १७ | वृहस्पति | षष्ठी | ४३। | ३९ |

श्री ५ बडामहाराज पृथ्वीनारायणशाहको जीवनीमा सत्यधरसहित ३ जना पण्डितले पृथ्वीनारायणलाई याज्ञवल्क्यस्मृतिको व्यवहाराध्याय सुनाएको वर्णन परेको छ–

वाहाँदेषिन् सत्यधर जोसी गोविंद जोसि अर्ज्याल गिताराम पण्डित इति सकलले सल्लाह गरी विवाहराध्याय श्री ५ महाराजा पृथ्वीनारायण शाहलाई सुनाउँदा भया ।

(श्री ५ पृथ्वीनारायण शाहको उपदेशको १२३१ पृ.)

सत्यधर अर्ज्यालका छोरा चक्रपाणि अर्ज्यालले ज्यौतिषविषयका धेरै ग्रन्थ बनाएका छन् । ती ग्रन्थमध्ये दुइ तीनवटामा चक्रपाणिले म सत्यधरको छोरा हुँ भनी लेखेका छन्–

चक्रपाणिरिति सत्यधरस्य ख्यात आत्मज इहाच्युतभक्तः।
प्रार्थितः स कुरुते बहुशिष्यैः प्रश्नतत्त्वमतिलाघवमाद्यम् ॥२॥

(विष्णुप्रसाद भण्डारीद्वारा सम्पादित प्रश्नतत्त्वको १ पृ.)

[सत्यधरका छोरा, विष्णुका भक्त चक्रपाणि चेलाहरूको प्रार्थना सुनेर ज्यादै छोटकरीमा प्रश्नतत्त्व बनाउँछन् ।]

इति श्रीमत्सत्यधरपण्डितात्मजश्रीचक्रपाणिविरचितो जातकेन्दुः समाप्तिमफाणीत् ॥ ॥

[वीरपुस्तकालय पहिलो १५३८ सङ्ख्याको जातकेन्दुबाट । वीरपुस्तकालयद्वारा सम्पादित नेपालराजकीयवीरपुस्तकालयस्थहस्तलिखितपुस्तकानाम् बृहत्सूचीपत्रम्को पहिलो भागको ७२ पृष्ठमा यो उद्धरण छापिएको छ । मूल पुस्तकसँग रुजु गरी यहाँ यो पाठ दिइएको छ ।]

[श्रीसत्यधर पण्डितका छोरा श्रीचक्रपाणिले रचना गरेको जातकेन्दु सिद्धियो ।]

इति श्रीसत्यधरपंडितात्मज[8]श्रीचक्रपाणिविरचितं[9] ग्रहणतत्वं परिपूर्णम् ॥ ॥

[राष्ट्रियपुस्तकालय २९४२ सङ्ख्याको ग्रहणतत्त्वबाट । यो उद्धरण देवीप्रसाद लम्सालद्वारा सम्पादित नेपालराष्ट्रियपुस्तकालयस्थहस्तलिखितपुस्तकानाम् सूचीपत्रम् (नेपाल राष्ट्रियपुस्तकालयमा रहेका हस्तलिखित पुस्तकहरूको सूचीपत्र)को दोस्रो भागको ६४ पृष्ठमा छापिएको छ । मूल पुस्तकसँग रुजु गरी यहाँ यो पाठ दिइएको छ ।]

[श्रीसत्यधर पण्डितका छोरा श्रीचक्रपाणिले रचना गरेको ग्रहणतत्त्व पूर्ण भयो ।]

सत्यधरका नाति, चक्रपाणिका छोरा वैयाकरणकेशरीले श्री ५ प्रतापसिंह शाहबाट काशीमा बसेर पढ्नको लागि वृत्ति पाएका थिए । यो कुरा तलको पत्रबाट बुझिन्छ–

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेप्रतापसिंहसाहबहादूर्सम्सेर्जङदेवानाम् सदा समरविजयिनाम्

आगे सत्यधर पण्डितका नाति चक्रपाणि पण्डितका पुत्र वैयाकरणकेशरीके श्रीकाशी बसि

---

८.लम्साल–श्रीमत्यधरपण्डितात्मज । ९.विरचित ।

षन्हन्ज्यासम्म वर्षासन् रुपैयाँ पचास् ५० मोहर गरिबक्स्यौं. आपना षातिरजामासँग वर्षासन षाउ. अहोरात्र मिहिनत् गरि पन्ह. प्रतिदिन हाम्रो सुभ चिन्तना गरि आसिर्वाद दिन्या गर.

इति सम्वत् १८३२ साल मकरशुदि १३ रोज[10] शुभम्

मार्फत् बेवान सरूपसिह

(योगी नरहरिनाथद्वारा सम्पादित इतिहास–प्रकाश पहिलो अङ्को ८१ पृ.)

सत्यधरको वंश पछिसम्म राजपुरोहितको रूपमा रहेको थियो[11]।

मूल पुस्तकमा लेखिएको धर्मनदी दरौंदी नदी जस्तो देखिन्छ।

राजपुरोहित शक्तिवल्लभ अर्ज्यालको जयरत्नाकरनाटकको दशम कल्लोलमा सपत्नीक श्री ५ पृथ्वीनारायण शाहले धर्मद्रवा नदी (दरौंदी)को तीरमा शिवलिङ्ग स्थापना गरेको वर्णन परेको छ–

धर्मद्रवानदीतीरेभीष्टदं शिवलिङ्गं संस्थाप्य सपत्नीको राजा शिवलिङ्गमाराधयामास।

[दरौंदी नदीको तीरमा इच्छा पूरा गरिदिने शिवलिङ्ग स्थापना गरी सपत्नीक पृथ्वीनारायण शाहले शिवलिङ्गको आराधना गर्नुभयो।]

(धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालद्वारा सम्पादित जयरत्नाकरनाटकका १५२, २४२ पृ.)

o–o–o

# श्री ५ सुरेन्द्रविक्रम शाहको जुवाविषयको ताम्रपत्र

– रामजी तेवारी

श्री ५ पृथ्वीनारायण शाहको वि०सं० १८२६को वसन्तपुरको अभिलेखमा "जुवामा लहसिएका, सुती सुती दिन काट्ने, आइमाईमा भुलेका, दान नगर्ने, लडाइँभिडाइँबाट हटेका राजाहरू के जतातत पाइँदैनन् र ? पृथ्वीनारायणले आफ्नो राज्यभर जुवा बन्द गरिसक्नुभएको छ[1]" भनी लेखिएकोले तात्कालिक

---

१०. यस दिनको गणना यस प्रकारको छ–

वि० सं० १८३२ माघशुक्ल

| गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|
| माघ २३ | शुक्र | त्रयोदशी | २३। | ७ |

११. इतिहास–प्रकाश पहिलो अङ्कका ७५,८०–८१,१३६ पृष्ठ।

चित्तरञ्जन नेपालीको श्री ५ रणबहादुर शाहको १२० पृष्ठ।

१. पूर्णिमा २४ अङ्कमा छापिएको दिनेशराज पन्तको स्वामी महाराज रणबहादुर शाहको वि०सं० १८६२ को बन्दोबस्त भन्ने निबन्ध, सो अङ्कको २६२ पृष्ठ।

नेपालमा जुवाले कति जरो गाडेको थियो तथा पृथ्वीनारायण शाहले आफ्नो राज्यमा जुवा खेल्ने प्रथा बन्द गराएका थिए भन्ने बुझिन्छ।

श्री ५ गीर्वाणयुद्धविक्रम शाहलाई राजगद्दीमा राख्ने वेलामा वि० सं० १८५५ मा श्री ५ रणबहादुर शाहले गरेको ताम्रपत्रमा "जुवा नषेलनु - जुवा षेल्या... हात काटनु. गुह्य पुवाउनु. हुस तुल्याई गदाहामा चह्राइ देस फिराइ निकाला गर्नु[2] " भनी लेखिएकोले र काशीबाट फर्केपछि वि० सं० १८६२ मा स्वामी महाराज रणबहादुर शाहले बाँधेको व्यवस्थामा "६० सालदेखि वढो... जुवा षेलन्यालाई कायल मुकाएल गरि अघि डंड गन्याबाहिक अरुलाइ डंड गर्नु. आजउप्रान्त षेलन्या... लाई जातअनुसार जीय सासना होला भनि अदल फिराईदिनु[3] " भनी लेखिएकोले रणबहादुर शाह पनि जुवाका कट्टर विरोधी थिए तथा तात्कालिक नेपालमा जुवा खेल्ने व्यसन कायमै थियो भन्ने बुझिन्छ।

तात्कालिक कवि सुन्दरानन्द बाँडाले आफ्नो त्रिरत्न-सौन्दर्य-गाथामा रणबहादुर शाह नेपाल छोडी काशी गएको वेलामा (वि० सं० १८५७ मा) भारादार र दुनियाँहरूले जुवा खेली दिन बिताउन लागे[4] भनी लेखेकाले पनि नेपालीहरूलाई जुवाको लत निकै लागेको थियो भन्ने बुझिन्छ।

श्री ३ जङ्गबहादुरको पालामा नेपालस्थित अङ्ग्रेजी दूतावासमा डाक्टर भई आएका डानियल राइटले "गोरखालीहरू गफ छाँट्छन्, जुवा खेल्छन् र भोगविलासमा भुल्छन्[5] " भनी लेखेकाले जुवा तात्कालिक नेपालीहरूका प्रमुख मनोरञ्जनमध्ये एक थियो भन्ने बुझिन्छ।

श्री ५ सुरेन्द्रविक्रम शाहको पालामा जङ्गबहादुरको प्रधानमन्त्रित्वमा वि० सं० १९१० मा[6] तयार पारिएको मुलुकी ऐनमा जुवासम्बन्धी भिन्नै महल छ[7]। त्यसबाट जुवा फुकेको वेलामा बाहेक अघिपछि जुवा खेल्न रोक्का लगाइएको कुरा बुझिन्छ [8]। खालमा रुपैयाँ पैसा नथापी मुखले मात्र यति थापें उति थापें भनी जुवा खेली पछिबाट लेनदेन गर्ने, खालमै साहूसँग सापट लिई जुवा खेल्ने र खालमा जिनिस

२.पूर्णिमा २४ अङ्कको २६३ पृ०।
३.पूर्णिमा २४ अङ्कको २६२ पृ०।
४.पूर्णिमा २४ अङ्कको २६३ पृ०।
५. पूर्णिमा १२ अङ्कमा छापिएको दाइ नयराज पन्तको जनरल केसरशमशेरको ज्योतिष–विषयको अध्ययन–मा रुचि भन्ने निबन्ध। सो अङ्कको ७९ पृष्ठ।
६. श्री ५ को सरकार कानून तथा न्यायमन्त्रालयद्वारा प्रकाशित श्री ५ सुरेन्द्र विक्रम शाहदेवका शासनकालमा बनेको मुलुकी ऐनका १–२ पृष्ठ।
७.सो ऐनका ३३६–३३९ पृष्ठ।
८.जुवा फुक्याका दिनबाहेक अगिपछि बर्जामा[1] घरमा होड दिन्या र होड हान्या दुवैलाइ बिगाको दोबर दंड गर्नु. रुपैया नतिन्या ऐनबमोजिम् कैद गर्नु.

(सो ऐनको ३३६ पृष्ठ)

१. बजार्मा हुनुपर्छ।

थाप्ने चलनमा रोक्का लगाइएको कुरा सो महलका तल उद्धृत वाक्यबाट बुझिन्छ –

३. मुषले प्वाक बोलि षेल्दा हान्र्या कराउन आयो. प्वाक बोल्याको तिर्नु पर्दैन. कहन आउन्यालाइ दंड पनि हुदैन. जितन्याले जित्याका रूपैया पाउदैन. प्वाक षेल्याबाबत् २० रूपैया दंड गर्नु. जितन्याले प्वाक षेल्यामा एति जित्या भनि कहन आयो भन्या जीत्याको रूपैया पाउदैन. दंड पनि हुदैन.

५. जुवा फुक्यापछि साहु बसि जुवा षेलायो. हान्याले[9] पनि कहन आयान. जित्न्याले पनि कहन आयेन. साहु बस्न्याले पनि कहन आयेन. च्याप्या थाप्न्या र देषन्याले पनि कहन आयेन भन्या साहु बस्न्यालाइ अंनुक्रमोजिम्को असेसर[10] छोरिको बिहाषर्च पर सारि उस्को अंस सर्वस्व गर्नु. जुवाका असामिसितका लिनु कहन्याका रूपैया पनि लिलाम गर्नु. साहुका रूपैया लि षेलि जितन्याहरूसंग जित्याका रूपैया लिलाम् गरि लि २०।२० रूपैया दंड गर्नु. उसै षालमध्येमा सापट् नलि आफ्ना गाठिका षेलन्याहरूलाइ २०।२० रूपैया दंड गर्नु. साहु बस्याको थाहा नपाइ[11] च्याप्या थाप्न्या र हेन्र्यहिरूलाई १०।१० रूपैया दंड गर्नु, साहु बस्योको थाहा नपाइ च्याप्या थापन्या र हेन्र्याहरूलाइ षतबात लाग्दैन. साहु बसि षेलायो भनि षेलन्याबाहेक अरू कसैले अदालत् ठाना अमालमा जाहेर गर्न आयो भन्या त्यो जाहेर गर्न आउन्यालाइ तेस षलमा[12] षेलन्याहरूबाट जुवाबत्मा[13] तहसिल् गर्न्याका आमदानिमध्ये सयकरा ५ रूपया दिलाइदिनु.

९. जुवा षेल्दा अर्सफि कलार पटना मोहोर पैसा फुका दाम थापि षेलन्याले षेलनु. एस्तो गरि षेलदा हान्याले[14] हान्याको[15] जितन्याले जित्याको सदर हुंछ. गहना कपडा भाडाबर्तन् जवाहेर हातहतियार गाइभैसि ज्यू गैह्र जिनिस् थापि कसैले नषेलनु. नगदबाहेक् टक नलाग्योको सुना चादि जवाहेर गैह्र जिनसी माल जित्न्याले फिर्ता गरिदिनु. जिनिस् जितन्यालाई जिनिस्का ज्माका सयकरा १० का हिसाबले दंड गर्नु. बिसौद लि माल फिराइदि टक नलाग्याको माल र जिनिस थापि षेलन्यालाइ पनि सयकरा १० का दरले दंड गरि दसैंद लि माल फिराइदिनु.

(श्री ५ सुरेन्द्र विक्रम शाहदेवका शासनकालमा बनेको मुलुकी ऐनका ३३६,३३८ पृष्ठ)

खालमा जिनिस थाप्ने, साहूसँग सापट लिई जुवा खेल्ने तथा खालमा रूपैया, पैसा नथापी सुखले मात्र यति थापें, उति थापें भनी जुवा खेली पछिबाट लेनदेन गर्ने चलनमा रोक्का लाउन जङ्ग-

---

९.हान्र्याले हुनुपर्छ ।
१०.यहाँ केही टुटेको जस्तो छ ।
११.थाहा पाइ हुनुपर्छ ।
१२.षालमा हुनुपर्छ ।
१३.जुवाबाबत्मा हुनुपर्छ ।
१४.हान्र्याले हुनुपर्छ ।
१५.हान्र्याको हुनुपर्छ ।

बहादुरले विशेष प्रयत्न गरेका थिए भन्ने कुरा हनूमान्ढोका ठानानजीकैको पाटीको तलको ताम्रपत्रबाट बुझिन्छ–

श्रीदुर्गाज्यू

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजसुरेन्द्रविक्रमसाहबहादूरसम्सेरजङ्गदेवानां सदा समरविजयिनाम्.

आगे हाम्रा भरमुलुकका चार वर्ण छत्तिसै जात गैन्हप्रति.

साहु बसि नौ दसि ब्याज षाई जुवा षेलदा षेलाउदामा र षेलमा सापटी दी षेलाउदा मुषले मात्रै बोली फोकजुवा षेलदा दुनिञा सान्है कंगाल भयाछन् भनि श्रीमद्राजकुमारकुमारात्मज श्रीप्राइम्मिनिष्टर यान् कम्यान्डर इन चीफ जनरल जङ्गबहादुर कुवर राणाजीले हाम्रा हजूरमा बिती पार्दा जाहेर भयो.

अबउप्रान्त जुवा फुकन्या चुड्की लाग्यादेषि बन्द नहुनुज्यालसम्म आफ्ना गाठीका असर्फी पटना मोहर पैसा फुका दाम थापी षेलनु. टक लाग्याबाहेक ज्यू जीमिन गहना कपडा भाडाबर्तन कमाराकमारी हातहतियार चौपाया गैन्ह जीनसि थापी नषेलनु. जीनसि थापी षेल्याको बिसहि. कसैले जीनसि थापि षेल्यो भन्या जीतन्याबाट हार्न्यालाई फिर्ता गराई जीतन्यालाई बिगाबराबर दंड गर्नु. नौ दसि ब्याज षाई साहु बसि जुवा षेलाउन्या साहुका नाउमा असामीले फेन्याद गर्न आयो भन्या तेस असामीले साहुका रुपैया तीर्नुपर्दैन, थैली भुस हुन्छ. अरु जाहेर नगर्न्या असामीसितका रुपैया अदालत ठानामा जाहाबाट फेला पर्छन्. वाहिबाट तहसिल गरि लौ तेस साहुका भाई छोरा स्वास्नीको अंस र छोरीको बीहाषर्च पर सारी तेसको अंस सर्वस्व गर्नु. षालमा सापटी दी षेलायाका रुपैयामा हार्न्या असामीले जाहेर गर्न आयो भन्या जाहेर गर्न्याले तिर्नुपर्दैन. साहुको भुस हुन्छ. जाहेर नगर्न्या असामिसितका रुपैया अदालत ठानाबाट उठाइ ली सापट् दी षेलाउन्या साहुलाई बिगाबमोजिम दंड गर्नु. रुपैया पैसा नथापी मुषले मात्रै बोली फोकजुवा षेल्याको हार्न्याले तिर्नु पर्दैन. जीतन्यालाइ बिगाबमोजिम्को आधी दंड गर्नु. साहु बसि जुवा कसैले नषेलाउनु भन्या बन्देजको तावापत्र गरिबक्स्यौं.

इति संवत् १९१२ साल मिति श्रावणशुद्धि ३ रोज ४[16] शुभम्

(नेपालको संक्षिप्त इतिहासको दोस्रो संस्करण तयार पार्न साथी शङ्करमान राजवंशी र मैले मिली सङग्रह गरेका साधनमध्येको यो हो।)

□–□

---

१६. यस दिनको गणना यस प्रकारको छ–

बि०सं० १९१२ श्रावणशुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| भाद्र | १ | बुध | तृतीया | ५९। | ८ |

(पात्रोबाट)

# भीमसेन थापा

—नयराज पन्त

अनुभूतिविहीन अस्थिर तरुना भावुक मेदिनीश्वर ।
शिशु आत्मजलाइ राज्य दी गृहिणी साथ लिई बने यति ।।१।।
योगिरूप नृपको मनलाई प्रेयसीविरह दुःसह आई ।
पार्दियो विकल, धेर अकाम, देखिए, स्थितिसमेत रहेन ।।२।।
स्वामीलाई टिक्न गाह्रो हुँदै गो, भागी काशी जान पक्का निधो भो ।
देशै छोडी भाग्यको जाँच गर्न निस्क्यौ स्वामीसाथ हे भीमसेन ।।३।।
२०२७।२।२५।१

स्वामीज्यूको हातमा राज्यशक्ति जाँदा हामीलाइ ठूलो छ भीति ।
खानादाना राजसी नै भएका स्वामीज्यू हुन् बाहिरै रल्लिएका ।।४।।
यो चिन्ताले शक्तिमान् भारदार स्वामीलाई रोक्न उद्योग धेर ।
गर्थे सोही साधनाको निमित्त राम्रो नाता जोडियो आङ्ग्लसाथ ।।५।।
नेपालीको आँत जाँच्नानिमित्त आए सोही सूत्रले आङ्ग्लदूत ।
पैसाद्वारा शक्तिमान् भारदार आफ्ना पार्ने आङ्ग्लको भो विचार ।।६।।
हाम्रो यो हो देश, हामीहरूले राजा मानी देशरक्षा सबैले ।
गर्नाले नै श्रेय हाम्रो यहाँ छ, हामीलाई स्वर्ग यल्ले दिनेछ ।।७।।
जे जस्तो होस् भित्र हाम्रो विवाद, जे जे पर्ला यो कुराबाट कष्ट ।
यो अर्कै हो बात, हामी सबैले आफ्नै सम्झी देश जोगाउने हो ।।८।।
२०२७।२।२९।५

यस्तो भित्री भावनामा अडेर त्यो वेलाका शक्तिमान् भारदार ।
चाल्थे आफ्नो नीतिलाई, त्यसैले पैसालाई लात मारे तिनीले ।।९।।
यस्तो देखी खिन्न भै आङ्ग्लदूत फर्के, तोडे आङ्ग्लको सन्धि शर्त ।
स्वामी राजालाइ फुक्का गरेर साटो फेर्ने आङ्ग्लको भो विचार ।।१०।।

स्वामीज्यूको राजधानीप्रवेश होओस् भन्ने चाहनाले विशेष।
खेल्थ्यौ नाना नीति हे भीमसेन तिम्रो चेष्टा व्यर्थमा त्यो गएन ।।११।।
२०२७।२।३१।७

स्वामी फर्के, शक्तिमान् भारदार स्वामीज्यूको क्रोधमा होमिएर।
छोडी आफ्ना कीर्तिगाथा बिलाए, गोराले क्यै नीतिसाफल्य पाए ।।१२।।
आफ्नो इच्छा राज्यले पूर्ण गर्न स्वामी खोज्थे, राज्यको भार बोक्न।
गाह्रो मान्थे यै हुँदा स्वामिभक्त तिम्रो आयो हातमा क्यै प्रभुत्व ।।१३।।
दैवात् आफ्नै भाइको हातबाट स्वामीज्यूको भैदिंदा देहपात।
राजद्रोही सम्झिएका समस्त तिम्रा जोरो भैगए स्वाट्ट अस्त ।।१४।।
आयो तिम्रो हातमा राज्यशक्ति, साना राजा ता थिए देवमूर्ति।
टिस्टादेखिन् काँगडावारसम्म लाग्यो तिम्रो वाक्यले राज्य गर्न ।।१५।।
जित्तै हार्दै फेरि केही जितेर बुझ्दै गर्दै लोककल्याण धेर।
पृथ्वी लड्थे राष्ट्रनिर्माणनिम्ति, त्यल्ले बुझ्थे सूक्ष्म षाड्गुण्यनीति ।।१६।।
मैले आर्जें कष्टले राज्य जो यो, त्यो हो साझा फूलबारी प्रजाको।
पृथ्वी भन्थे, योग्यताको विचार राख्थे, सुन्थे स्वप्रजाको पुकार ।।१७।।
झवाट्टै ठूलो राज्यको मूल शक्ति स्वाट्टै पायौ, क्वै रहेनन् विरोधी।
पैलेको क्यै ज्ञान राम्रो थिएन, टाढा टाढा हेर्न आँखा पुगेन ।।१८।।
पृथ्वीको त्यो दूरदर्शी प्रबन्ध पाखा लाग्यो, भो नवीन प्रबन्ध।
ठूलो राम्रो हर्म्य आफ्नो बनायौ, आफू आफ्नालाइ ऊँचा गरायौ ।।१९।।
मौका छोपी लड्न अङ्ग्रेज आए, नेपालीले शत्रु धेरै निभाए।
थोरै नै भो किन्तु षाड्गुण्यबुद्धि, त्यल्ले ल्यायो हाय आदिष्ट सन्धि ।।२०।।
२०२७।३।१।२

लाग्यो ठूलो चोट नेपाललाई, चेत्यौ सम्झयौ बल्ल षाड्गुण्यलाई।
साटो फेर्नलाइ चिन्ता उता भो, बाँकी रक्षा गर्न चिन्ता यता भो ।।२१।।
नेपालीको भित्रिया राजकाज हेरी हाली हात नाना प्रपञ्च।
गर्दै तोड्ने सैन्यको शक्तिलाई चेष्टा गर्थे आङ्ग्लका दूत आई ।।२२।।

तिमो तीखो बुद्धि षाड्गुण्य खेल्न लाग्यो, भो ती दूतको शक्ति हीन।
सङ्ख्या शिक्षा सैन्यमा झन् बढायौ, हिन्दूको यो राष्ट्रलाई बचायौ ॥२३॥
राजालाई राम्री राजकाज गर्ने पारी सुम्पने राजकाज।
सम्झन्थ्यौ ता कौटलीयार्थशास्त्र हुन्थ्यो तिमो श्रेय नै धेरथोर॥२४॥
तिमो दुःखी अन्त्यको त्यो अवस्था मेरो भित्री नेत्रको सामु पर्दा।
धेरै धेरै भावनामा म डुब्छु, टोलाए झैं भैं त्यसै काल काट्छु ॥२५॥

२०२०।३।२।३

१ श्लोक-

यति = जोगी।

अनुभवहीन, भावनाको भरमा झ्वाट्ट काम गरिहाल्ने स्वभाव भएका तथा दरो मन नभएका २३ वर्षका तरुना राजा श्री ५ रणबहादुर शाहले आफ्ना छोरा डेढ वर्षका बालक श्री ५ गीर्वाणयुद्धविक्रम शाहलाई वि०सं० १८५५ फागुन २८ गते राज्य दिए। आफू र महारानी कान्तवती जोगी जोगिनी भए।

रणबहादुर शाहको जन्म वि० सं० १८६२ असार १२ गते भएको हो। गीर्वाणयुद्धविक्रम शाहको जन्मचाहिँ वि० सं० १८५४ असोज १९ गते भएको हो।

(त्रिरत्न-सौन्दर्य-गाथाका १४५, १५३, २८५, २९६ पृष्ठ। सुन्दरानन्द बाँडाले रचेको यो ग्रन्थ मेरो विस्तृत उपोद्घातसहित धनवज्र वज्राचार्यद्वारा सम्पादित भई नेपाल-सांस्कृतिक-परिषद्द्वारा प्रकाशित भएको छ। पूर्णिमा १० पूर्णाङ्कमा छापिएको दिनेशराज पन्तको दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे भन्ने निबन्ध। सो अङ्कका ४९-५० पृष्ठ।)

२ श्लोक-

जोगिनी भएकी महारानी कान्तवतीको वि० सं० १८५६ कार्तिक १९ गते स्वर्गवास भएपछि जोगी भएका राजा रणबहादुर शाह जथाभावी गर्न लागे। अरू महारानीहरू र मन्त्रीहरू रणबहादुरको व्यवहारले अत्यन्त दुःखित भए तथा गृहयुद्धको सम्भावना आयो।

(त्रिरत्न-सौन्दर्य-गाथाका १५४-१६२, २८६-२९० पृष्ठ, चित्तरञ्जन नेपालीको श्री ५ रणबहादुर शाहका ४३-५५,१३२-१३४ पृष्ठ, संशोधन - मण्डलको सावधान-पत्र १३ सङ्ख्याका ६-१० पृष्ठ, प्राचीन नेपाल २४ अङ्कमा छापिएको नेपाल देशको इतिहास (वंशावली)। सो अङ्कका ६-८ पृष्ठ।)

३ श्लोक-

वि० सं० १८५७ जेठ ८ गते पाटन पुलचोकको आफ्नो किल्ला छोडी रणबहादुर शाह काशीतिर हिँडे। जेठ ११ गते नेपालराज्यको सीमाना नाघी जेठ १७ गते[1] उनी काशी पुगे।

(त्रिरत्न-सौन्दर्य-गाथाको १६३ पृष्ठ।)

---

१. वि० सं० १८५७ जेठ १७ गते रणबहादुर शाह काशी पुगे भनी डिल्लीरमण रेग्मीको मडर्न् नेपाल

हिजो नेपालका राजा रणबहादुर शाह बनारस आइपुगे। उनीसँग बलभद्र शाह र माथिल्लो ओहदाका कुलदीप पनि आएका छन्। यीबाहेक ४ बग्गी आइमाई र ५० जना लोग्नेमान्छे पनि उनको साथमा आएका छन्। रणबहादुरले नेपालको गद्दी छोड्न नचाहेकाले हजुरले आफूखुशी राज्य छोडी अरूलाई राज्य दिनुभएको हो, यस कारण फेरि हजुरले राज्य लिने कुरा मान्न सकिन्न भनी काजी र रानीहरूले भने। यसले गर्दा भारादारहरूसँग राजा निकै रिसाए, अनि उनले केही भारादारहरूलाई कुट्ने र केही भारादारहरूलाई मार्ने आज्ञा दिए। यसपछि भारादारहरूले र जनसमूहले यी राजा बौलाएछन्, अब यिनलाई थुन्नुपर्‍यो भन्ने निधो गरे। यो कुरा सुनेपछि राजा रणबहादुर नेपालबाट भागी बनारसमा शरण पर्न आएका हुन्।

[वि० सं० १८५७ जेठ १८ गते काशीबाट पठाइएको पत्र। यस पत्रको केही अंश किरणचन्द्र चौधरीको याङ्ग्लो-नेपालिज् रिलेशन्ज् फ्रम् दि अर्लिइस्ट् टाइम्ज् अफ् द ब्रिट्इश् रुल् इन् इन्डिअ टिल् द गुर्क वर् (भारतमा अङ्ग्रेजी शासन शुरु भएदेखि नेपाल र अङ्ग्रेजको लडाइँ नभएसम्मको नेपालको र अङ्ग्रेजको सम्बन्ध) का १०४-१०५ पृष्ठमा र डिल्लीरमण रेग्मीको मड्अर्न् नेपाल्का २७४-२७५ पृष्ठमा छापिएको छ। समग्र पत्रचाहिँ महेशचन्द्र रेग्मीद्वारा सम्पादित रेग्मी रिसर्च् सीर्इज् (रेग्मी अन्वेषणमाला) को चौथो वर्षको ३६ पृष्ठमा छापिएको छ। यसपछि यो पत्र लुड्विग स्टिलरको द राइज् अफ् द हाउस् अफ् गोर्खा (गोरखाली राजवंशको उदय) को २९६ पृष्ठमा एक अंश र बाँकीचाहिँ ३०१ पृष्ठमा छापिएको छ। अङ्ग्रेजीमा लेखिएको पत्रको नेपाली अनुवाद माथि दिइएको हो।]

रणबहादुर शाहसँगसँगै भीमसेन थापा पनि काशी गएका थिए।

(द राइज् अफ् द हाउस् अफ् गोर्खाको ३२० पृष्ठ, त्रिरत्न-सौन्दर्य-गाथाको १६४ पृष्ठ, प्राचीन नेपाल २४ अङ्कको ८ पृष्ठ।)

४-१०श्लोक

आफना मुख्य मुख्य भारादारहरूले विद्रोह गरेकाले श्रीकम्पनीको राज्यमा शरण पर्न विवश भएका

---

(नेपालको आधुनिक कालको इतिहास) को २७४ पृष्ठमा लेखिएको छ। तल उद्धरण गरिने, काशीबाट पठाइएको पत्र ई० सं० १८०० मे २८ मा लेखिएको हो। त्यहाँ हिजो रणबहादुर शाह काशी आइपुगे भनी लेखिएको छ। यताबाट मे २७ मा रणबहादुर काशी आइपुगेको देखिन्छ। गणना गरी हेर्दा मे २७ जेठ १७ गते पर्छ। त्रिरत्न-सौन्दर्य-गाथाको १६३ पृष्ठमा लक्ष्मीपतिको बि०सं० १८५७ को पात्रोमा लेखिएको वाक्य उद्धरण गरी जेठ १६ गते रणबहादुर शाह काशी आइपुगे भनी लेखिएको थियो। यताबाट शङ्का उठी लक्ष्मीपतिको सो पात्रो पल्टाई हेर्दा काशी आईपुग्याको प्रातर्घरी थाप्नी वेलामा भन्ने यो वाक्य ज्येष्ठ १६ गतेकी पङ्क्तिमा लेखी त्यसमा कालो धर्को दिई १७ गतेको पङ्क्तिमा तानिएको देखियो। पञ्चाङ्गविषयका अरू कुराले ज्येष्ठ १७ गतेको पङ्क्ति अघिबाटै भरिइसकिएको हुनाले लक्ष्मीपतिले त्यसो गर्नु परेको देखिन्छ। यस कारण त्रिरत्न-सौन्दर्य-गाथाको १६२ पृष्ठमा, सावधान-पत्र १३ सङ्ख्याको ११ पृष्ठमा र पूर्णिमा १० पूर्णाङ्कको ५१ पृष्ठमा रणबहादुर शाह जेठ १६ गते काशी पुगे भनी लेखिएको अशुद्ध ठहरिएको छ।

नेपालका राजा हालै बनारस आइपुगेका छन् भन्ने खबर श्रीगभर्नर जनरलले प्रबन्धकमण्डललाई दिनुभएको छ । नेपालका राजा बनारस आएको थाहा पाएपछि श्रीगभर्नर जनरलले बनारसमा राखिएका आफ्ना प्रतिनिधि श्रीभान्डेरहीडेनलाई नेपालका राजाको राम्रो विचार गरी उनको निकै सम्मान गरेर व्यवहार गर्नू भनी अह्राउनुभएको छ ।

दुइ सरकारको बीचमा पहिलेदेखि रहिआएको सम्बन्ध यस घटनापछि अझै राम्रो हुन सक्छ र खास गरी व्यापारबाट फाइदा उठाउने दृष्टिकोणले जस्तोसुकै उपायद्वारा पनि यो सम्बन्ध बढाउनु अत्यन्त अभीष्ट कुरा हो भन्ने विचार श्रीगभर्नर जनरलको छ । नेपालको राजदरबारमा घट्ने अङ्ग्रेजको स्वार्थअनुकूलको कुनै पनि घटनाबाट आफूले फाइदा उठाउन सक्नको लागि पनि बनारसमा राजाको हेरविचार गर्ने एकजनालाई खटाउनु बढिया होला भन्ने श्रीगभर्नर जनरल ठान्नुहुन्छ । यस कारण, लेफ्टनेन्ट कर्णेल कर्कप्याट्रिकको दूतमण्डल नेपालमा वि० सं० १८४९ मा जाँदा उनीसँग त्यहाँ गएका कप्तान नक्सलाई त्यो पदमा भर्ना गर्नुपर्छ र त्यसअनुसार कुरा सिकाई लेखिएको चिठी उनीकहाँ पठाउनुपर्छ भन्ने प्रस्ताव श्रीगभर्नर जनरलले राख्नुभएको छ ।

कप्तान नक्सको तलब महीनाको १५ सय रुपियाँ तोक्नुपर्छ र उनलाई लाएको कामको विचार गर्दा जरूरी परेमा बढी कर्मचारी भर्ना गर्न पाउने र थप खर्च गर्न पाउने अधिकार पनि उनलाई दिनुपर्छ भन्ने प्रस्ताव श्रीगभर्नर जनरलले राख्नुभएको छ ।

(वि० सं० १८५७ असार १५ गतेको गुप्ती सल्लाहमा गाभिएको ८५ सङ्ख्याको पत्र । यो पत्र रेग्मी रिसर्च् सीरिइज्को चौथो वर्षका ३७–३८ पृष्ठमा छापिएको छ । अङ्ग्रेजीमा लेखिएको पत्रको नेपाली अनुवाद माथि दिइएको हो ।)

कप्तान नक्स,

महाशय,

श्रीकम्पनीको राज्यमा हालै शरण पर्न आएका नेपालका राजाको हेरविचार गर्न एकजना मानिसलाई खटाउनु उचित ठान्नुभई श्रीगभर्नर जनरलले यस कामको लागि खुशीसाथ तपाईंलाई छान्नुभएको छ भन्ने कुराको खबर श्रीगभर्नर जनरलले अह्राउनुभएबमोजिम तपाईंलाई दिएको छु ।

यस कारण तपाईं भरसक छिटो बनारस आउनुहोला, राजा हाल यहीं बसिरहेका छन् । श्रीगभर्नर जनरलका बनारसमा बसेका प्रतिनिधिलाई तपाईंलाई खटाइएको कुरा थाहा दिइसकिएको छ ।

मैले श्रीगभर्नर जनरलका दुबै चिठी पनि यसैसाथ खामेको छु । एउटा चिठी नेपालका राजालाई र अर्कोचाहिं राजाका गुरु गजराज मिश्रलाई लेखिएका हुन् । यी चिठी तपाईंको जानकारीको लागि यी चिठीका प्रतिलिपि र अनुवाद यसैसाथ खामिएका छन् । यिनीहरूबाट श्रीगभर्नर जनरलले पाउनुभएका चिठीका जवाफमा लेखिएका हुन् ।

यी चिठी तपाईंले आफैं गएर दिनुहोला । यस बेलामा तपाईंले श्रीगभर्नर जनरलको चिठीमा

प्रकट गरिएका भावनासँग मेल खाने गरी ती राजाउपर रहेको कम्पनीसरकारको मित्रतापूर्ण भावको विषयमा श्रीगभर्नर जनरलको तर्फबाट राजालाई मुहजमानी वचन पनि दिनुहोला ।

(वि० सं० १८५७ असार १५ गतेको गुप्ती सल्लाहमा गाभिएको ८६ सङ्ख्याको पत्र । यो पत्र रेग्मी रिसर्च् सीरिइज्को चौथो वर्षका ३८–३९ पृष्ठमा छापिएको छ । अङ्ग्रेजीमा लेखिएको पत्रको नेपाली अनुवाद यो हो ।)

नेपालमा हालै भएका कारवाईको वा त्यहाँबाट राजाले भाग्नुपरेको कारणको सम्बन्धमा श्रीगभर्नर जनरलले कुनै किसिमको ठीक र भरपर्दो विवरण पाउनुभएको छैन । कम्पनीको राज्य र श्रीवजीरको राज्यसँग यति लामो साँध जोरिएको, राजनीति र व्यापारसम्बन्धी केही महत्त्वका सम्बन्ध भएको राज्यमा घटेको घटना टुलुटुलु हेरेर बसिरहन अङ्ग्रेजको हितको दृष्टिले म सक्दिनँ भन्ने विचार श्रीगभर्नर जनरलको छ । तर नेपालको वास्तव अवस्थासम्बन्धी स्पष्ट ज्ञान उहाँले नपाउनुभएसम्म तथा निकालिएका राजाको र नेपालमा राजकाज चलाइरहेकाहरूको विचार र प्रवृत्तिलाई उहाँले पत्ता नलाउनुभएसम्म दुइ सरकारको बीचमा पहिलेदेखि रहिआएको सम्बन्धलाई सपार्ने र बलियो पार्ने मनसायले के गर्नु बढिया हुन्छ भन्ने निधो गर्न श्रीगभर्नर जनरल सक्नुहुन्न ।

यस कारण, केही काल यतादेखि नेपाल राज्यलाई खलबल्याइरहेको झगडाको पूरा र यथार्थ बयान हासिल गर्ने कोशिश तपाईंले गर्नुहोला र यो बयान हुन सकेसम्म श्रीगभर्नर जनरलछेउ जाहेर गरी पठाउनुहोला ।

नेपालका राजाले तपाईंमार्फत श्रीगभर्नर जनरलकहाँ जुनसुकै समचार वा विशेष कुरा पठाउन खोजे पनि तपाईंले तुरुन्त मन लाएर लिने गर्नुहोला । तर बलप्रयोगद्वारा उनले फेरि अधिकार हात लाउने काममा कम्पनीले उनलाई मदत दिन्छ भनी आस गर्ने कुरामा राजालाई कुनै किसिमले पनि सुन्याउने काम भने यस विषयमा स्पष्ट निर्देश नपाएसम्म तपाईंले नगर्नुहोला ।

लडाइँभिडाइँ नगरी आफ्नो राज्यको अधिकार फेरि हात लाउन नेपालमा राजकाज चलाइरहेका-हरूसँग अङ्ग्रेजसरकारले मध्यस्थता गरिदेओस् भन्ने आशय राजाले देखाए भने यस विषयमा उनका यस्ता कुरा सुन्ने र नेपालमा राजकाज चलाइरहेका मुख्य मुख्य मान्छेहरूको मनोवृत्ति पत्ता लाउन र अङ्ग्रेजसरकारको जिम्मामा कुन कुन शर्तमा तिनीहरू राजालाई फेरि नेपाल आउन दिन्छन् भन्ने कुरा पत्ता लाउन तिनीहरूसँग तुरुन्त लेखापढी थालिहाल्ने अधिकार पनि तपाईंलाई दिइएको छ ।

तपाईंसँग नेपालका भारादारहरूले पहिलेबाटै लेखापढी गर्ने इच्छा देखाउन पनि असम्भव छैन । यस अवस्थामा तपाईंले तिनीहरूका कुरा सुन्नुभई राजासँगका तिनीहरूका झगडा अङ्ग्रेजसरकारको मध्यस्थतामा फैसलाको लागि सुम्पने कुरामा तिनीहरूलाई मञ्जूर गराउने कोशिश गर्नुहोला ।

श्रीगभर्नर जनरलको मुख्य लक्ष्य आफ्नो मध्यस्थताद्वारा यी राजालाई अधिकार फेरि हात पार्न मदत गर्ने र यो काम गरी राजालाई कृतज्ञ पारेको बदला यिनीबाट दुइ मुलुकको व्यापारसम्बन्ध सपार्ने र सुरक्षित पार्ने सहूलियत हात लाउने रहेको छ । वि० सं० १८४८ मा यी दुइ मुलुकको बीच भएको

वाणिज्यसन्धिका लक्ष्य नेपालसरकारको डाहले वा छोटो विचारले गर्दा धेरै अंशमा निष्फल भएकोले सो सन्धिबाट दुवै मुलुकलाई आजसम्म खास फाइदा भएको छैन।

तर अङ्ग्रेजसरकारको मध्यस्थतामार्फत राजाले फेरि अधिकार हात पारे भने पनि योभन्दा पहिलो कण्डिकामा बताइएका लक्ष्य खालि यसद्वारा मात्र हासिल हुने छाँट छैन। यो उपाय अव्यवहार्य र अनुचित देखियो भने पनि, नेपालका राजाको सम्मान गरी स्वागत गर्नाले र उनलाई कम्पनीको संरक्षणमा बस्न दिनाले नेपालका भारादारहरू उत्तेजित होलान्, उनीहरूको यो बेचैनीबाट उचित फाइदा उठाएर पनि श्रीगभर्नर जनरलको विचार पूरा गर्न सकिन्छ।

श्रीगभर्नर जनरलले आफूले खोजेको खबर नपाएसम्म वा अर्के अवस्था परी उहाँले तपाईंलाई कुन् स्पष्ट र कुन् विस्तृत निर्देश दिन नसक्नुभएसम्म उहाँको नेपालसम्बन्धी मनसायको विषयमा अरू बढी कुरा गर्नु जरूरी छैन भन्ने उहाँले ठान्नुभएको छ। तपाईंलाई सुम्पिएको कामको लागि अहिलेलाई माथिका कण्डिकाहरूले बाटो देखाउनेछन्।

आजको मितिदेखि लागू हुने गरी तपाईंको तलब महीनाको १५ सय रुपियाँ श्रीगभर्नर जनरलले तोक्नुभएको छ। यसबाहेक तपाईंलाई लाएको कामको विचार गर्दा जरूरी परेमा बढी कर्मचारी भर्ना गर्न पाउने र थप खर्च गर्न पाउने अधिकार पनि तपाईंलाई दिइएको छ।

तपाईंको खर्चचलाउ ने विषयमा तपाईंको तीन महीनाको तलबमा नबढाई रकम पठाउन बनारसका कलेक्टर (मालका हाकिम) लाई अधिकार दिइनेछ।

(नक्सलाई वि० सं० १८५७ असार १२ गते दिइएको निर्देश। यस पत्रको केही अंश याङ्ग्लो–नेपालिज् रिलेशन्‌ज्‌का १०७–१०८ पृष्ठमा छापिएको छ। सम्पूर्ण पत्रचाहिं रेग्मी रिसर्च् सीरिइज्‌को चौथो वर्षका ३९–४१ पृष्ठमा छापिएको छ। पछि यस पत्रको एक अंश द राइज् अफ् द हाउस् अफ् गोर्खाको २९७ पृष्ठमा छापिएको छ। अङ्ग्रेजीमा लेखिएको पत्रको नेपाली अनुवाद माथि दिइएको हो।)

रणबहादुरले नेपालमा आई राजकाजमा फेरि हाल्लान् भन्ने डरले उनी नेपाल आउन नपाऊन् भन्ने दामोदर पाँडे आदि भारादारहरूको विचार थियो। यता कम्पनीसरकारले नेपालको राजकाजमा हात हाल्न खोजिरहेको थियो। यही कारणले वि०सं० १८५८ कार्तिकमा नेपालसरकार र कम्पनीसरकारको बीच सन्धि भयो। रणबहादुरलाई कम्पनी सरकारको निगरानीमा राख्ने, नेपालसरकारले उनको खर्चबर्चको लागि उनलाई जग्गा दिने, कम्पनीराज्यमा नेपाली दूत तथा नेपालराज्यमा कम्पनीका दूत राख्ने, अवध र नेपालको बीचमा सीमाविवाद उठ्यो भने नेपालतर्फका दूत र अवधतर्फका दूत आई कम्पनीतर्फका दूतको मध्यस्थतामा सीमाविवाद टुङ्ग्याउने, नेपालसरकारले कम्पनीसरकारलाई मकवानपुरबापत बर्सेनि बुझाउने गरेको हात्ती अबदेखि बुझाउनुनपर्ने आदि कुरा त्यस सन्धिपत्रमा परेका छन्।

(पूर्णिमा २ पूर्णाङ्कमा छापिएको महेशराज पन्तको नेपाल–अंग्रेजयुद्धको तयारी भन्ने निबन्ध, सो अङ्कको ७१ पृष्ठ। आवश्यक देखिन आएको संशोधन गरी माथिका वाक्य प्रकाश गरिएका छन्।)

## रणबहादुरको खर्चबर्चको लागि नेपालसरकार र कम्पनीसरकारको बीच वि० सं० १८५८ कार्तिक १२ गते भएको सन्धि

श्री ५ महाराजाधिराजका बुबाज्यू पूर्णनिर्गुणानन्द स्वामीजीको जीवनयात्राको लागि श्रीगभर्नर जनरलसंग श्री ५ महाराजाधिराजले गर्नुभएको सन्धिको बेहोरा–

स्वामीजीलाई घरखर्च चलाउन सघाउ पुगोस् भनी वि० सं० १८५८ मङ्सीरदेखि पटना सिक्का ८२ हजार रुपियाँको सालिन्दा आयस्ताको यो सानो सौगात स्वामीजीलाई दिइनेछ। सो ८२ हजार-मध्येबाट ७२ हजार नगद भुक्तानी दिइनेछ र बाँकी रहेको १० हजारको आधा हात्ती र आधा ढोइ दिइनेछ। हात्तीको मोल १ हातको १२५ रुपियाँ तोकिएको छ। यो आयस्ता उपर गर्नाको लागि विजय-पुरको प्रगन्ना र त्यसमा गाभिएका सबै जग्गा स्वामीजीलाई दिइनेछ। तर सर्वाङ्क माफ भएका, गूठी राखिएका र दान दिइएका जग्गा, जागीर (वृत्तिको रूपमा जागीरदारलाई दिइएका जग्गा) र ढड्डामा अलग्गै दरिएका जग्गा भने यसमा पर्नेछैनन्।

यस विषयमा तल लेखिएबमोजिम शर्त रहनेछ –

स्वामीजी बनारसमा वा कम्पनीको राज्यभित्रका अरू ठाउँमा राज गर्नुभयो भने तथा नेपाल-सरकारका कर्मचारीलाई ती जग्गाको आयस्ता उठ्तीपुठ्ती गर्ने काम उहाँले आफूखुशी सुम्पनुभयो भने ७२ हजार रुपियाँ नगद र १० हजार रुपियाँको हात्ती बर्सेनि नियत समयमा नियत किस्ताबन्दीमा स्वामीजीलाई अटूट किसिमबाट ढिलासुस्ती नगरी बुझाइनेछ। आफूले राज्य छोडी हाल महाराजाधिराजलाई राज्य सुम्पिँदा स्वामीजीले आफैले ताबाँपत्रमा कुँद्न लाएको घोषणाबमोजिम उहाँले आफ्नो समय परमात्माको आराधनमा बिताउन सक्नुहोस् भनी उहाँलाई यो दिइएको हो।

उहाँले आफ्नो जागीर (जग्गा) मा राज गर्नुभयो भने र उहाँले आफ्ना कामदारहरूद्वारा उठ्ती-पुठ्ती गराउनुभयो भनेचाहिँ राजद्रोह र शान्तिभङ्ग गर्ने खालका मानिसहरूलाई उहाँले आफ्नो टहलमा राख्नु हुँदैन, उहाँले सय जनाभन्दा बढी लोग्नेमान्छे वा स्वास्नीमान्छे नोकरचाकर राख्नु हुँदैन। उहाँले कुनै खालका पनि सिपाही राख्नु हुँदैन। माथिका प्रगन्नाहरूको आयस्ता उठ्तीपुठ्ती गर्न र आफ्नो गाथको रक्षाको लागि उहाँले श्री ५ महाराजाधिराजबाट २ सय सिपाहीसम्म पाउनुहुन्छ। यी सिपाहीहरूको खर्च श्री ५ महाराजाधिराजबाटै बेहोरिनेछ। स्वामीजीले बोलेर वा लेखेर विद्रोह गराउन खोज्नु हुँदैन। बागी-हरूलाई र नेपालराज्यबाट भागेर आएकाहरूलाई उहाँले आफूकहाँ आश्रय दिनु हुँदैन। नेपालका प्रजाहरूलाई लुट्न पनि हुँदैन।

स्वामीजीले यस्तो कुकर्म गर्नुभयो भन्ने कुरा कम्पनी र नेपालसरकार दुवैले ठहर गरे भने कम्पनीले दिएको मदत र उहाँको सुरक्षा खारेज गरिनेछ। नेपालबाट स्वामीजीले पाउनुभएको जागीर (जग्गा) यस अवस्थामा श्री ५ महाराजाधिराजको स्वविवेकमा हरिन वा थामिन सक्नेछ।

कम्पनीको राज्यभित्र आफू बस्ने र नेपालसरकारका कर्मचारीहरूलाई आफ्नो जग्गाको आयस्ता

उठ्तीपुठ्ती गर्ने काम स्वामीज्यूले सुम्पनुभयो भने यस अवस्थामा माथि तोकिएका शर्तबमोजिम किस्ता चुक्ता गरिएन वा नेपालका कुनै पनि प्रजाले उहाँलाई वा उहाँको प्रगन्नाका रैयतलाई दुःख दिए भने यस अवस्थामा श्री ५ महाराजाधिराजसँग हर्जाना माग्ने अधिकार श्रीगभर्नर जनरल र श्रीकम्पनीको छ भन्ने कुरामा श्री ५ महाराजाधिराजको मञ्जूरी छ ।

श्री ५ महाराजाधिराजले यो शर्त पालना गर्ने कुरामा श्रीगभर्नर जनरल जवाफदेही हुनुहुन्छ । श्रीगभर्नर जनरलले माग गर्नुभएको अवस्थामा माथि तोकिएबमोजिमका कबूल श्री ५ महाराजाधिराजले तुरुन्त पूरा गर्नुहुनेछ ।

स्वामीजीका कर्मचारीहरूको विवेकपूर्ण प्रबन्धबाट आयस्ता बढेको खण्डमा वा अर्कै कारणबाट आयस्ता घटेको खण्डमा पनि श्री ५ महाराजाधिराजलाई कुनै सरोकार रहनेछैन । विजयपुरको प्रगन्ना स्वामीजीका कर्मचारीहरूलाई सुम्पिनेछ । यहाँको सालिन्दा आयस्ता पटना सिक्का ७२ हजार रुपियाँको हुनेछ । यो आयस्ता ७२ हजार रुपियाँभन्दा कम भएको खण्डमा नपुग रकम श्री ५ महाराजाधिराजले दिनुहुनेछ र आयस्ता बढी भएको खण्डमा बढी हुन आएको रकम पाउने हक स्वामीजीकै हुनेछ ।

श्रीगभर्नर जनरलबाट वि० सं० १८५८ कार्तिक १६ गते सकारिएको, नेपालदरबारबाट वि० सं० १८५८ कार्तिक १४ गते सकारिएको सन्धिपत्र यो हो ।

[योगी नरहरिनाथ र नरेन्द्रमानसिंह बस्न्यातको इतिहासप्रकाशमा सन्धिपत्रसंग्रहका ११–१३ पृष्ठमा र असाद हुसैनको ब्रिट्इश् इन्डिअ'ज् रिलेशन्ज् विथ् द किङडम् अफ् नेपाल् १८५७-१९४७ (नेपाल अधिराज्यसँग ब्रिटिश भारतको वि० सं० १९१४ देखि २००४ सम्मको सम्बन्ध) का ३४३–३४५ पृष्ठमा छापिएको यो सन्धिपत्रको अङ्ग्रेजी अनुवादबाट माथि नेपाली अनुवाद तयार पारिएको हो । काशी–प्रसाद श्रीवास्तवको नेपाल की कहानीका २४३–२४४ पृष्ठमा यस सन्धिपत्रको हिन्दी अनुवाद छापिएको छ ।]

यसपछि वि० सं० १८५९ वैशाख ९ गते कम्पनीसरकारको दूत भई कप्तान नक्स काठमाडौं आए । उनले नेपाली भारादारहरूलाई पैसा खुवाई आफ्नो पक्षमा मिलाउन खोजेका थिए। तर नेपाली भारादार-हरूले उनले खुवाउन खोजेको घूस खाएनन् । आफ्नो नीति सफल नभएको देखेर वि० सं० १८५९ चैत ८ गते नक्सले काठमाडौं छोडे । यसपछि वि० सं० १८६० माघ १३ गते कम्पनीसरकारले पूर्वोक्त सन्धि तोड्यो र रणबहादुरलाइ नेपाल फर्कने अनुमति दियो ।

[पूर्णिमा १० पूर्णाङ्कको ५२ पृष्ठ; पूर्णिमा २४ पूर्णाङ्कमा छापिएको मेरो विश्रान्ति भन्ने निबन्ध, सो अङ्कको ३२९ पृष्ठ; पूर्णिमा २ पूर्णाङ्कको ७२ पृष्ठ; भैरवदत्त सनवालको नेपाल् यान्ड् दि ईस्ट् इन्डिअ कम्पनि (नेपाल र इस्ट इन्डिया कम्पनीको सम्बन्ध) को ११२ पृष्ठ ।]

११ श्लोक–

स्वामी महाराज रणबहादुर शाहले नेपालका प्रतिष्ठित भारादार आफ्ना भाइ चौतरिया विदुर शाह र शेरबहादुर शाहलाई तथा मूलकाजी बखतवारसिंह बस्न्यात र उनकी आमा चित्रादेवीलाई, गुरुज्यू

रङ्गनाथ पौडेल र भीमसेन थापाले बखतबारसिंह बस्न्यातहरूलाई आफ्नो पक्षमा मिलाउन लेखिएका धेरै चिठी छापिएका छन्।

(चित्तरञ्जन नेपालीको जनरल भीमसेन थापा र तत्कालीन नेपालका २४९–२५२ पृष्ठ, श्री ५ रणबहादुर शाहका १३६–१३७ पृष्ठ, इतिहास–प्रकाश १ अङ्कमा छापिएको ऐ. शि. बाबुराम आचार्यको बस्न्यातपत्रावली, सो अङ्कका १५–२१ पृष्ठ।)

त्रिरत्न–सौन्दर्य–गाथा (१७१ पृष्ठ) मा रणबहादुर शाहलाई नेपाल फर्काउने श्रेय भीमसेन थापालाई दिइएको छ।

१२ श्लोक–

वि० सं० १८६० फागुन २१ गते रणबहादुर शाह काठमाडौं आइपुगे। उनी लुमडीमा आएर बसे। त्यहाँ ५ दिन बसेपछि फागुन २७ गते रणबहादुर शाह राजदरबारमा पसे। यसपछि चैत्र ३ गते दामोदर पाँडे मारिए। दामोदर पाँडेका साथै उनका छोरा र उनको पक्षमा मिलेका अरू भारादारहरू पनि मारिए।

(पूर्णिमा १० पूर्णाङ्कको ५३ पृष्ठ, त्रिरत्न–सौन्दर्य–गाथाका १७२–१८७ पृष्ठ)

स्वस्ति श्रीगिरिराजचक्रचूडामणनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेगीर्वाणयुद्धविक्रमसाहबहादुरसम्सेरजंगदेवानां सदा समरविजयिनाम् स्वस्ति श्रीगगनगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमद्रणभीमसाहदेवेषु सदा समरविजयिषु सलामपूर्वकपत्रमिदं.

जाहाँ कुशल ताहाँ कुशल चाहिय.
आगे इहाँको समाचार भलो छ.

उपरान्त श्रीजेठा मुमाज्यू श्रीकाशीबाट श्रीगङ्गास्नान गरि पाउलाग्नुभयाको पुसीनामाको षलित्ता र छिल्लिबाबतको चिठ्ठी २ आयो. जेठाबुढा सीताराम पाध्या कपर्दार पालसिंले जवानी पनी बिन्ति गऱ्या. विस्तार मालुम भयो. तस्को उत्तरा लेष्दैका बीचमा बनारस्बाट फागुनका २१ दिन जाँदा श्रीबुबाज्यू आइपुग्नुभयो. यसै महिनाको २७ दिन जाँदा दरबारमा प्रवेश गर्न्या सायत ठहऱ्याको छ. छिल्लिका कुरालाई अघि श्रीजिज्यूबाज्याले गर्नु भयाको पुण्य अन्यथा हुँदैन. आफुलाई बक्स्याकै छ. अघि बिहो–याबमोजिम छिल्लिको बाहाली गर्नु हवस्. चतुर्मासाबाद श्रीफुपुबज्यालाइ बोलाहट पठाउँला.

बाँकि श्रीबुबाज्यू जाहाँ पाउलाग्नुभयो. तस्मा मानिस्ले कैएक तरहको गलावा लैजानन्. कौनै कुराको अन्देशा नमानि घाटबाटको संभार राषि एताबाट कोहि नसी भागी जान्यालाइ फैला पान्या पछी पठाउन्या अर्थ गर्नु होला.

इति संवत् १८६० साल चैत्रवदि ९ रोज २[2] मुकाम कान्तिपुर शुभम् –

(योगी नरहरिनाथको इतिहासप्रकाशमा सन्धिपत्रसंग्रह पहिलो भागको ४०८ पृष्ठ ।)

१३ श्लोक –

स्वस्ति श्रीसर्वोपमायोग्यसकलगुणगरिष्ठराजभारोद्धरणसमर्थश्रीश्रीश्रीकाजीबषतावरसिंहकेषु इत श्रीरंगनाथशर्मण: शुभाशीर्वादनिवेदकं पत्रम् ...

बाँकि श्री ५ स्वामिज्यूलाई माहाजनको तगादा ठूलो छ. द्वारकादासबाहिक्को हजार तिस ऋण छ. त्यो तताबाट तिर्न्या चाजो पऱ्या देशको गाल र श्री ५ स्वामिज्यूको दु:ख मेटियला. श्री ५ स्वामिज्यूका हात रुपञा पऱ्या श्री ५ स्वामिज्यूको दातृस्वभाव मालुमै छ. तसर्थ भला मानिसका हात पऱ्या बंदोबस्त बनला. ताँहाबाट बाटो बलियो गरिदियापछि अबउप्रान्त षर्च पनि श्रीस्वामिज्यूको ताँहाँका सल्लाहमाफिक राख्न सकियला ..

मिति आषाडवदि ५ रोज १[3] मोकाम बनारस शुभम्.

(इतिहास-प्रकाश १ अङ्क २० पृष्ठ)

यस पत्रबाट स्वामी रणबहादुरलाई उनका आत्मीय भारादारले पनि पैसामा हात हाल्न नदिने नीति लिएको देखिन्छ। आफैंले राजकाज चलाउन सक्ने हुति रणबहादुरको भएको भए यो स्थिति आउन सक्दैनथ्यो।

लि. पंडित रंगनाथ चौतरा प्रान साह त. हस्तदल साह त. काजी दलभंजन पांडे त. सर्दार भीमसेन त. काजी वीरभद्र त. सर्दार पूर्ण साह त. भैरवसिं त. गोसाइ उदे गिरि.

आगे बनारसमे बाबु द्वारकादासजीके कोठीसे रुपैञा ६०००१) अंकेपी साठ हजार एक मीका हाली

---

२. यस दिनको गणना यस प्रकारको छ –

वि० सं० १८६० चैत्रकृष्ण (पूर्णान्तिमानले)

| गते | बार | तिथि | घडी | पला |
|---|---|---|---|---|
| फागुन २५ | सोम | अष्टमी | १। | ४० |
| फागुन २६ | मङ्गल | नवमी | ४। | २५ |

सोमबार अष्टमीको १ घडी ३६ पलाउप्रान्त नवमीमा यो पत्र लेखिएको देखिन्छ।

३. यस दिनको गणना यस प्रकारको छ–

वि० सं० १८५९ आषाढकृष्ण (पूर्णान्तिमानले)

| गते | बार | तिथि | घडी | पला |
|---|---|---|---|---|
| असार ९ | आदित्य | पञ्चमी | ३३। | ५० |

(पात्रोबाट)

सन् १७ बनारसका ब्याज २ सयकरा वैसाषसुदी १५ पूर्वमासी संवत् १८६१[4] ताइ रोक चुकायदेनेका वायदे श्री ५ महाराज रणबहादुर साहको कर्ज देलवाय दीया हैं. दायदेपर रोक नदेसकैं तो बिजैपुर लालमोर तावापत्र सो जायेदाद इनके जिम्मे करदे तिस्का करार्नामा लिषवा दिया हैं. सो श्री ५ महाराज रणबहादुर साह करार्नामा लिषेबमजीव दुरुस्त कर देगे. हम सब दुरुस्त करवाये देंगे...

(जनरल भीमसेन थापा र तत्कालीन नेपालको २५५ पृष्ठ।)

यस पत्रबाट माथिको कुराको फन् पुष्टि हुन्छ।

त्यहाँबाट पनि स्वामीज्यूको सवारी नेपालतर्फ चल्यो। यो खबर नेपालमा रहेका भारदारहरूले थाहा पाए। अब स्वामीज्यूले हामीलाई राख्दैनन् भन्ने विचार गरी थानकोट आइपुग्ने दिन पुराना श्रीनाथ र कालीबक्स दुइ पल्टन साथमा लिई सवारी लिन गएको बहानाले अवसर परे पक्री कैद गर्ने मनसाय लिएर काजी दामोदर पांडे हात्तीमा चढी थानकोट पुगेका थिए। अरू भारदारहरू पनि सवारी लिन गएका थिए। चन्द्रागिरिका थ्ंकामा राज भएर श्रीस्वामीज्यूबाट नजर भयो। काजी दामोदर पांडे दुइ पल्टन साथमा लिई बसेको देख्दा तिमी पापीहरूले गर्दा म यस महिषासुरका हातमा परें भनी आफ्ना साथमा रहेका भीमसेन थापाहरूलाई गाली गर्दै रिसानी भयो। तलतिर किन नजर हुन्छ? श्रीपशुपति र गुह्येश्वरीतिर नजर होओस्। तरवारका जोरले जाउँला भनी बिन्ति गरी भीमसेन थापाप्रभृति सबैले हातमा नंगा तरवार लिई मियानामा चढाएर श्रीस्वामीज्यूको सवारी चलाए।

(वंशावली, प्राचीन नेपाल २४ अङ्क ९ पृष्ठ।)

ससैनिक दामोदर पाँडे आएको देखेर रणबहादुर शाह डराएका थिए। उनलाई भीमसेन थापाले सुम्याएर ल्याए भन्ने भावको कुरा फ्रान्सिस ह्यामिल्टनले पनि लेखेका छन्।

[यान् अकाउन्ट् अफ् द किङडम् अफ् नेपाल् यान्ड् अफ् द टेर्‌हटर्‌इज् अनेक्सड् ट दिस् डोमिन्यन् बाइ द हाउस् अफ् गोर्खा (नेपाल अधिराज्यको र गोर्खाली राजवंशले यस राज्यमा गाभेका प्रदेशहरूको वर्णन) को २५८ पृष्ठ।]

राज्यको मूल शक्ति सेना र अर्थमा रहन्छ। माथिका उद्धरणबाट यी दुवै कुरालाई अँठ्याउन सक्ने शक्ति रणबहादुरमा थिएन भन्ने देखिन्छ।

-१४ श्लोक–

वि० सं० १८६३ वैशाख १४ गते राति काजी त्रिभुवन प्रधानको घरमा भारादारी भइरहेको बेलामा स्वामी रणबहादुर शाहलाई उनका सौतेने भाइ चौतरिया शेरबहादुर शाहले तरवारले हानी मारे।

---

यस दिनको गणना यस प्रकारको छ–

वि० सं० १८६१ वैशाखशुक्ल

| गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|
| जेठ १४ | बृहस्पति | पूर्णिमा | ३४। | ० |

(पात्रोबाट)

शेरबहादुर पनि त्यहीं मारिए। शेरबहादुरका मतियार ठहरिएका चौतरिया विदुर शाह(शेरबहादुरका दाजु), पाल्पाली राजा पृथ्वीपाल सेन, काजी त्रिभुवन प्रधान, काजी नरसिंह गुरुङ काटिए।

(त्रिरत्न–सौन्दर्य–गाथाका ४६, १९२–१९३,२९१ पृष्ठ; श्री ५ रणबहादुर शाहका १४१–१४७ पृष्ठ; पूर्णिमा १२ पूर्णाङ्कमा छापिएको महेशराज पन्तको वीर भक्ति थापा भन्ने निबन्ध, सो अङ्कको ४८ पृष्ठ।)

स्वस्ति श्रीगगनगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमद्रणभीमसाहदेवेषु सदा समरविजयिषु स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजगीर्वाणयुद्धविक्रमसाहबहादूरसम्सेरजङ्गदेवानां सदा समरविजयिनाम् ··· पूर्वकपत्रमिदं.

पत्र आयो. अर्थ विस्तार मालुम भयो. जो लेषनुभयेछ. योग्यै लेषनुभयेछ.

उप्रान्त वैसाषका दिन १४ जादाँ बृहस्पतिवार राति घरि ९ जादा कचरीमा सेरबहादुर्न्या कर्मचंडालले दगा गरि श्रीबुबाज्यूमाथि तरवार चलायो. ताहाँपछि घरि १ मा श्रीबुबाज्यू परलोक हुनुभयो. कर्मचंडाल २ भाइ र उसका मतियार कुल्याहा त्रिभुवन्या धलांछी नर्सिंग्या गुरुंग्या पालपालि राजा चौतारा काजीलाई सन्तानसमेत काट्यौं. यहाँका अर्थकन श्रीगुरुज्यू र चौतरा बं साह प्राण साह काजी भीमसेन थापा काजी रणजित पाँडे काजी दलभंजन पाँडे काजी रणध्वज थापा काजी बालनरसिंह कवर काजी बहादुर भँडारि सर्दार बखतसिं बस्न्यात गैरह जागिऱ्या ढाक्र्या भारदार र श्रीनाथ कालिबकस गैरह कंपनिले सर्व बातको संभार राख्याको छ. आहाँ कौनै बातको सन्देह नमान्नुहोला. यो खबर देसदेसावरमा पुग्दा दुस्मन् र भगौडाहरु अनेक तरहको फितुरात गर्न षोजनन्. पिउठानादेषि पुँढो भेरिसम्म मधेसतरफका गढि किल्लामा फौज षजाना राषि सर्व बातको होसियारिसित रही पायाको षबर लेषतैं रहनुहोला. हिजो बाइसी चौबिसी माँझमा छँदा तेस ढुङ्गाले गोर्षाका ढुंगाको सोझो तन्मन् लाइ गऱ्याको हो. तस्तै जानि श्रीजिज्यूबाज्याले विवाहसंबंध बाँधनुभयाको हो. आज पनि सोहिबमोजिम एक घर जानि तेस्तरफको गर्न्या संभार गर्दै रहनुहोला.

बाँकी उदैपुर पिउठानाको हो भनि कसैले कुरा पार्दा जाँचनु बुझनु भनि विश्रामलाइ लेख्याको हो. श्रीबुबाज्यूका पाला कचहरि गरि बुझदा दाङको ठहराइ कार्किहरुलाई पक्कि सपुर्द गरिबक्सनुभयाको र बनारसबाट पाउलागनुभयापछि लालमोहर गरिबक्सनुभयाको विस्तार लेषनुभयेछ. हिजो श्रीजिज्यूबाज्याले गर्नुभयाको श्रीबुबाज्यूले थामिबक्सनुभयाको धर्म हामिले थामिबक्स्यैंकोछ. विश्रामका नाउमा उदैपुर हुलाक दंड छाडिदे भनि हटाउनाको मोहोर पठाजु. उदैपुर आफ्ना हात राषन्या र हुलाक दण्डको आमदनि केहि लियाको भया फिर्ता गराइलिन्या अर्थ गर्नुहोला. उपर विस्तार पछि लेषौंला.

इति सम्वत् १८६३ साल वैशाखसुदि ११ रोज २5 मुकाम कान्तिपुर शुभम्.

(इतिहासप्रकाशमा सन्धिपत्रसंग्रहक ो पहिलो भागका ४१०–४११ पृ.)

१५ श्लोक–

साना राजा=९ वर्षका श्री ५ गीर्वाणयुद्ध।

यो मातेव पितेव बन्धुरिव सत्स्त्रीव प्रभौ दासव–

च्चास्ते तत्र निधाय भीमसचिवे राज्यं नृपः क्रीडति ।।१८।।...

जो आफ्ना प्रभुविषे महतारि कै हित गर्दछन्. पिता कै उपदेशको वार्ता बिति गर्दछन्. बंधुवर्ग कै स्नेह गर्दछन्. सत्स्त्री कै सुख दिछन्. सेवामा दास कै जो रहंछन्.

(वाग्वतीको भीमसेन थापाको वि० सं० १८६८ को स्तम्भलेखवाट ।)

[जो आफ्ना मालिकमा आमा जस्तै, बाबु जस्तै, दाजुभाइ जस्तै, पतिव्रता स्वास्नी जस्तै, नोकर जस्तै छन्, त्यस्ता मन्त्री भीमसेन थापामा राज्यभार सुम्पी राजा निस्फिक्रीसँग रहनुहुन्छ ।]

(त्रिरत्न–सौन्दर्य–गाथाका २९३,२९७,३०० पृष्ठ ।)

अब भीमसेन थापाले एकलौटी राज्याधिकार पाउँदा वि० सं० १८६३ वैशाखमा नेपाल राज्यको सीमाना कहाँसम्म पुगेको थियो भन्ने विषयमा केही विचार गरिन्छ।

श्री ५ पृथ्वीनारायण शाहले वि० सं० १८३१ साउन ५ गते बिजयपुर जितेपछि सोही वर्ष असोज १३ गते नेपाल र सुखीमको सन्धि भयो । यस सन्धिअनुसार नेपाल र सुखीमको सीमाना टिस्टा नदी ठहर भयो।

(ऐ. शि. बाबुराम आचार्यको श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनीका ६११–६१३, ६२३–६२६ पृष्ठ।)

रणबहादुर शाह मारिएको खबर काजी अमरसिंह थापाले काँगडाको ज्वालामुखीमा सुने । त्यहाँ बाह्र तेह्र दिन जूठो बारेपछि उनी वि० सं० १८६३ को असार साउनतिर किल्लाकाँगडाको नजीकै पुगे भन्ने कुरा सूबा जयकिसन उपाध्यायको काजी अमरसिंह थापा की जीतों का वर्णननामक लेखमा लेखिएको छ।

(शिवप्रसाद डबराल "चारण" को उत्तराखण्ड का राजनैतिक तथा सांस्कृतिक इतिहासका ५ भागको १४८ पृष्ठ।)

१६ श्लोक–

पृथ्वी=श्री ५ पृथ्वीनारायण शाह।

---

५. यस दिनको गणना प्रकारको छ–

वि० सं० १८६३ वैशाखशुक्ल

| गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|
| वैशाख १८ | सोम | दशमी | ४। | ४४ |

(पात्रोबाट)

एकादशी टुटेको छ। यस कारण यो पत्र वैशाख १८ गते लेखिएको देखिन्छ।

षाड्गुण्य ।

सन्धिविग्रहासनयानसंश्रयद्वैधीभावाः षाड्गुण्यमित्याचार्याः ।।२।। तत्र पणबन्धः सन्धिः ।।६।। अपकारो विग्रहः ।।७।। उपेक्षणमासनम् ।।८।। अभ्युच्चयो यानम् ।।९।। परार्पणं संश्रयः ।।१०।। सन्धिविग्रहोपादानं द्वैधीभाव इति षड्गुणाः ।।११।।

(कौटलीय अर्थशास्त्र ७ अधिकरण १ अध्याय ।)

[सन्धि,विग्रह, आसन, यान, संश्रय, द्वैधीभाव यी ६ विषय षाड्गुण्य कहाउँछन् । शर्तबमोजिम काम गर्नु सन्धि कहाउँछ । काम बिगारिदिनु विग्रह कहाउँछ । निच मारेर बस्नु आसन कहाउँछ । जाइलाग्नु यान कहाउँछ । शरण पर्नु संश्रय कहाउँछ । शर्तबमोजिम काम पनि गर्दै रहनु, काम बिगार्दै पनि रहनु द्वैधीभाव कहाउँछ ।]

पृथ्वीनारायण शाहले एकै बाजि साफल्य पाएका होइनन् । उनी कहिले जित्थे, कहिले हार्थे ।

(श्री ५ पृथ्वीनारायण शाहका उपदेशका ६७२–६७३, ७१८–७४०, ७६८–७७४, ७८६–७८७, ८०३–८०५, ८१२–८१९, ८३६–८५३, ८५५–८७२, ८७४–८८२, ८८७–८९२, ९०९–९१२, ९१४–९१९ पृ. । म, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य, दिनेशराज पन्त मिली तयार गरेको यो ग्रन्थ जगदम्बा–प्रकाशनद्वारा प्रकाशित भएको छ । यसमा परेका चिठीपत्रहरूको सम्पादन धनवज्र वज्राचार्यले गरेका हुन् ।)

पृथ्वीनारायणको मूल बल सैनिक शक्ति मात्र थिएन, प्रजारञ्जनद्वारा पनि उनले आफ्नो शक्ति बढाएका थिए ।

(श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ३२४,३२७, ८३०,८७६–८७७ पृष्ठ ।)

धेरै कालको अनुभवले उनलाई राजनीति बुझाइदिएको थियो ।

१७ श्लोक–

मेरा साना दुषले आर्ज्याको मलुक होईन. सबै जातको फुल्बारि हो. सबैलाई चेतना भया यो फुल्बारिको छोटा बडा चारै जात छतिसै बर्नले यो असिल् हिन्दुस्थाना हो. आफ्ना कुलाधर्म नछोड्नु.

पजनि गर्दामा पनि सये नालका कंम्पनी जमाउनु र सये नालका सुबेदार चार पाच लडाजीमा जस पाई आयाका यस्ता आफुले जाचि सुबेदार हाल्नु. सुबेदारले पनि सातपगरि दुई चार बाढ षायाका यस्ता सातपगरि हाल्नु. सातपगरिले स्वह्र हुदा हाल्दा आफुसित मर्ने मार्न्य जाची १६ हुदा हाल्नु. १६ हुदाले पनि आफुसित मर्ने मार्न्य जाची सिपाही हालि आफ्ना आफ्नापट्टि भर्ना गर्नु.

(पृथ्वीनारायणको उपदेशबाट । श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ३२५,३२६ पृष्ठ ।)

भाजुका धान् उमराले षायेछ. षायो तपनि निर्उरिबाट निकासिदिउला. भवकोट उमरालाई रिशानि गरि मोहर लेषि पठाउँछौं.

(श्री ५ पृथ्वीनारायण शाहले नीलकण्ठ जोशीलाई लेखेको पत्रबाट । श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ९४७ पृष्ठ ।)

१८ श्लोक–

वि॰सं० १८५५ भदौ ३० गतेको एक लालमोहरबाट भीमसेन थापा त्यही ताका जागीरे भएका थिए भन्ने बुझिए तापनि श्री ५ रणबहादुर शाहले वि०सं० १८५५ फागुन २८ गते गीर्वाणयुद्धविक्रमलाई राज्य दिंदा गरेको ताम्रपत्रमा सहिछाप हाल्ने भारादारहरूमा उनको नाउँ नपरेकोले उनी ठूलो पदमा थिएनन् भन्ने बुझिन्छ । रणबहादुर शाह काशी छँदा लेखिएको एक पत्रमा भीमसेन थापालाई सरदार भनी लेखिएकोले उनले पछि मात्र सरदारी मान पाएको देखिन्छ । रणबहादुर शाह काशीबाट फर्केपछि वि०सं० १८६१ जेठ ७ गते मात्र काजी भएका भीमसेन थापा रणबहादुर शाह मारिएपछि वि०सं० १८६३ वैशाख १४ गते एक्कासि राज्यको हर्ताकर्ता हुन पुगे ।

(जनरल भीमसेन थापा र तत्कालीन नेपालका २५४–२५५ पृष्ठ, श्री ५ रणबहादुर शाहका ११८–१२३ पृष्ठ, यही निबन्धको १३ श्लोकको टिप्पणी, जनरल भीमसेन थापा र तत्कालीन नेपालका २५२–२५३ पृष्ठ।)

काजी त्रिभुवन प्रधान तथा काजी नरसिंह गुरुङ माथिल्लो तहका भारादार थिए।

भोटमा राखिएका चिनिया प्रतिनिधिहरूले राजा गीर्वाणयुद्धविक्रम शाह तथा काजी दामोदर पाँडे, त्रिभुवन प्रधान, नरसिंह गुरुङ र कीर्तिमानसिंह बस्न्यातलाई पठाएको पत्रबाट त्रिभुवन प्रधान र नरसिंह गुरुङ ४ काजीमध्ये पर्थे भन्ने बुझिन्छ।

(श्री ५ रणबहादुर शाहका १३४–१३६ पृष्ठ।)

स्वामी महाराज रणबहादुर शाह काशीबाट फर्केपछि काशी बस्दा उनलाई लाएको ऋण तिर्न फलाना फलाना भारादारहरूले यति यति रुपियाँ बुझाउनू भन्ने आदेश दिइएको थियो। त्यस आदेशपत्रमा

काजि दलभंजन पाँडे – ५०० ॥
काजि भीमसेन थापा – ५०० ॥
काजि त्रिभुवन – ५०० ॥
काजि जहरसिंह – ५०० ॥
काजि नरसिंह – ५०० ॥
बाक्सी नाहसिं – ४००
काजि अमरसिंह थापा –५०० ॥

(श्री ५ रणबहादुर शाहको १४० पृष्ठ)

भनी लेखिएकोले काजी त्रिभुवन प्रधान र काजी नरसिंह गुरुङ माथिल्ला भारादारमा पर्थे भन्ने बुझिन्छ ।

नरसिंह गुरुङले खाएको जागीर, सतलजसम्म नेपालको सिमाना पुऱ्याइसकेका काजी अमर-

सिंह थापा (बूढा)ले नरसिंह गुरुङ मारिएको ५ वर्षपछि वि०सं० १८६८ मा पाएकाले नरसिंह गुरुङ माथिल्ला भारादार थिए भन्ने बुझिन्छ।

(सूर्यविक्रम ज्ञवालीको अमरसिंह थापाको ४९ पृष्ठ, योगी नरहरिनाथद्वारा *सम्पादित इतिहास-प्रकाश* १ अङ्कका १४६–१४७ पृष्ठ।)

श्री ५ रणबहादुर शाहसँगसँगै उनका दुइ भाइ विदुर शाह र शेरबहादुर शाह मारिएकाले श्री ५ पृथ्वीनारायण शाहका सन्तानमा प्रभावशाली व्यक्ति कोही पनि बाँकी रहेनन्। नौ वर्षका राजा गीर्वाणयुद्धको हातबाट राजकाज चल्नु सम्भव थिएन। यस कारण शासनमा राजवंशको प्रभाव अत्यन्त गिर्‍यो। त्रिभुवन प्रधान र नरसिंह गुरुङ मारिँदा नेवार र गुरुङ राजकाजबाट बाहिरिए। यस किसिमबाट अरू जातको प्रभाव गिराई भीमसेन थापाले खसराज्य खडा गरे। खसमा पनि अनुभवी राजनीतिज्ञ दामोदर पाँडे अघिबाटै मारिएका र बखतवारसिंह बस्न्यात काजको बहाना गरी राजधानीबाहिरै अलमल्याइएकाले[6] श्री ५ पृथ्वीनारायण शाहको पालादेखि राजकाजमा ठूलो हात भएका पाँडे बस्न्यातमाका प्रभावशाली व्यक्ति मूल शासनमा कोही रहेनन्। अनुभवहीन भीमसेन थापा र उनका अनुयायीहरूको हातबाट राजकाज चल्न लाग्यो।

१९ श्लोक–

हर्म्य=महल।

पृथ्वीनारायण शाहको नीतिको ठीक उल्टो नीति भीमसेन थापाको थियो।

भीमसेन थापाले आफू बस्न ठूलो बागदरबार बनाए। भीमसेन थापाको पालाभर भीमसेन थापा, उनका बाबु, भाइ भतिजाबाहेक अरू जर्नेल भएको थाहा पाइएको छैन।

(त्रिरत्न-सौन्दर्य-गाथाको मेरो उपोद्घातको श्री ५ पृथ्वीनारायण शाह र भीमसेन थापा भन्ने प्रकरण (५९–७२ पृष्ठ) यस प्रसङ्गमा पठनीय छ।)

२० श्लोक-

वि०सं० १८७० सम्म फ्रान्सका सम्राट् नेपोलियन बोनापार्टसँग अङ्ग्रेजहरूलाई ठूलो डर थियो। यस कारण नेपालसँग लडाइँ खोल्न अङ्ग्रेजहरू दच्केका थिए। नेपालिय्नको डर कम भएपछि एउटा निहुँ झिकी अङ्ग्रेजहरूले वि०सं० १८७१ मा नेपालसँग लडाइँ खोले। पाँच मुखबाट नेपालमा आक्रमण गर्न आएको अङ्ग्रेजी सैन्यलाई ३ ठाउँमा नेपालीहरूले हराई धपाए, २ ठाउँमा चाहिं आफूहरूले अङ्ग्रेजबाट हार खाए। हार खाएकै ठाउँमा पनि बलभद्र कँवरले थोरै सैनिकको भरमा निकै धेरै अङ्ग्रेजी सैन्यको मुकाबिला गरेका थिए।

फ्रान्सको डरले नेपालसँग लडाइँ खोल्न अङ्ग्रेजहरू दच्केका थिए। तर भीमसेन थापाले मेरा बा सीमानामा बसेकाले अङ्ग्रेजले नेपालमा हमला गर्न सकेको छैन भनी प्रख्यापन गराएका थिए।

(पूर्णिमा २१ पूर्णाङ्कमा छापिएको महेशराज पन्तको वीर भक्ति थापा भन्ने निबन्ध, सो अङ्कका

६. इतिहास–प्रकाश १ अङ्कका २२–२४ पृष्ठ

२८–२९ पृष्ठ; पूर्णिमा २६ पूर्णाङ्कमा छापिएको महेशराज पन्तको नेपालसँग लडाइँ खोल्नुअघि अङ्ग्रेजहरूले गुप्त भेषमा गरेको नेपाल–भोटभ्रमण भन्ने निबन्ध, सो अङ्कको ८७ पृष्ठ; बाबुराम आचार्य र उहाँका कृतिमा छापिएको बाबुराम आचार्यको नेपाल–अङ्ग्रेज–युद्ध भन्ने निबन्ध, सो ग्रन्थका ३८–५९ पृष्ठ; त्रिरत्न–सौन्दर्य–गाथाको ६६ पृष्ठ ।)

अक्टरलोनीले आफ्ना छोरासँग अमरसिंह थापा (बूढा) का छोराको मीत लाउन लगाई अमरसिंह थापाको मनमा अङ्ग्रेज हाम्रा मित्र हुन् भन्ने भ्रम पारिदिए । अङ्ग्रेजहरूले हामीले बलभद्र कँवरलाई नालापानीको लडाइँमा मारिदियौं भन्ने असत्य प्रचार गरी कुमाउमा रहेको नेपाली सैन्यको मस्ती गलाइदिए । नेपालीहरूमा षाड्गुण्यबुद्धिको अभाव भएकोले यस्ता कुरा गरी अङ्ग्रेजहरूले फाइदा उठाएका हुन् ।

पृथ्वीनारायण शाहको मृत्यु भएको ४० वर्षपछि अङ्ग्रेजसँग नेपालको लडाइँ भयो । यो लडाइँ अवश्यम्भावी छ भनी पृथ्वीनारायणले ४० वर्षअगाडि नै बोलेका थिए । परन्तु १ वर्षपछि हुने लडाइँको विषयमा पनि तात्कालिक भारादारहरूले विचार गर्न सकेनन् ।

(पूर्णिमा ९ पूर्णाङ्कका ४८–६४ पृष्ठमा छापिएको महेशराज पन्तको नेपाल–अंग्रेजयुद्ध शुरू हुनुभन्दा १ वर्षअगाडि अमरसिंह थापाका छोरा र अक्टरलोनीका छोराले मितेरी लाएथे भन्ने निबन्ध, पूर्णिमा १ पूर्णाङ्कका ४७–५८ पृष्ठमा छापिएको महेशराज पन्तको वि०सं० १८७१–७२ को नेपाल–अङ्ग्रेजयुद्धमा नेपालले हार्नामा एउटा ठूलो कारण भन्ने निबन्ध, श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ३२२ पृष्ठ ।)

॥ दफा तेस्रो ॥३॥

राजा नेपाल माफिक् तल लेष्याका सवाल सब जमीन्को भोग अहाली सर्कार कम्पनी अङ्गरेज बहादूरलाई सदा सर्वदा सपुर्द गर्दछु ।

तप्सील्

पहिले सबै जमीन तराइको बाकै बीच दरियाव काली औ दरियाव राप्तिको.

दोश्रो सब जमीन् राप्ति औ कालीगंडकका बीचका तराइको.

तेस्रो जमीन् कालीगंडक् औ कौशिकाका बीचका तराइको जो छ. उस्मा अमल व वन्दोबस्त सरकार कम्पनी अङ्गरेज बहादूरको भैरहेछ या जारि हुनु उसको प्रारम्भ भैरहेछ.

चौथो सब जिमि तराइको मेची नदि औ तिस्टा नदीका बीचको.

पाँचौ सब जमिन मेची नदिपूर्वका पाहाडको मैघरि औ जमीन् नगरी औ घाट नगरकोटको. उस्मा मोरङदेषी पाहाड चढन्या बाटो छ. यस्निमित्त उस् घाटको र उस् नगरिका लेष्यामाफीकका सब जीमिमा रह्याको सरकार नेपालको फौज जो छ. सो यो अहदनामामा लेष्याका मितिदेषी चालिस दिनका बिचमा उठि जाला ॥ ...

॥ दफा पाँचौ ॥५॥

राजा नेपाल काली दरियावपछिमका सब मुलुक् क्या आफना तरफबाट क्या सन्तानका तरफबाट क्या भाइभैयादबाट पुस्त दरपुस्त छोडिकन कसै तरहले पनि उसको दावा नगर्नु . औ येस् मुलुकमा र येस् मुलुकमा रहन्या मानिसमाथी कौने तरहको इलाका र सरोकार नराषनु भनी करार गर्छन् ॥

(सुगौलीसन्धिपत्रबाट । इतिहासप्रकाशमा सन्धिपत्रसङ्ग्रहको पहिलो भागको ८२ पृष्ठ ।)

भूम्येकदेशत्यागेन शेषप्रकृतिरक्षणम् ।
आदिष्टसन्धिस्तत्रेष्टो गूढस्तैनोपघातिनः ॥३३॥

(कौटलीय अर्थशास्त्र ७ अधिकरण ३ अध्याय ।)

[आफ्नो केही राज्य छोडेर बाँकी राज्य जोगाउन गर्नु परेको सन्धिलाई आदिष्ट सन्धि भन्छन् । आदिष्ट सन्धि गरी शत्रुको राज्यमा गुप्त हिसाबले चोरहरू उठाई तोडफोड गराउन सके आदिष्ट सन्धि गरे पनि आफूलाई धेरै नोक्सान हुँदैन ।]

यताबाट सुगौलीसन्धि नेपालको लागि आदिष्ट सन्धि थियो भन्ने बुझिन्छ ।

अङ्ग्रेजी राज्यमा तोडफोड गराउने काम भीमसेन थापाले गराउन नसकेकाले यस आदिष्ट सन्धिबाट नेपाललाई ठूलो हानि भयो ।

२१–२३ श्लोक

सन्धिपछि नेपालको राजधानीमा बस्न आएका अङ्ग्रेज राजदूतहरूको इच्छा नेपालको राजकाजमा हात हाली नेपालको सैन्यशक्ति तोडिदिने थियो । तर नेपाल राज्यको ३ खण्डको १ खण्ड गुमाएपछि चेतेका भीमसेन थापाले अङ्ग्रेज दूतले नेपालीहरूसँग सम्पर्क राख्न नपाऊन् भनी दूतावास र मूल शहरको बीचमा चौकी खडा गराई दूतावासमा आवतजावत गर्ने र समचार ओहोरोदोहरो गर्ने काममा प्रतिबन्ध लगाएकाले अङ्ग्रेज राजदूत एक प्रकारले नजरबन्दी अवस्थामा पुगे । हातहतियार प्रशस्त बनाउने, फौजको सङ्ख्या बढाउने र फौजलाई बढी तालीम दिने व्यवस्था गरी भीमसेन थापाले नेपालको साङ्ग्रामिक शक्ति बढाए । यसको साथसाथै उनले अङ्ग्रेजका शत्रुहरूसँग आफ्नो पहुँचले भ्याएसम्म सम्पर्क राख्ने काम गरेका थिए । राजनीतिको विषय परेका जानेबुझेसम्मका संस्कृत पुस्तकहरूलाई नेपालीमा उल्था गराउने काम पनि भीमसेन थापाले गरेका थिए । नेपालराज्य जोगाउन मौका परे अङ्ग्रेजसँग फेरि भिड्ने विचार लिएका भीमसेन थापाका यी प्रयत्नले संसारको एकलो हिन्दू राज्य बचेको हो ।

(गल्लीमा फ्याँकिएका कसिङ्गरको उद्घापोतका ६९–९४ पृष्ठ । भवानीदत्त पाँडेले नेपालीमा अनुवाद गरेका मुद्राराक्षसहरूका प्रकीर्णक पत्र मेरो विस्तृत उपोद्घातसहित भोलानाथ पौडेल र धनबज्र वज्राचार्यद्वारा सम्पादित भई जगदम्बा–प्रकाशनद्वारा प्रकाशित भएको छ ।)

२४ श्लोक–

राजा बालक अथवा रोगी हुँदा मन्त्रीको हातमा राज्यशक्ति जान्छ । यस्तो अवस्थालाई राजव्यसन

भन्छन् । योग्य मन्त्रीले राजव्यसन हटाई राजालाई उचित शिक्षा दिँदै समर्थ पारी राजकाज सुम्पिदिनुपर्छ भनी कौटल्यले बोलेका छन् । भीमसेन थापाले यही नीतिअनुसार श्री ५ राजेन्द्रविक्रम शाहलाई योग्य बनाई राज्य सुम्पिदिएका भए राजाको, राज्यको र उनको पनि हित हुन्थ्यो ।

(त्रिरत्न–सौन्दर्य–गाथाका ७३–८१ पृष्ठ ।)

२५ श्लोक–

एकतीस वर्षसम्म हर्ताकर्ता भई एक टङ्कारसँग शासन गरेका भीमसेन थापा ६२ वर्षको उमेरको वि० सं० १८९४ साउनमा कैदमा परे। केही कालपछि कैदबाट छुटी फेरि कैदमा परेका ६४ वर्षको उमेर भएका मनस्वी भीमसेन थापा अपमान सहन नसकी कैदमै सेरिए । नौ दिनसम्म अत्यन्त दुःख पाई वि० सं० १८९६ साउन १६ गते भीमसेन थापाले प्राणत्याग गरे । शेरबहादुर शाहहरूका लाशको जुन गति भीमसेन थापाले गराएका थिए, ३३ वर्षपछि भीमसेन थापाको लाशको त्यही गति भयो । यी सबै कुरा सम्झदा मेरो शरीरमा रोमाञ्च हुन्छ ।

(त्रिरत्न–सौन्दर्य–गाथाका ७३–७६ पृष्ठ,जनरल भीमसेन थापा र तत्कालीन नेपालका ४५-६४ पृष्ठ ।)

# श्रीमान् यदुनाथ खनालज्यूले आफ्नो विद्वत्ता देखाउने समय आएको छ

( २ सङ्ख्या )

**–नयराज पन्त**

श्रीमान् केशरबहादुर खत्री क्षत्रीले धर्ममा खलल पार्ने तथा असत्य कुरालाई इतिहास भनी लेखी देशविदेशमा जुन कुरा प्रचार गर्नुभयो, त्यसको सप्रमाण विरोध इतिहास–संशोधनले गर्‍यो[1] । स्वदेशीहरूले बडो कष्टपूर्वक प्रकाश गरेका अभिलेखहरूलाई विदेशीका नाममा दर्ता गराउने काम पनि केशरबहादुरजीले जो गर्नुभयो, त्यसको पनि इतिहास–संशोधनहरूले विरोध गरे[2] । यी कुराले अत्यन्त क्रुद्ध भएका

१. धनवज्र वज्राचार्य, ज्ञानमणि नेपालको इतिहास–संशोधन ५ सङ्ख्या ।

२. धनवज्र वज्राचार्यको इतिहास–संशोधन ९ सङ्ख्या ।

रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलको अभिलेख–सङ्ग्रहको पहिलो भागका २०–२१ पृष्ठ ।

केशरबहादुरजीले इतिहास-संशोधनको नामनिशान मेटिदिन आफ्नो शक्तिले भ्याएसम्म प्रयत्न गर्नुभयो[3]। यस कुराको प्रचार विद्यार्थीहरूले गर्दा[4] केशरबहादुरजीको ढाल बनी यदुनाथजीले वसुधामा विद्यार्थीहरूको निन्दा छपाउनुभयो[5]।

श्रीगुरु पण्डितराज सोमनाथ सिग्द्यालको जीवनचरित्रको विषयमा आफूले जानेबुझेसम्मका कुरा मैले पूर्णिमा २८ अङ्कमा लेखी प्रकाश गराएँ। त्यहाँ मैले यथार्थ कुरो लेखेको छु। यो कुरो म दाबीसाथ भन्छु। यथार्थ कुरो प्रकाश हुँदै गएमा अर्थसङ्ग्रहशास्त्रीजीहरूको योग्यता दुनियाँले थाह पाउँदै जाने र अर्थसङ्ग्रहमा बाधा पर्दै जाने हुनाले मेरो सो लेख उहाँहरूलाई रुचिकर नहुनु स्वाभाविक थियो। यही अवसरमा यदुनाथ खनालजीले मलाई आफ्नो लेखमा सशोधन गर भन्ने आज्ञा श्रद्धाञ्जलिः (स्वर्गीयपण्डितराजश्रीसोमनाथसिग्देलं प्रति) मा दिनुभयो।

आफ्नो लेखमा संशोधन गर्न म तयार छु, मेरो लेखमा कहाँ के के दोष परेको छ, यदुनाथजीले ती दोष देखाइदिनुभए बढिया हुन्थ्यो भन्ने कुरा मैले पूर्णिमा ३० अङ्कमा श्रीमान् यदुनाथ खनालज्यूले आफ्नो विद्वत्ता देखाउने समय आएको छ भन्ने निबन्धमा लेखें। मेरो लेखमा सप्रमाण दोष देखाउन नसकी नानाथरीका कुरा गर्न अहिले यदुनाथजी लाग्नुभएको जस्तो देखिन्छ।

सोमनाथ नेपालमा श्रेष्ठ विद्वान् हुनुहुन्थ्यो, उहाँका धेरै शिष्यहरू भिन्न भिन्न विषयमा आचार्य परीक्षामा उत्तीर्ण हुनुभएको छ, उहाँका ग्रन्थले उहाँलाई अमर पारिदिएका छन्, उहाँलाई म सधैं सम्झिरहन्छु भनी पूर्णिमा २८ अङ्कमा मैले लेखेको छु। जस्तै-

प्रौढं काव्यं बुधजनमनोहारि साहित्यदीपं भट्टोजीयां कृतिमभिनवं संस्कृतं रूपमाप्ताम्।

अन्यान् ग्रन्थानपि कतिपयान् बालकानां हिताय कृत्वा लेभे धनमथ यशः पण्डितः सोमनाथः॥६॥

[सोमनाथले आदर्शराघव महाकाव्य, साहित्यप्रदीप, प्रतिसंस्कृता सिद्धान्तकौमुदी बनाउनुभयो। यी ग्रन्थ विद्वान्हरूका लागि उपयुक्त छन्। बालकहरूलाई उपयोगी अरू धेरै किताप सोमनाथले बनाउनुभयो। यस कामबाट सोमनाथलाई धन र यश दुवै मिल्यो।]

सोमनाथ गुरुले बनाउनुभएका हामीलाई थाहा भएका प्रकाशित ग्रन्थहरू-

१. आदर्शराघव
२. साहित्यप्रदीप
३. प्रतिसंस्कृता सिद्धान्तकौमुदी
४. मध्यचन्द्रिका
५. लघुचन्द्रिका
६. अनुवादचन्द्रिका (१-४ भाग)
७. संस्कृतचन्द्रिका
८. आदर्शराघवपुष्पाञ्जलि

---

३. पूर्णिमा ३० अङ्कमा छापिएको श्रीमान् यदुनाथ खनालज्यूले आपनो विद्वत्ता देखाउने समय आएको छ भन्ने मेरो निबन्ध। सो अङ्कका ८४-९७ पृष्ठ।

४. पूर्णिमा ३० अङ्कका ९७-९८ पृष्ठ।

५. पूर्णिमा ३० अङ्कका ९८-९९ पृष्ठ।

९. सुन्दरचम्पू
१०. उपदेशशतक (अनुवाद)
११. चारुचर्या (अनुवाद)
१२. सनातन धर्मसन्देश
१३. सुधारकार्यविवरण

...आदर्शराघव, साहित्यप्रदीप, प्रतिसंस्कृता सिद्धान्तकौमुदीहरू माथिल्ला कक्षाका छन् । यिनको विषयमा भिन्नै निबन्धमा विचार गर्नु आवश्यक छ ।

(२०९–२१० पृष्ठ)

भूरीञ् शिष्यान् विविधविषयान् पाठयन् लब्धकीर्तिराचार्याणामपि गुरुरभूत् सोमनाथो मनीषी ।
संमानार्थी विविधपदवीः शासकानुग्रहेण सोमः प्राप्नोत् स सुचिरमभूदग्रणीः पण्डितानाम् ॥९॥

[सोमनाथ धेरै विद्यार्थीहरूलाई विभिन्न विषय पढाउनुहुन्थ्यो । विद्वान् सोमनाथका धेरै विद्यार्थीहरू आचार्य परीक्षामा उत्तीर्ण भए । शासकहरूको कृपाले सोमनाथले धेरै पदवीहरू पाउनुभयो । सोमनाथ धेरै कालसम्म श्रेष्ठ पण्डित भई रहनुभयो ।]

सोमनाथ गुरुका शिष्यहरूमा साहित्याचार्य, वेदान्ताचार्य सर्वदर्शनाचार्य, धर्मशास्त्राचार्य, साङ्ख्ययोगाचार्यहरू प्रसिद्ध विद्वान् हुनुहुन्छ ।

(२१३–२१४ पृष्ठ)

स्वर्यातोऽपि स्वकृतिवपुषा भूतले वर्तमानो जिज्ञासुभ्यो वितरतु चिरं दर्शनं सोमनाथः ।
विद्यावंशः प्रसरतु शुभः पण्डितेशस्य तस्य तस्मै शान्तिं प्रदिशतु शिवस्तद्गृहे स्ताच्छिवं च॥१३॥

[स्वर्ग जानुभए तापनि आफ्ना कृतिहरूद्वारा पृथ्वीतलमा रहनुभएका सोमनाथको दर्शन जिज्ञासुहरूले धेरै कालसम्म पाइरहून् । पण्डितराज सोमनाथको विद्यावंश राम्ररी चलोस् । सोमनाथलाई पशुपतिनाथबाट शान्ति मिलोस् । उहाँको घरमा कल्याण होस् ।]

(२२५–२२६ पृष्ठ)

मध्यमामा १ पत्र व्युत्पत्तिको थियो । सो पत्र प्रधानाध्यापक पढाउनुहुन्थ्यो । त्यस वर्ष परीक्षामा पञ्चतन्त्र पनि रहेकोले पञ्चतन्त्रलाई व्युत्पत्तिको रूपमा पढाउने श्रीगुरु पण्डितवर सोमनाथजीको निर्णय भएछ । त्यो पढ्न म पनि उहाँको कोठामा पुगें । उहाँको पढाइ बडो रवाफिलो ढङ्गको थियो । व्याख्यानात्मक ढङ्गले उहाँ पढाउनुहुन्थ्यो । पुस्तकका कुराभन्दा बाहिरिया विषयका कुरा ल्याई पढाउने उहाँको स्वभाव थियो । त्यस शैलीले म प्रभावित भएँ । ... काशीमा ज्यौतिषमध्यमाको परीक्षा दिन जाने भएँ । सोमनाथ गुरुले संस्कृत लेखन राम्ररी सिक्नुपर्छ भन्ने उपदेश दिनुभयो र मलाई २ महीना जति व्यक्तिगत रूपमा अनुवाद गर्न सिकाइदिनुभयो । अहिले म नेपाली तथा संस्कृतमा जो लेख्छु, यसमा श्रीगुरु देवीदत्त पराजुली र श्रीगुरु सोमनाथ सिग्द्यालकै कृपा छ । ··· मैले श्रीगुरु सोमनाथसँग मुद्राराक्षस, मृच्छकटिक, मालविकाग्निमित्र, उत्तररामचरित, कादम्बरी, नैषध, साहित्यदर्पण पढेको छु । ··· रानीपोखरी संस्कृतपाठशालामा अध्यापक भइसकेपछि साङ्ख्यतत्त्वकौमुदी र अलिविलासिसंलापका आफूले नबुझेका भाग श्रीगुरु सोमनाथ-

सँग मैले पढेको छु । मुक्तावली, काव्यप्रकाश, शाङ्करभाष्य आदि ग्रन्थ सोमनाथ गुरुले पढाउन लाग्दा मैले सावधान भई सुनेको छु । यसै कारणले म सोमनाथ गुरुलाई सधैं सम्झिरहन्छु ।

(१९२–१९३ पृष्ठ)

अहिले यदुनाथजीले मधुपर्क ७ वर्ष ६ अङ्कमा छापिएको पण्डितराज सोमनाथलाई फर्केर हेर्दा भन्ने आफ्नो निबन्धमा यस्तो लेख्नुभएको रहेछ –

नयराजजीको चित्रणमा सोमनाथको विद्वत्ता, विद्यासेवा र अनेक प्रकाशित कृतिहरूले आफ्नो अन्तर्निहित महत्व अनुरुप रचनामा स्थान पाएनन् । ... इतिहासकारले होइन कि उपहासकारले खिचेको जस्तो विकृत चित्र त्यहाँ उत्रेको छ ।

(१०८ पृष्ठ)

यदुनाथजीका यी वाक्य सत्यसँग सम्बद्ध छन् वा छैनन् भन्ने कुरा मैले भन्नुभन्दा विवेकी विद्वान् आफैं विचार गर्न सक्नुहुन्छ ।

सोमनाथ गुरु, मेरा पिता पं० कृष्णदत्त पन्त, मेरा मातामह पं० भुवननाथ पाँडे सँगसँगै केही काल रानीपोखरी पाठशालामा अध्यापक हुनुहुन्थ्यो । मेरा पिताजीको जागीर खोसियो तथा केही कालपछि वि० सं० १९७१ माघ २७ गते उहाँको स्वर्गवास भयो । यही ताका तात्कालिक प्रधानाध्यापक पं०विष्णुहरि रिमालको स्वर्गवास भयो । त्यसपछि श्रीगुरु सोमनाथ प्रधानाध्यापक हुनुभयो । सोमनाथ गुरुको प्रधानाध्यापकत्वमा पनि मेरा मातामह पाठशालामा ५ वर्षसम्म अध्यापक हुनुहुन्थ्यो । त्यही अवधिका कुनै वर्षमा मैले सोमनाथ गुरुको दर्शन पाएको हुँ । मेरा मातामह पछि नारायणहिटीराजदरबारमा सारिनुभयो । पछि ७० वर्ष पुगेपछि उहाँले आफूखुशी जागीर पनि छोड्नुभयो । मेरा मातामहले पाठशाला छोडेपछि सोमनाथ गुरुसँग उहाँको सम्बन्ध कम भयो तापनि गुरुज्यू हेमराजका दुवैजना विश्वस्त पुरुष हुनुभएकाले दुवैजनाको सम्बन्ध केही मात्रामा रही नै रह्यो । गुरुज्यू यहाँ नभएको वेलामा पनि प्रतिवर्षका पञ्चाङ्गहरूको संशोधन त गर्नैपथ्र्यो, त्यसमा बीचबीचमा बाहिरबाट आक्षेप पनि आउँथे तथा गोरखापत्रमा छापिन्थे । तिनको उत्तर तुरुन्त दिनु आवश्यक हुन्थ्यो । यस्तो विषयमा कहिलेकहीं परामर्श गर्न श्रीगुरु सोमनाथ मेरा मातामहकहाँ आउनु पनि हुन्थ्यो । यो कुरा मैले देखेको हुँ । मातामहसँगसँगै प्राय: रहने मलाई सोमनाथ गुरुले बालककालदेखि नै चिन्नुभएको हो । उहाँसँग मैले पढें र उहाँको मातहतमा रही १७ वर्ष काम गरें । यस कारण आफ्नो परीक्षाको श्रेणीको विषयमा पनि सोमनाथ गुरुले मसँग असत्य बोल्नुभयो होला भनी मैले कल्पना पनि गर्न नसक्ने भएकोले सोमनाथ गुरु न्यायवैशेषिकोपाध्याय हुनुहुन्थ्यो भनी पूर्णिमामा मैले लेखें[6] । परन्तु सोमनाथ गुरुको जीवनचरित्रका प्रामाणिक ज्ञाता आफूहरूलाई मात्र मान्ने प्राध्यापक रामचन्द्र पौडेल, प्राध्यापक हरिनाथ ढुङ्गेल आदिले मेरो लेखमा अप्रामाणिकता ल्याउन सोमनाथ गुरु न्यायवैशेषिकाचार्य

६. पूर्णिमा २८ अङ्क २०५ पृष्ठ ।

हुनुहुन्थ्यो भनी छपाउनुभयो[7]। यस कुराले मलाई अप्ठ्यारोमा पारिदियो। सोमनाथ गुरुले साक्षात आफ्नो विषयमा बोल्नुभएको कुरा नपत्याऊँ कसरी, रामचन्द्रजीहरूका लेखको खण्डन गरूँ कसरी। उहाँहरूले सोमनाथ गुरुको प्रमाणपत्र छपाइदिनुभएको भए म तुरुन्त आफ्नो भूल स्वीकार गर्थें। त्यस वेला सोमनाथ गुरुले भन्नुभएको कुरा मैले राम्रोसँग बुझ्दिनछु कित भनी चित्त बुझाएर बस्थें। यस कारण आफ्नो भूल स्वीकार गर्नुभन्दा पहिले मैले यस विषयको प्रमाण खोज्नु आवश्यक सम्झें र मदनपुरस्कारपुस्तकालयमा यस विषयमा केही पाइन्छ कि भनी दिनेशराजलाई पठाएँ। त्यहाँ सुन्दरी पत्रिकामा सोमनाथ गुरुले आफूलाई न्यायवैशेषिकोपाध्याय लेखनुभएको भेटियो। यताबाट सोमनाथ गुरुले मसँग सत्य कुरा बोल्नुभएको रहेछ भन्ने कुराको प्रमाण मैले भेट्टाएँ। यही कुरा मैले पूर्णिमामा छपाएँ[8]। यसमा मैले के बिराएँ, केही बुझ्न सक्दिनँ।

यदुनाथजीले आफ्नो सो लेखमा मूलमा

सोमनाथ आचार्य हुन् कि उपाध्याय मात्र हुन् भन्ने तथ्य पत्ता लगाउन नयराजजीले निकै मिहिनेत गर्नु भएछ।

भनी लेखी त्यसको टिप्पणीमा

काशीमा परीक्षा दिन जाने विद्यार्थीहरूको फाराममा सोमनाथले "काव्यतीर्थ–न्यायवैशेषिकोपाध्यायोपाधि भूषित सिग्द्यालोपाव्ह सोमनाथ शर्मणोऽन्तेवासी" भनी लेख्ने गर्दथे। मेरो मध्यमाको फाराममा पनि "काव्यतीर्थन्यायवैशेषिकोपाध्यायोपाधिभूषित सिग्द्यालोपाव्ह सोमनाथ शर्मण प्रधानाध्यापकत्वे व्याकरणोपाध्यायोपाधिभूषितपौडाचालोपाव्ह टेकनाथ शर्मणोऽन्तेवासी" भन्ने लेखिएको थियो। यस अवस्थामा उपरोक्त अनुसन्धानबाट मलाई विशेष रहस्योद्घाटन भएको अनुभव भएन।

(मधुपर्क १०७ पृष्ठ)

यस्तो लेख्नुभएको रहेछ।

यहाँनिर यदुनाथजीसँग म एउटा कुरा भन्छु। उहाँले थाहा पाउनुभएको यो कुरा मेरो लेख खण्डन गर्न तम्सनुभएका रामचन्द्र, हरिनाथजीहरूलाई अघिबाटै सम्झाइदिनुभएको भए अथवा मलाई आफ्नो लेखमा संशोधन गर्नू भन्ने आज्ञा दिए जस्तै उहाँहरूले लेख प्रकाश गरिसकेपछि उहाँहरूसँग पनि त्यस्तै व्यवहार गर्न सक्नुभएको भए मैले दिनेशराजलाई मदनपुरस्कारपुस्तकालयसम्म पठाउनै पर्दैनथ्यो। कसैको मिथ्या

---

७. मर्यादा ३ वर्ष २ अङ्कमा छापिएको रामचन्द्र पौडेलको पण्डितराज श्रीसोमनाथ सिग्देलज्यूको संक्षिप्त जीवनी भन्ने निबन्ध। सो अङ्कको ६२ पृष्ठ।

बद्रीनाथ अधिकारी, हरिनाथ डुङ्गेलद्वारा रचित, दामोदर कोइरालाद्वारा अनूदित पण्डितराजसोमनाथशर्मणो जीवनचरितम्को ५ पृष्ठ।

८. पूर्णिमा ३० अङ्क १०९ पृष्ठ।

प्रशंसा वा मिथ्या निन्दा प्रकाश नहोओस् भन्ने भाव लिने हो भने सानो सानो कुराको पनि परीक्षा गर्नु आवश्यक हुन्छ भने कुरा प्रामाणिक ऐतिहासिकहरू स्वीकार गर्छन् ।

सोमनाथ गुरुले आफैंले लेखी बोली प्रचार गर्नु भएको आफ्नो परीक्षाको श्रेणीलाई मैले लेख्दा मेरो कुरा खण्डन गर्ने विद्वान्हरूले लेख छपाउनुभयो । मैले आफ्नो कुराको प्रमाण छपाउँदा यो कुरो सबैलाई थाहा थियो भनी यदुनाथजी आफ्नो अगाध चातुर्यको परिचय दिन लाग्नुभएको छ ।

जीवित रहँदा नै विचारको आदान–प्रदान भयो भने अस्पष्टताको स्पष्टीकरण र अनुचित आलोचनाको खण्डन हुन सक्तछ । कुनै व्यक्ति परलोक भएपछि उसको जीवनको सारबारे लेख्दा इतिहासकारप्रति अझ जटिल जिम्मेवारी रहन्छ । एकातिर अनुचित आलोचना भए पनि परलोक भइसकेको चर्चित व्यक्तिले जवाफ दिन सक्दैन; अर्कोतिर सही मूल्यांकन नगरी प्रशंसा या निन्दा मात्र गरेर अवास्तविक चित्र उतारेमा समाजप्रति र भविष्यका पीढिप्रति पनि इतिहासकारको जिम्मेवारी पूरा हुँदैन ।

(मधुपर्क १०५ पृष्ठ)

भनी यदुनाथजीले लेख्नुभएको छ ।

अब यस विषयमा पनि केही विचार गरौं । हेमराजको हातमा डाडुपन्यूँ भएको बेलामा उहाँको स्तुति गर्ने मानिस निकै थिए । त्यस वेला सोमनाथ गुरुको लेखमा हेमराज सकलशास्त्रसम्पन्न हुनुहुन्थ्यो[9] । हेमराज नेपाली व्याकरण बनाउन सक्ने योग्यताका हुनुहुँदैनथ्यो भन्ने कुरा सोमनाथले भन्नुभयो भनी हेमराजको स्वर्गवास भएको १३ वर्षपछि प्रचार गराइयो । सोमनाथ गुरुले तुरुन्त यसको खण्डन छपाउनुभयो । चन्द्रिका व्याकरण हेमराजले बनाउनुभएको होइन भन्ने कुरा अझ पनि बराबर प्रचार गरिँदैछ[10]। यसभित्र के रहस्य लुकेको छ ।

हेमराजको हातमा डाडुपन्यूँ हुँदा हेमराजको स्तुतिमा हामीले एक अक्षर पनि लेखेका छैनौं । उहाँको स्वर्गवास भएपछि इतिहासको प्रसङ्गमा उहाँको गुणदोषको सप्रमाण चर्चा हामीले गरेका छौं[11]। सोमनाथ गुरुको जीवनकालमै वि०सं० २०१२ देखि हामीहरूले उहाँका ग्रन्थमा परेका संस्कृत व्याकरणविषयका दोष देखाउन लागेका हौं[12] । सोमनाथ गुरुको संस्कृत व्याकरणविषयको मुख्य ग्रन्थ प्रतिसंस्कृता सिद्धान्तकौमुदी

९. संस्कृतचन्द्रिका र अनुवादचन्द्रिकाको समर्पणवाक्य ।
पूर्णिमा २८ अङ्कको २१९ पृ. ।

१०. भानुदर्शन २ अङ्कका ७०–७६ पृष्ठमा छापिएको शिवराज आचार्यको चन्द्रिकाको कृतित्व कस्को ? भन्ने निबन्ध ।
पूर्णिमा ३१ अङ्कका १९०–१९२ पृष्ठमा छापिएको प्रमाण चाहियो भन्ने मेरो निबन्ध ।

११. गल्लीमा पर्याँकिएका कौसिगरको मेरो उपोद्घातको ४ पृष्ठ ।
पूर्णिमा २८ अङ्क ।

१२. भोलानाथ पौडेलको व्याकरण–संशोधन १ सङ्ख्या ।

प्रकाशित हुनेबित्तिकै सोमनाथ गुरुकै जीवनकालमा त्यसको गुणदोष हामीले प्रकाश गर्न थालेका हौं[13]। उहाँको स्वर्गवास भएपछि उहाँको जीवनचरित्र लेख्ता पनि हामीले यही रीति लिएका छौं। यसमा यदुनाथजी के भन्नुहुन्छ ?

नयराजजी का अरु ... आरोप पनि छन्। ... आदर्शराघवको नयाँ सस्करणमा हेमराजप्रति कृतज्ञता ज्ञापन गर्ने भूमिका छिकियो। यसमा मेरो के भनाई छ भने पहिलो भूमिका नेपालको इतिहासको अंग हो र सोमनाथले वापस नलिएसम्म यो कृतज्ञता ज्ञापन संधै कायम रहन्छ। उनले सो कुरा वापस लिएको मलाई अहिलसम्म थाहा छैन। प्रत्येक संस्करणमा सो भूमिका दोहऱ्याउन पर्ने आवश्यकता छैन। न बालकृष्ण समका, न रुद्रराजका, न त शेक्सपीयरका कृतिहरूमा यस्ता कृतज्ञता ज्ञापन प्रत्येक संस्करणमा दोहरिएका छन्। ... क्रान्ति पछि क्रान्तिको कारणले गर्दा रुद्रराज र मृगेन्द्र शम्शेरमा जस्तै सोमनाथ र हेमराजको बीच पनि नयाँ किसिमको सम्बन्ध आयो। बाबुराम आचार्य र हेमराजकै बीचमा अर्को सम्बन्ध आयो। यसमा कसैलाई अकृतज्ञताको आरोप लगाउन युक्तिसंगत देखिदैन।

(मधुपर्क १०६–१०७ पृष्ठ)

यसरी यदुनाथजीले शेक्सपीयर, बाबुराम, बालकृष्ण सम, रुद्रराजहरूका चरित्रसँग सोमनाथ गुरुको चरित्र दाँज्नुभएको छ। मलाई अङ्ग्रेजी साहित्यको ज्ञान नहुनाले शेक्सपीयरको विषयमा म केही भन्न सक्तिनँ। बाबुरामहरूको विषयमा जानेबुझेका कुरा भन्छु।

खरीदार बाबुराम आचार्य दान लिनुहुँदैनथ्यो। हेमराजले उहाँलाई आफ्नो घरबाट तलब दिनुभएको थिएन। पाठशालाबन्दोबस्त नागरी फाँटका हाकिम खरीदार बाबुराम हुनुभएको र सो विभागका तालुकवाला हेमराज हुनुभएकोले दुवैको सम्पर्क बढ्यो। दुवैमा इतिहासको अन्वेषणमा रुचि थियो। खरीदार बाबुराम पछि ऐतिहासिकशिरोमणि हुनुभएको त सबैलाई थाहा छ। हेमराजको काश्यपसंहिताको विस्तृत उपोद्‌घात ऐतिहासिक विषयले भरिएको छ। यही ज्ञानपिपासाले दुवैलाई नजीक नजीक ल्यायो। तिनताका नेपालमा पुस्तकालय दुर्लभ थिए। नेपालको इतिहास र हिन्दू संस्कृतिको अध्ययन गर्नाको लागि हेमराजको पुस्तकालय भारतीभवन उत्कृष्ट साधन थियो। त्यहाँ दुर्लभ पुस्तक पनि खोजी खोजी सङ्ग्रह गरिएका थिए। हेमराजका आप्त अत्यन्त थोरै मानिसको लागि मात्र सो पुस्तकालयको ढोका खुला थियो। हेमराजका सहायक भएका बाबुरामले सो पुस्तकालयको केही उपयोग गर्न पाउनुभएको थियो। बाबुराममा चाटुकारता नभएको हुनाले हेमराजका विशेष प्रिय उहाँ बन्न सक्नुभएन। तर ज्ञानपिपासाले प्रेरणा दिइरहने हुनाले बाबुरामलाई फाल्न पनि हेमराजले सक्नुभएन। विभिन्न थरीका मानिससँग सम्पर्क गर्ने बाबुरामको स्वभाव थियो। यसबाट उहाँले आफ्नो ज्ञान बढाउनु पनि भएको थियो। ठूलादेखि सानासम्मको उहाँको सम्पर्कले माथिल्ला शासकहरूलाई अप्रसन्न पारिदियो। यस कारण हेमराजका बहुता

१३. मेरो विद्या–रक्षा ७ सङ्ख्या।
पूर्णिमा ३० अङ्कको ११२ पृ.।

बिश्वासपात्र पनि बाबुराम बन्न सक्नुभएन । जागीर जानुभन्दा (वि० सं० १९९८ भन्दा) एक दुइ वर्ष-अगाडि पाठशालाबन्दोबस्त नागरी फाँटबाट बाबुराम पाठशालागोस्वारामा सारिनुभयो । त्यहाँ हेमराजको एकलौटी अधिकार नभई ज० मृगेन्द्रशमशेरको (कहिले ज० शारदाशमशेरको) पनि अधिकार थियो ।

बाबुराममा त्यति ठूलो योग्यता थियो । सो योग्यता माथिल्ला माथिल्ला शासकहरूले थाहा पाउँदा पाउँदै पनि[14] जागीरमा एक तहमाथिसम्म पनि बाबुराम उक्लन सक्नुभएन । आखिरमा अन्धो भई जागीर खोसिंदा उहाँले वृत्तिहीन हुनुपऱ्यो । अत्यन्त थोरै वृत्तिमा माथिल्लो तहको ग्रन्थ लेख्ने काम उहाँले गर्नु भयो[15] । राणाराज्य जानुभन्दा ९ वर्षपहिले नै यस अवस्थामा पुगेका बाबुरामले राणाराज्य गएपछि हेमराजलाई छोडे भन्ने प्रश्न उठ्नै सक्तैन ।

ज० मृगेन्द्रशमशेरसँग बालकृष्णशमशेर तथा रुद्रराजको कस्तो सम्बन्ध थियो, उहाँहरूको सम्बन्ध सरकारी स्तरको मात्र थियो कि घरायसी पनि थियो, राणाकालपछि सो सम्बन्धमा के कस्तो परिवर्तन आयो, यी विषयमा मेरो ज्ञान छैन । राणाकालमा बालकृष्णशमशेर तथा रुद्रराजका ग्रन्थमा राणा शासकका स्तुति हुन्थे, पछि यी झिकिए, यो कुरो मलाई थाहा छ । बलेको आगो ताप्ने सिद्धान्तको फल यो हो ।

बालकृष्णशमशेरका लेखमा आदर्श रूपमा रहेका राणा शासकहरू बालकृष्ण समका लेखमा निन्द्य-चरित्र भई देखा परे, कोइराला शासकचाहिं आदर्श भई अगाडि आए, यो कुरो पनि मलाई थाहा छ । यस्ता किसिमका लेखहरू पढ्दा मेरो मनमा उठेको भावलाई मैले तलका पद्यमा उतारेको छु ।

---

१४. पूर्णिमा २७ अङ्कमा छापिएको विद्वत्पूजा भन्ने मेरो निबन्ध । सो अङ्कका १४३–१४४ पृष्ठ ।

१५. थिएन तिम्रो मन चाटुकारको, थिएन बोली पनि चाटुकारको ।
अत्यन्त नै उच्च विचार यो थियो, परन्तु यो दुर्गुण नै यहाँ भयो ।।२५।।
भएन केही पदवृद्धि, गेहमा खाने बढे, भाउ चढ्यो बजारमा ।
गार्हस्थ्यको बोझ असह्य झैं भयो, चिन्ता बढ्यो, चित्त उदास भयो ।।२६।।
यस्तो हुँदामा पनि धैर्यधारण गरेर लेख्थ्यौ श्रम नै गरीकन ।
यदाकदा शासक रुष्ट नै बनी प्रहार गर्थे यस काममा पनि ।।२७।।
विस्तार आँखा पनि बन्द झैं भयो, खाईरहेको पनि वृत्ति खोसियो ।
स्वपुत्रलाई क्षयरोगले पिऱ्यो, मानूँ तिमीमाथि त वज्र नै पऱ्यो ।।२८।।
भयो बडो कष्ट, डगेन साहस, स्वाध्यायको तर्फ रहीरह्यो रस ।
सुनी अरूका मुखबाट पुस्तक, बढाउँथ्यौ ज्ञान तिमी यथाशक ।।२९।।
शिक्षाविभागाधिपको विवेकले यद्वा कुनै गूढ अदृष्ट हेतुले ।
तिमी भयौ ग्रन्थ बनाउनाकन नियुक्त, पायौ अतिथोर वेतन ।।३०।।

**(पूर्णिमा २७ अङ्कका १४२–१४६ पृष्ठ)**

के पढ्ने

अहिले कसको छ हातमा प्रभु–शक्ति प्रभुको विचारमा ।
कुन वस्तु छ, के गरीकन हुन जाला प्रभुको खुशी मन ।।१।।
यति वस्तु गरेर चिन्तन कवितामा त्यति वस्तु ल्याउन ।
अतिरम्य पदावली तथा अतिआकर्षक भावका कथा ।।२।।
रचना जुन गर्न जान्दछन्, कविमा श्रेष्ठ तिनै कहाउँछन् ।
प्रभु–शक्ति हुँदा चलाचल कविको भाव रहन्छ चञ्चल ।।३।।
विपरीत विचारका कुरा कवितामा क्रमसाथ आउँदा ।
कुन सत्य असत्य हो कुन यति भन्नाकन हुन्न साधन ।।४।।
"कविजी कुन सत्य हो" भनी यदि सोधे कविजी रिसाउँछन् ।
"बुझ कालहरू तिमी अनि यसको उत्तर मिल्छ" भन्दछन् ।।५।।
कुन सत्य असत्य हो कुन यतिमै छैन भने विवेचन ।
व्यवहार परेर आउँदा कुन विद्या मनमा उदाउला ।।६।।

२०२६।३।८।१

यो लेख पूर्णिमा २४ अङ्कका ३३१–३३५ पृष्ठमा छापिएको छ । त्यहाँ कविशिरोमणि लेखनाथ पौड्यालका पद्य उद्धृत गरी मैले आफ्नो कुरा सिद्ध गरेको छु । पूर्णिमा २४ अङ्क वि० सं०२०२७ चैतमा प्रकाश भएको हो । वि० सं० २०२९ श्रावणमा प्रकाश भएको आफ्नो पुराना संकनाको श्री लेखनाथ र राममणि भन्ने प्रकरण (२७–४५ पृष्ठ) मा सरदार पण्डित श्रीराममणि आचार्य दीक्षितले लेखनाथमा रहेको अवसरवादलाई औंल्याउनुभएको छ ।

गुरुज्यूहरूका भान्जा श्रीगुरु माधवराम जोशी गुरुज्यूहरूका घरका ज्योतिषी हुनुहुन्थ्यो । माधवराम मेरा मातामहभन्दा ज्यौतिषशास्त्रमा बढ्ता योग्यता राख्नुहुन्थ्यो[16]। तर हेमराजजी ज्यौतिषको

१६. मेरो १९ वर्ष जतिको उमेर थियो । मैले मध्यमपरीक्षा दिइसकेको थिएँ । म सिद्धान्तशिरोमणि बाँचेर बसिरहेको थिएँ, मातामह सुनेर बसिरहनुभएको थियो । उहाँ बीचबीचमा यो भनेको यसो हो भन्दै जानुहुन्थ्यो । यो जम्मैको अर्थ गर्न पाए त बढिया हुन्थ्यो भनी उहाँले भन्नुभयो । एउटा श्लोक देखाई यसको अर्थ लागिहाल्छ नि भनी मैले भनें । पदार्थ गर्ने भनेको होइन, यहाँको उपपत्ति बुझ्ने भनेको हो भनी मातामहले भन्नुभयो । जम्मै उपपत्ति त नेपालका मान्छे कसलाई लाग्ला र भनी मैले भनें । हामीलाई भन्दा माधवरामलाई बढ्ता लाग्छ भनी उहाँले भन्नुभयो । माधवरामका काका खगरामको प्रसिद्धि बढ्ता भएकोले खगरामलाई झन् बढ्ता लाग्ला भनी मैले भनें । खगरामलाई यसको अर्थ लाग्दैन, खगराम सामान्य ज्योतिषी हुन्, उनले गोलको कुरा बुझेकै छैनन्, उनका बाबु ईशरामलाई पनि गोल आउँदैनथ्यो, बाजे ईशराम काशीवास जाँदा माधवराम पनि सँगै गएका थिए, उनले काशीमा पढेका हुनाले उनले गोलको कुरा बुझेका हुन्, मैले पनि लक्ष्मीगर्भ पन्तसँग लीलावती, बीजगणित,

विषयमा मेरा मातामहको परामर्शअनुसार काम गर्नुहुन्थ्यो । आफ्नो घरक विवाह व्रतबन्ध आदि काममा लगन लेख्ता दुवैलाई बोलाउनुहुन्थ्यो । आफूले जिम्मा लिएको कामको विषयमा धेरै पुस्तकपात्रा हेरी दोहन्याई तेहन्याई निर्णय दिने मेरा मातामहको स्वभाव थियो । अरू गुरुज्यू तथा विशिष्ट राजपुरुषहरू-सँग उहाँको विशेष सम्बन्ध थिएन । अरू गुरुज्यू तथा केही राणाजीहरूसँग पनि माधवरामको सम्बन्ध थियो । तिनै कारणले हेमराजले मेरा मातामहको बढ्ता विश्वास गर्नुभएको हो । हेमराजले मेरा मातामहलाई आफ्नो घरबाट वृत्ति दिनुभएको थिएन । दरबारमा हुने मझौला खालका दान मेरा मातामहलाई उहाँ दिलाइदिनुहुन्थ्यो ।

हेमराजजीको घरबाट श्रीगुरु सोमनाथ मासिक नियत वृत्ति पाउनुहुन्थ्यो तथा उहाँलाई हेमराज दरबारका ठूलाठूला दान दिलाइदिनुहुन्थ्यो । हेमराजको घरमा श्रीगुरु सोमनाथका गृहिणीहरूको पनि आवतजावत थियो । श्री ३ भीमशमशेरको शासनकालमा हेमराजको हातबाट पाठशालाको अधिकार एकपल्ट खिकियो । यस कारण त्यस वेला हेमराज र सोमनाथको सरकारी स्तरबाट सम्बन्ध रहेन । तर उहाँहरूको घरायसी सम्बन्धचाहिँ अघि जस्तै रह्यो । वि०सं० २००७ सम्म निस्केका सोमनाथ गुरुका प्रायः सबै ग्रन्थमा हेमराजका स्तुति परेका छन्[17]। हेमराजले सोमनाथलाई मेरा आप्ततम पण्डित[18] भनी लेख्नुभएको छ । वि० सं० १९९६ मा सोमनाथ गुरु अत्यन्त कडा रोगले पीडित हुनुभएको थियो । त्यस बेला सोमनाथ गुरुको घरमा हेमराज आफैँ गई औषधोपचारका प्रबन्ध मिलाउनुहुन्थ्यो । हेमराज त्यस वेला चिन्तित हुनुभएको थियो । यो कुरो मैले उस वेला देवीदत्त गुरु, बाबुराम खरीदार, बुद्धिनाथ पण्डितहरूबाट सुनेको हुँ । वि० सं० २००५ मा हेमराज कडा रोगले ग्रस्त हुनुभयो । त्यस-ताका सोमनाथ गुरु अत्यन्त खिन्न हुनुहुन्थ्यो । यो कुरो मैले आफ्नै आँखाले देखेको हो । सोमनाथ गुरुको हस्ताक्षरले लेखिएको, हेमराजका जेठा छोरा केशरिराजको सहि परेको तलको पत्र लक्ष्मीपति-सङ्ग्रहमा छ । यसबाट हेमराजको घरायसी काममा पनि सोमनाथ गुरुको हात रहन्थ्यो भन्ने स्पष्ट हुन्छ ।

पण्डित भुवननाथके

उपनयन फाल्गुन १४ गतेलाई ऐले निश्चय भएको हुनाले लगन लेख्ने आदि कुन कुन काम कुन कुन दिन हुने हुन्छ पातको सायत कुन दिनमा हुन्छ. ग्रहहरूमा शान्ति गर्नुपर्ने कुनै छन् छैनन्. सबै कुरा लेखिपठाइ-दिनुभए बेस होला.

केसरिराज

---

ग्रहलाघव, सूर्यसिद्धान्त पढें, गोल पढ्न भनी गोल पनि बनाएको थिएँ, केही पढें, लक्ष्मीगर्भसँग पढ्न गाह्रो थियो, सिद्धान्तशिरोमणि जम्मै पढ्न सकिनँ, त्यसै बीचमा अड्यो भनी उहाँले भन्नुभयो ।

१७. पूर्णिमा २८ अङ्कका २१८–२२० पृष्ठ ।

१८. आदर्शराघवको हेमराजको प्रस्तावना ।

पूर्णिमा २८ अङ्कको २६६ पृष्ठ ।

यसरी वि० सं० २००७ सम्म हेमराज र सोमनाथको सम्बन्ध अत्यन्त घनिष्ठ रही उहाँहरू एक अर्काको सुख दुःखका साथी तथा परस्परमा पूरकको रूपमा रहनुभएको थियो ।

यहाँनिर एउटा कुरो भनिहालूँ । राणा काङग्रेसको संयुक्त मन्त्रिमण्डल भएको बेला काङग्रेसी मन्त्रीहरूको सिफारिशले श्री ५ त्रिभुवनबाट बाबुरामले ऐतिहासिकशिरोमणि पद तथा १५०। रुपियाँको मासिक वृत्ति पाउनुभयो। यसको केही महीनापछि एक दिन बाबुरामले एउटा कुरा मसँग गर्नुभयो। कुरा त साधारण हो, तर त्यसले मेरो मनमा ठूलो असर पा-यो। उहाँको कुरा यही हो– केही दिनअघि म बबरमहल गएको थिएँ। त्यो कुरो काङग्रेसीहरूले थाहा पाइहालेछन्। तिनीहरूले त्यहाँ पनि जासूस राखेका रहेछन्। अस्ति म फलानोकहाँ गएको थिएँ। (उहाँले कुनै काङग्रेसीको नाउँ लिनुभएको थियो, मलाई अहिले सो नाउँ ठीक याद छैन।) तिनले तपाईँ बबरमहल जानुभएको रहेछ, तिनीहरू खुकुरीदल हुन्, त्यहाँ नजानुहोला भनी मलाई भने। यी काङग्रेसी पनि राणा जस्तै रहेछन्। राणा पनि आफूकहाँ मात्र आऊन् र अन्त नजाऊन् भन्थे, काङग्रेसी पनि त्यस्तै भन्दा रहेछन्। गोर्खादललाई काङग्रेसीहरू खुकुरीदल भन्छन्, यी काङग्रेसीहरूचाहिँ बन्दूकदल हुन्।

राज्यच्युत भई भारत जान लागेका एक प्रकारले धपिएका जस्ता भूतपूर्व श्री ३ महाराज मोहनशमशेरलाई बिदा गर्न हेमराजजी जानुभएको थियो[19]। तिनताका वराहमिहिरको ढिकनिकयात्रा सम्पादन गरी प्रकाश गर्ने प्रबन्ध मिलाउन हेमराजजी मसँग परामर्श गर्दै हुनुभएकोले उहाँ श्री ३ मोहनलाई बिदा गर्न जानुभएको कुरा मैले उहाँकै मुखबाट सुनेको हुँ। ढिकनिकयात्रा नेपालबाट लगी कुनै भारतीयले प्रकाश गरिसकेको कुरा पछि थाहा भयो र यसै खुम्चिएर बस्नुप-यो।

राणाराज्य गएपछि पनि राणा शासकहरूप्रति हेमराजको भक्ति भने गएन। शक्तिहीन राणाहरू-कहाँ आवतजावत छोड्न नसकेका र राणाहरूको निन्दा गर्न पनि नलागेका हेमराजले नयाँ शासकदलको विश्वास पाउनु सक्नुभएन। त्यसको परिणाम हेमराज निस्तेज हुनुभयो।

चालीस वर्षभन्दा बढ्ता समयसम्म एक अर्काको सुख दुःखको साथी भई परस्पर पूरक रूपमा रहिआएका हेमराजले र सोमनाथले यसपछि भिन्नाभिन्नै बाटो लिनुभयो। नेपालको संस्कृत शिक्षाको इतिहासमा चाख राख्नेहरूको लागि यो विशिष्ट घटना हो। यसैले मैले

चन्द्रो दानाधिकृतिमददाद् हेमराजाय तुष्टस्तोषं सोमोऽकृत नृपगुरोर्दानवाक्यादिलेखैः।
राजागाराद् मुहुरलभत स्वर्णरत्नादिदानं विद्वान् सोमो धनिकगणनालेख्यमाप्नोत् क्रमेण ॥७॥

[हेमराजसँग खुशी भएका श्री ३ चन्द्रशमशेरले दरबारको दानको पजनीको अधिकार हेमराजलाई दिनुभयो। हेमराजकहाँ पर्ने सङ्कल्प आदि लेखपढको काम सोमनाथ गर्नुहुन्थ्यो। यस कामबाट सोमनाथसँग

---

१९. यो एउटा उदाहरण मात्र हो। राणाहरूकहाँ हेमराजजीको आवतजावत पूर्ववत् जस्तै कायम रही नै रहेको थियो।

हेमराज खुशी हुनुभयो । सोमनाथले राजदरबारबाट बराबर सुन, रत्न आदि दान पाउनुभयो । यसरी विद्वान् सोमनाथ धनी पनि हुँदै जानुभयो ।]

(पूर्णिमा २८ अङ्क २१०–२११ पृष्ठ)

राणाराज्ये भजति विपुलं हेमराजेऽधिकारं भक्तिं तन्वन् सहचरदशामाश्रयत् सोमनाथः।
राणावंशे च्युतनृपपदेऽपि स्वभक्तिं दधानं निस्तेजस्कं निजपरिवृढं हेमराजं स औज्झीत् ॥१०॥

[राणाशासनमा हेमराजको हातमा ठूलो अधिकार थियो । त्यस वेला हेमराजको हजुरिया पण्डितको रूपमा सोमनाथ भक्तिपूर्वक रहनुभएको थियो । राणाशासन गएपछि पनि हेमराजले राणावंशप्रतिको आफ्नो भक्तिभाव छोड्नुभएन, त्यस कारण प्रजातन्त्रकालमा हेमराजको हातमा केही अधिकार रहेन । यसपछि सोमनाथले आफ्ना मालिक हेमराजलाई छोड्नुभयो ।]

(पूर्णिमा २८ अङ्क २१६–२१७ पृष्ठ)

यस्तो लेखेको हुँ ।

यहाँनेर एउटा कुरा पनि भनिहालूँ । मैले रानीपोखरी पाठशालामा पढ्दा व्याकरणमध्यमाको पढाइ वैध रूपमा राम्ररी चलेको थियो । ज्यौतिषमध्यमामा कहिले कहिले विद्यार्थी हुन्थे । साहित्यमध्यमामा कन कम हुन्थे । न्याय, वेदहरूको मध्यमाको पढाइ थिएन । नेपालमा न्याय पढाउन सक्ने विद्वान् सोमनाथ गुरुभन्दा बाहेक अर्को कोही छन पनि थिएन । वि० सं० १९८९ मा श्री ३ जुद्धले संस्कृतको उच्च कक्षाको पढाइ नेपालमा चलाउने घोषणा गर्नुभयो । त्यसको फलस्वरूप न्यायमध्यमाहरूको पढाइ पनि चल्यो । काशीमा परीक्षा दिन जाँदा न्यायमध्यमाका विद्यार्थीहरूले सफलता पाउन सकेनन् । वि० सं० १९९५ मा पण्डितवर पद्मप्रसाद भट्टराईका चेला पण्डित लोकनाथ ढकाल रानीपोखरी पाठशालामा भर्ना हुनुभयो । त्यसपछि मात्र न्यायमध्यमाको पढाइ नेपालमा राम्रोसँग चल्यो । पण्डितवर पद्मप्रसाद भट्टराई वि० सं० २००९ मा नेपालमा आउनुभयो । त्यसपछि मात्र नव्यन्यायको पढाइ यहाँ चलेको हो ।

आठ वर्षसम्म पक्षाघातले थला पर्नुभएका पद्मप्रसादजी अर्थसङ्कटमा पर्नुभयो । यो कुरो सबैलाई थाहा छ । विद्या बढ्ता भए पनि लक्ष्मीको खास कृपापात्र उहाँ बन्नु सक्नुभएन[20]।

---

२०. न्यायाचार्यो बुधपरिषदः संमतोऽभूत् स काश्यामासीद् नानाजनपदभवश्छात्रवर्गस्तदीयः।
छेत्तुं शङ्काः स्मृतिविषयजा न्यायशास्त्रादिजाश्च भूरीन् ग्रन्थान् नयनविषये मानसे चाऽकरोत् सः ॥३॥
राणाराज्ये गुरुतरपदं लब्धुकामैः प्रवीणैः स्वीया विद्या प्रभुचरणयोर्वन्दिता नीयते स्म ।
विद्यासक्तः कपटरहितः पाठनादिप्रवीणो राणाराज्येऽलभत न पदं विज्ञपद्मप्रसादः ॥४॥
दृष्ट्वा काले चतुरपुरुषैर्भाषणे तन्यमाने सिद्धान्तेऽस्मिन् प्रथितमतिभिः स्वीकृते काव्यकारैः ।
विद्वत्सङ्घात् प्रथमविहिताच्च शास्त्रसिद्धान्तनिष्ठोऽशक्नोद् वक्तुं परिषदि बुधो नैष कालानुसारम् ॥७॥
(पद्मप्रसादश्रद्धाञ्जलिः का २०–२१ पृष्ठमा छापिएको विद्वत्पूजा भन्ने मेरो निबन्धबाट)

[न्यायाचार्य परीक्षामा उत्तीर्ण भएका पद्मप्रसाद भट्टराईको काशीको विद्वन्मण्डलीमा सम्मान

इतिहास भनेको प्रमाणको आधारमा लेखिने वस्तु हो. आफ्नो इच्छा तथा रुचिअनुसार घटबढ गरी लेखिने वस्तु इतिहास होइन । पाइएसम्मका प्रमाणका आधारमा इतिहास लेख्ने लेखाउने तथा त्यसमा टिप्पणी लेख्ने लेखाउने काम मैले गरी आएको छु । कसैले मेरो लेखमा सप्रमाण दोष देखाइदिए दोष देखाइदिनेलाई धन्यवाद दिई आफ्नो भूल मैले अघि पनि सच्याएथें, अहिले पनि सच्याउँदैछु, भविष्यमा पनि सच्याई नै रहनेछु ।

अन्त्यमा एउटा कुरा भनी यो लेख म टुङ्ग्याउँछु ।

श्रीमान् केशरबहादुरजी !

'भगवान् विष्णुको वामनावतारको मूर्तिलाई किरातीको सालिक' भनी डुङ्ग्री पिटाई धर्ममा खलल पार्न तपाईं लाग्नुभएको छ ।

हामी नेपालीहरूले अघिबाटै प्रकाश गरिसकेका अभिलेखहरूलाई विदेशीहरूका नाममा दर्ता गराउने काममा सहायक बन्न तपाईं लाग्नुभएको छ ।

यस कुराको सूचना इतिहास–संशोधनले जनतालाई दिएकोले इतिहास–संशोधनका विरोधी भई तपाईं निस्कनुभएको होला ।

शास्त्रार्थ गर्ने योग्यता आफूमा नहुँदा जालफेल गरी स्वार्थसिद्धि गर्दै रहुँला भनी इतिहास-संशोधकहरूलाई तर्साउने काममा तपाईं लाग्नुभएजस्तो देखिन्छ ।

तर "धेरै मानिसलाई थोरै दिन, थोरै मानिसलाई धेरै दिन फुक्याउन सम्भव छ । सबै मानिसलाई सधैं फुक्याइरहनु सम्भव छैन " भन्ने कुरा तपाईंले सम्फनुभए सबैको बढिया होला ।

वि० सं० २०१६ ज्येष्ठमा यस्तो लेखी प्रकाश गरी प्रचार गर्दा यदुनाथजीले सोही वर्ष असोजमा वसुधामा तलको लेख प्रकाश गर्नु भयो–

काठमाडौंको संस्कृतमहाविद्यालयको तीन महीना जतिअगाडि भएको वार्षिक उत्सवमा म पनि पुगेको थिएँ । त्यही महाविद्यालयका दुइ जना विद्यार्थीका भाषण मलाई उच्छृङ्खल लागे । ती भाषण स्पष्टत: नकली हर्षध्वनिले गर्दा बीचबीचमा रोकिएका थिए । ती दुइजनामध्ये एक जना विद्यार्थीले नेपालको इतिहासका दुइ जना विद्वान्को योग्यता दाँज्दै एक जनाको चाहिं निकै तारीफ गरे । उनले तारीफ गरिएका

---

थियो । भारत तथा नेपालका विभिन्न प्रान्तका विद्यार्थी उहाँसँग पढ्थे । धर्मशास्त्रविषयमा र न्याय आदि विषयमा उठेका शङ्काको समाधान गर्ने उहाँले निकै ग्रन्थ हेर्नुभयो तथा मनमा चढाउनुभयो ।

राणाकालमा ठूलो पद खोज्ने विद्वान्हरू शासकको स्तुति गर्ने काममा आफ्नो विद्याको उपयोग गर्थे । विद्यामा लागेका, निष्कपट स्वभाव भएका, पढाउने आदि काममा सिपालु, विद्वान् पद्मप्रसादले राणाकालमा जागीर पाउनुभएन ।

चलाख मानिसहरूले मौका हेरेर बोल्ने गर्दा र मौकाअनुसार बोल्ने यो सिद्धान्तको समर्थन कविहरूले गर्दा पनि पहिले गरेको विद्वत्सङ्गतिले गर्दा शास्त्रको सिद्धान्तमा निष्ठा राख्ने पद्मप्रसादले मौका हेरेर सभामा बोल्ने काम गर्न सक्नुभएन ।]

विद्वान् त्यही महाविद्यालयका प्राध्यापक हुन् । आफना गुरुको तारीफ गरी उनले बोलेको कुरामा मलाई केही भन्नु छैन, तर उनले आफ्नो विषय राम्रोसँग बुझ्न् भन्ने मात्र मेरो इच्छा छ । उनले ती अर्का विद्वान्को बारेमा तिनको इतिहास लेख्ने योग्यता बिलकुलै छैन भनी जोड दिंदै ठोकेर बोले । यताबाट इतिहासकारको योग्यता के हो भनी बुझ्न उनले नखोजेको स्पष्ट हुन्छ । उनले यसरी हियाएर बोलिएका ती अर्का विद्वान् ३० वर्षभन्दा बढी समयदेखि इतिहास पढ्ने खोज्ने काममा लागिरहेका छन्; तिनले अभिलेख र टक गढेर पढेका छन् तथा तिनको सङ्ग्रह गरेका छन्; नेपालको ऐतिहासिक महत्त्वका धेरै ठाउँमा ती पुगेका छन्; ल्हासा गएका छन्; नेपालको इतिहास पढ्न खोज्न लागेका देशविदेशका धेरै इतिहासकारहरूसँग उनको सोझो सम्बन्ध छ; उनको खुद आफ्नै पनि इतिहासकारको रूपमा देशविदेशमा ठूलो नाउँ छ ।

यस अवस्थामा त्यो भाषण वास्तवमा खोक्रो शब्दाडम्बर मात्र हो[21]।

अहिले वि० सं० २०३१ मा (वसुधामा लेख छपाएको १५ वर्षपछि) यदुनाथजीले मधुपर्कमा यस्तो लेख्नुभएको छ—

पशुपतिनेर त्रिविक्रमको शिल्पकला र त्यससित सम्बन्धित शिलालेखको केशरबहादुरजीले कर्तृ सापेक्षिक अर्थ लगाइ दिंदा उठेको विवाद पनि हाम्रो अगाडि छँदैछ ।

(१०९ पृष्ठ)

केशरबहादुरजीको पक्षको वकालत गर्ने यदुनाथजीले अब केशरबहादुरजीलाई भाग्यको भरमा छोडी आफू अलग्गिनुभएको छ । यहाँनेर एक कुरा विचारणीय छ । यदुनाथजीले केशरबहादुर ठूला इतिहासकार हुन्, उनलाई दोष लाउनेहरू उच्छृङ्खल हुन् भनी पहिले प्रतिज्ञा गर्नु भएको थियो । केशरबहादुरले विवादास्पद इतिहास लेखे भनी यदुनाथजीले अहिले आएर अर्को प्रतिज्ञा गर्नु भएको छ [22]। यसरी प्रतिज्ञा फेर्दा न्यायशास्त्रअनुसार निग्रहस्थानमा परिन्छ कि परिंदैन; निग्रहस्थानमा परे के हुन्छ भन्ने निर्णय गर्ने अभिभारा न्यायशास्त्रका विशेषज्ञ विद्वान्हरूको जिम्मामा लाउनुपर्ने अवस्था आएको छ ।

---

२१. पूर्णिमा ३० अङ्कका ९८–९९ पृष्ठमा यदुनाथजीको मूल वाक्यसहित यो अनुवाद छापिएको छ ।

२२. केशरबहादुरजीले गर्नुभएको अन्यायलाई ढाकछोप गरी उहाँ एकजनालाई निर्दोष सिद्ध गर्ने संस्कृत-महाविद्यालयकै बदनामी हुने गरी दुइजना विद्यार्थीलाई मिथ्यादोष लाउन लेख छपाउन सक्ने यदुनाथजी निकै साहसी हुनुहुँदो रहेछ । इन्द्र कपटपटु थिए; उनले नललाई ठग्न स्पष्टसँग बोलेनन् भनी श्रीहर्षले नैषधीयचरितमा स्पष्टसँग लेखेका छन् । पं० कोमलनाथ अधिकारीको अनुवादसहित श्रीहर्षका ती श्लोक मैले पूर्णिमा ३० अङ्कका ८३–८४ पृष्ठमा उद्धृत गरेको छु । यदुनाथजीको वाक्य कपटपूर्ण छ भन्ने मेरो भाव थियो । यदुनाथजीले आफ्नो प्रतिज्ञा फेरेर अहिले सो कुरा प्रत्यक्ष गराइदिनुभएको छ ।

# नेपाल् इन् परस्पेक्टिभ्मा देखिएका इतिहाससम्बन्धी अशुद्धि

(१ सङ्ख्या)

—महेशराज पन्त

दिस् इज् यान् एस्ए इन् इन्क्वाइरि इन्टु द पभ्अर्टि अफ् इन्टिलेक्ट् इन् नेपाल् ।

कमलप्रकाश मल्ल[1]

[यो निबन्ध नेपालमा बुद्धिको दारिद्र्यको खोजतलास गर्ने सिलसिलामा लेखिएको हो ।]

सेडा भनी कहलाएको आर्थिक विकास तथा प्रशासनकेन्द्रद्वारा प्रकाशित नेपाल् इन् परस्पेक्टिभ् (पर्यालोक्यअनुसारको नेपाल) नाउँको पुस्तक बजारमा पोहरै आएको हो । तर त्यस वेला बजारमा बाक्लो गाता भएको प्रति मात्र आएको र पुस्तकको मोल बाक्लो गातावाल प्रतिको रु० ६०। र पातलो गातावालको चाहिं रु० २५। छापिएकोले पातलो गातावाल प्रति आएपछि रु० २५। तिरी किनी ल्याउँला भनी म बसें । बराबर किताबपसलहरूमा गएर पातलो गातावाल प्रति आयो कि भनी सोधपूछ गर्थें । यसै सिलसिलामा गएको भदौ महीनामा पातलो गातावाल प्रति बजारमा भेट्टाई किनेर ल्याएँ ।

आफ्नो देशको भुवनकोश, नृतत्त्व, इतिहास, संस्कृति, भाषा, साहित्य आदिको विषयमा तत्तद्विषयका विशेषज्ञहरूको के विचार छ भन्ने कुरा संसारलाई देखाउन विभिन्न विषयका विशेषज्ञहरू-द्वारा तयार पारिएको भनी दाबी गरिएको[2], श्रीपशुपतिशमशेर जङ्गबहादुर राणा र श्रीकमलप्रकाश

१. नेपाल् इन् परस्पेक्टिभ्को २६३ पृष्ठ ।

२. ह्वेन् वन् कम्ज् ट थिङ्क् अफ् इट्, देर् ह्याज् नेभ्अर् बीन् यान् इन्फर्म्ड् प्रेज्एन्टेशन अफ् द नेपालिज् पइन्ट् अफ् भ्यू अन् सेभ्अर्अल् यास्पेक्ट्स् अफ् नेपाल्'ज् हेर्इटिज् यान्ड् प्रब्लेमज— अ प्रेज्एन्टेशन् ह्विच् इज् याक्सेसइब्ल् बोथ् इन् टर्म्ज् अफ् इट्'स् रीडाब्लइटि यान्ड् स्टयान्डर्ड् अफ् ट्रीट्मन्ट् । द वर्ल्ड्, अफ् कोर्स्, इज् क्यूर्इअस्: ह्वट् डू नेपाल्'ज् वोन् एक्सपर्टस् यान्ड् अथर्इटिज् थिङ्क् अफ् देर् ल्यान्ड्, देर् पीप्ल्, हिस्टरि, कल्चर् देर् ल्याङ्ग्विज्इज् यान्ड् लिट्अर्इचर्, यान्ड् अबभ् अल् अफ् द न्यूमर्अस् च्यालइन्ज्इज् दे फेस् याज अ यङ नेशन् ? द कन्ट्रिब्युटर्ज् ट दिस् बुक् आर् कनसर्न्ड्, ईच् इन् हिज् वोन् वे, बिद् द प्रब्लेम् अफ् डिफाईनङ द नेशन्'ज् हेर्इटिज् यान्ड् प्रब्लेम्ज् । वन अफ् द सेन्ट्रल् थीम्ज् अफ् द बुक् इज् द डेफ्निशअन् अफ् नेपाल्'ज् आइडेन्टिटि ।

(नेपाल् इन् परस्पेक्टिभ्को सम्पादकको भूमिका नौ पृष्ठ)

मल्लद्वारा सम्पादित यो पुस्तक सरसरी हेर्दा श्रीकमलप्रकाश मल्ल र श्रीपशुपतिशमशेर ज० ब० रा०ले मिलेर लेख्नुभएको पहिलो अध्याय, श्रीसूर्यविक्रम ज्ञवालीले लेख्नुभएको चारौं अध्याय, श्रीप्रयागराज शर्माले लेख्नुभएका पाँचौं र छैटौं अध्याय, श्रीकमलप्रकाश मल्लले लेख्नुभएका सातौं र सोह्रौं अध्यायमा मैले इतिहाससम्बन्धी निकै अशुद्धि देखें। संसारलाई नेपालको परिचय दिन कमर कसेका विशेषज्ञ भनाउँदाहरूको ज्ञान कुन तहको छ भन्ने कुरा लोकलाई देखाउन ती सबै अशुद्धिहरूको सप्रमाण खण्डन पूर्णिमाको यही अङ्कमा प्रकाश गर्ने विचार गरिएको थियो। तर पूर्णिमाको एकै अङ्कमा ती अशुद्धिहरूको संशोधन प्रकाश गर्दा पूर्णिमाको यो अङ्कमा त्यही एउटा लेख मात्र प्रकाश गरे पनि नअटाउने देखिएकोले अहिलेलाई नमूनाको लागि पहिलो अध्यायमा परेका केही अशुद्धिको मात्र संशोधन प्रकाश गरिएको छ। पछि अरू अरू अशुद्धिहरूको संशोधन पूर्णिमामा क्रमशः प्रकाश गर्दै जाने विचार गरेको छु।

"" "गोपालराज् वंशावली ····मेन्शन्ज् अ लङ्ग रूल् अफ् २९ 'किरात' किङ्ज् इन् द भ्याल्इ···

(६ पृष्ठ)

[नेपालखाल्डोमा राज्य गर्ने २९ जना किरात राजाहरूको लामो शासनको उल्लेख गोपालराजवंशावलीमा परेको छ।]

द गोपालराज् वंशावली रिकर्ड्ज् यलम्बर याज् द फर्स्ट् अफ् द २९ किरात किङ्ज्···

(७ पृष्ठ)

[उनन्तीस किरात राजाहरूमध्ये पहिला राजाको रूपमा गोपालराजवंशावलीमा यलम्बरको नाउँ लेखिएको छ।]

यसरी यहाँ गोपालराजवंशावलीमा २९ जना किरात राजाहरूको उल्लेख परेको छ भनी श्रीकमलप्रकाश मल्ल र श्रीपशुपतिशमशेर राणाले दुई ठाउँमा लेख्नुभएको छ।

अब यसको परीक्षा गरिन्छ।

गोपालराजवंशावलीमा किरात राजाहरूको वर्णन यसरी गरिएको छ–

तत पश्चात् गोपाल महिषपाल निर्जित्यः किरात राजा प्रवर्तत:।। ।।

राजा श्रीएलम्वर्ष ९० ।।

राजा श्रीपेलं वर्ष ८१ ।।

---

[विचार गरी हेर्दा नेपालको परम्परा र समस्यासम्बन्धी अनेक विषयमा सजिलोसँग बुझ्ने किसिमले र गतिलो ढङ्गले नेपाली दृष्टिकोण राम्रोसँग पेश गर्ने काम कहिल्यै पनि भएको छैन। आफ्नो मुलुक, आफ्ना मानिस, आफ्नो इतिहास, आफ्नो संस्कृति, आफ्ना भाषाहरू, आफ्नो साहित्य र सबभन्दा मुख्य त तरुण राष्ट्रको रूपमा आफूले सामना गर्नुपरेका अनेकन् हाँकको विषयमा नेपालका आफ्नै विशेषज्ञहरूको र प्रमाणपुरुषहरूको के विचार छ भन्ने जान्न संसारलाई पक्कै पनि चौचौ लागेको छ। यस ग्रन्थमा लेख लेखेका सबै जनाले मुलुकको परम्परा र समस्यालाई परिभाषित गर्ने समस्यामा आआफ्नो ढङ्गले चासो राखेका छन्। नेपालको वैशिष्टयको परिभाषा यस पुस्तकका मुख्य विषयहरूमध्ये एक हो।]

राजा श्रीमेलं वर्ष ८९ ॥
राजा श्रीचंमि वर्ष ४२ ॥
राजा श्रीधस्कं वर्ष ३७ ॥
राजा श्रीवलुंच वर्ष ३१ मा ६ ॥
राजा श्रीहुंति वर्ष ४० मा ८ ॥
राजा श्रीहुरमा वर्ष ५० ॥
राजा श्रीतुस्के वर्ष ४१ मा ८ ॥
राजा श्रीप्रसफुं वर्ष ३८ मा ६ ॥
राजा श्रीपवः वर्ष ४६ ॥
राजा श्रीदास्ती वर्ष ४० ॥
राजा श्रीचम्ब वर्ष ७१ ॥
राजा श्रीकंकं वर्ष ५४ ॥
राजा श्रीस्वनन्द वर्ष ४० मा ६ ॥
राजा श्रीफुकों वर्ष ५८ ॥
राजा श्रीशिघु वर्ष ४९ मा ६ ॥
राजा श्रीजुलम् वर्ष ७३ मा ३ ॥
राजा श्रीलुकं वर्ष ४० ॥
राजा श्रीथोरं वर्ष ७१ ॥
राजा श्रीथुको वर्ष ८३ ॥
राजा श्रीवर्म्मं वर्ष ७३ मा ६ ॥
राजा श्रीगुंजं वर्ष ७२ मा ७ ॥
राजा श्रीपुस्क वर्ष ८१ ॥
राजा श्रीत्यपभि वर्ष ५४ ॥
राजा श्रीमुगमम्वर्ष ५८ ॥
राजा श्रीशसरुं वर्ष ६३ ॥
राजा श्रीगुंणं वर्ष ७४ ॥
राजा श्रीखिम्बुं वर्ष ७६ ॥
राजा श्रीगिरिजं वर्ष ८१ ॥
राजा श्रीखुरांज वर्ष ९८ ॥
राजा श्रीखिगु वर्ष ८५ ॥

एते द्वात्रिंस किरातराजा तामर्ज्जणकोशकीटटादभवाय ॥

तत अथातरे सूर्यवंस्सौत्पति कथायामिः।।

[१७ख–१८ख पत्र। योगी नरहरिनाथद्वारा हिमवत्संस्कृति १ अङ्कका ९–२५ पृष्ठमा र पछि डिल्लीरमण रेग्मीको मेडिईभल् नेपाल् (नेपालको मध्यकालको इतिहास) को तेस्रो भागको पहिलो खण्डका ११२–१५७ पृष्ठमा सम्पूर्ण गोपालराजवंशावली छापिएको छ। गोपालराजवंशावलीको माथिको पाठ रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्यले केसरपुस्तकालयमा रहेको गोपालराजवंशावलीको तसवीर खिँचिराखेको प्रतिबाट वि० सं० २०१६ मा पढेअनुसारको छ।]

यताबाट गोपालराजवंशावलीमा ३२ जना किरात राजाहरूको नाउँ उल्लेख गरिएको र एते द्वात्रिंस किरातराजा (यी बत्तीसजना किरात राजा) भनी लेखिएको स्पष्ट देखिन्छ।

यस कारण गोपालराजवंशावलीमा २९ जना किरात राजाहरूको उल्लेख परेको छ भनी मल्लज्यू र र राणाज्यूले लेख्नुभएको कुरा सर्वथा अप्रामाणिक ठहरिन्छ।

नोन् अफ् दि एक्स्‌टयान्ट् लिच्छवि इन्‌स्क्रिप्‌शन्ज् अर्‌लिअर् द्यान् जिष्णुगुप्त (सी. ए. डी. ६४२) मेन्‌शन्ज् ईभन् अ वर्ड् अबाउट् द बुड्‌इस्ट् मन्‌अस्‌टर्‌इज् इन् द भ्यालइ। दिस् मेक्ज् इट् क्लीर् द्याट् द रुलिइङ हाउस् वज् नट् द फलोअर् अफ् दिस् फेथ् ... अंशुवर्मा'ज् हाँडिगाउँ इन्‌स्क्रिप्‌शन् (ए. डी. ६३८) ह्विच् मेन्‌शन्ज् सिक्स् विहारज् बाइ नेम्... द पइन्ट् इज् द्याट् द फर्म् अफ् रिलिजन् द्याट् द लिच्छविज् ब्रट् विद् देम् ट द भ्यालइ वज् यान् अर्‌डन्ट् फर्म् अफ् विष्णु वर्‌शिप् विद् द कल्ट् अफ् शिव ओन्‌लि सेक्-अन्‌डरि इन् इम्‌पर्ट्‌अन्स्।... ल्याट्‌अर्, ह्वेन् द डिन्‌यास्‌टि वज् इस्‌टयाब्‌लिश्‌ड् इन् नेपाल् द लिच्छविज् अपीर् ट ह्याभ् ब्रट् अद्‌अर् फर्म्‌ज् अफ् हिन्डू वर्‌शिप् याज् वेल्। शिव वर्‌शिप् मस्ट् अल्‌रेड्‌इ ह्याभ् ह्याड् सम् होल्ड् बाइ द मिड्–सेभ्‌न्थ् सेन्‌चुर्‌इ। यान् इन्‌स्क्रिप्‌शन् अफ् अंशुवर्मा (साँगा, ए. डी. ६३६) यूज्‌इज् सच् फर्म् अफ् अड्रेस् याज् पशुपति–भट्टारक–पादानुगृहीतो ("द फेभरिट् अफ् द फुट् अफ् लर्ड् पशुपति")।

(७–८ पृष्ठ)

[जिष्णुगुप्त (अन्दाजि वि० सं० ६९९) भन्दा पहिलेका, हाल बचेका कुनै अभिलेखमा पनि नेपालखाल्डोका विहारहरूको बारेमा एक शब्द पनि परेको छैन। यसबाट राजवंश बौद्धमार्गी थिएन भन्ने स्पष्ट हुन्छ। हाँडिगाउँको अंशुवर्माको अभिलेख (वि० स० ६९५ को) मा ६ वटा विहारको नाउँ किटिएको छ। कुरा के भने लिच्छविहरूले आफूसँगै नेपालखाल्डोमा कट्टर किसिमको वैष्णव मत र दोस्रो तहको महत्त्व दिएर शैव मत ल्याए। पछि यो राजवंश नेपालमा जमिसकेपछि हिन्दू धर्मका अरू अरू सम्प्रदाय पनि लिच्छविहरूले नेपालमा ल्याएको देखिन्छ। विक्रमको सातौँ शताब्दीको अन्त्यभन्दा पहिल्यै शैव सम्प्रदायको केही प्रभाव जमिसकेको हुनुपर्छ। अंशुवर्माको एउटा अभिलेख (साँगाको वि०सं० ६९३ को) मा पशुपतिभट्टारकपादानुगृहीतो (भगवान् पशुपतिको पाउको कृपापात्र) यस किसिमको प्रशस्ति लेखिएको छ।]

यसरी यहाँ वि० सं० ६९९ तिरका जिष्णुगुप्तभन्दा पहिलेका लिच्छविअभिलेखहरूमा नेपालखाल्डोका विहारहरूको बारेमा एक शब्द पनि परेको छैन; यस कारण लिच्छविहरू बौद्धमार्गी थिएनन्; हाँडिगाउँको अंशुवर्माको वि०सं० ६९५ को अभिलेखमा ६ वटा विहारहरूको नाउँ परेको छ; लिच्छविहरूले खास महत्त्व दिई वैष्णव मत र दोस्रो तहको महत्त्व दिएर शैवमत आफूसँगै नेपालखाल्डोमा ल्याए; पछि लिच्छविवंश नेपालमा जमिसकेपछि लिच्छविहरूले यहाँ हिन्दू धर्मका अरू अरू सम्प्रदाय ल्याए; पछि विक्रमको सातौँ शताब्दीको अन्त्यभन्दा पहिल्यै यहाँ शैवसम्प्रदायको प्रभाव केही जमिसकेको थियो भन्ने कुरा अंशुवर्माले साँगाको वि० सं० ६९३ को आफ्नो अभिलेखमा आफ्नो प्रशस्तिमा पशुपतिभट्टारकपादानुगृहीत भनी लेखाएकाले स्पष्ट हुन्छ भनी मल्लज्यू र राणाज्यूले लेख्नुभएको छ।

अब यसको परीक्षा गरिन्छ।

'वि० सं० ६९९ तिरका जिष्णुगुप्तभन्दा पहिलेका लिच्छविअभिलेखहरूमा विहारहरूबारे एक शब्द पनि लेखिएको पाइँदैन भनी मल्लज्यू र राणाज्यूले यहाँ लेख्नुभएको छ तथा यसको लगत्तै उहाँहरूले हाँडिगाउँको अंशुवर्माको वि०सं० ६९५ को अभिलेखमा ६ वटा विहारहरूको नाउँ परेको छ भनी लेख्नुभएको छ। यसरी यो लेखाइ परस्परमा बाझेको स्पष्ट देखिन्छ।

सबभन्दा पहिले जिष्णुगुप्तको समयको बारेमा केही लेख्नुपरेको छ।

जिष्णुगुप्तका संवत् ४८ कार्तिक[3]देखि संवत् ५७ कार्तिक[4]सम्मका अभिलेख पाइएका छन्। भगवान्लाल इन्द्राजीले वि० सं० १९३७ मा[5] संवत् ३४,[6] ३९,[7] ४५,[8] ४८,[9]

---

३. धनवज्र वज्राचार्यको लिच्छविकालका अभिलेखको १०५ सङ्ख्याको अभिलेख।

४. लिच्छविकालका अभिलेखको ११५ सङ्ख्याको अभिलेख।

५. भगवान्लाल इन्द्राजीले वि० सं० १९३७ मा इन्डिअन् यान्टिक्वरि (भारतीय प्राचीन तत्त्व) को ९ भागमा नेपालका २३ वटा अभिलेख छपाएका छन्। पछि वि०सं० १९४१ मा ती अभिलेख भगवान्लाल इन्द्राजीद्वारा रचित, जर्ज बूलरद्वारा अनूदित ट्वेन्टि–थ्री इन्स्क्रिप्शन्ज् फ्रम् नेपाल् कलेक्टेड् याट् दि एक्स्‌पेन्स् अफ् एच्. एच्. नवाब् अफ् जूनागढ् (जूनागढका नवाबको खर्चले बटुलिएका, नेपालका २३ वटा अभिलेख) भन्ने पुस्तकमा छापिएका छन्। त्यहाँ छापिएका २३ अभिलेखमध्ये १५ अभिलेख लिच्छविकालका छन्।

६. भगवान्लाल इन्द्राजी र रेनिइरो नोलीले यस अभिलेखको संवत् ३४ पढ्नुभएको छ [ट्वेन्टि–थ्री इन्स्क्रिप्शन्ज् फ्रम् नेपाल्को ६ सङ्ख्याको अभिलेख, रेनिइरो नोलीको नेपालिज् इन्स्क्रिप्शन्ज् इन् गुप्त क्यारेक्टर्ज् (नेपालका गुप्ताक्षरी अभिलेख) को ३९ सङ्ख्याको अभिलेख)]। तर वास्तवमा यहाँको संवत् २९ हो (पूर्णिमा ७ पूर्णाङ्कमा छापिएको पिताजी नयराज पन्तको लिच्छविकालका अभिलेखमा देखापरेका ५५ सम्मका संवतका अङ्कको निर्णय भन्ने निबन्ध। सो अङ्कका ४–५ पृष्ठ)।

७. ट्वेन्टि श्री इन्स्क्रिप्शन्ज् फ्रम् नेपाल्को ७ सङ्ख्याको अभिलेख।

८. ट्वेन्टि–श्री इन्स्क्रिप्शन्ज् फ्रम् नेपाल्को ८ सङ्ख्याको अभिलेख।

९. ट्वेन्टि–श्री इन्स्क्रिप्शन्ज् फ्रम् नेपाल्को ९ सङ्ख्याको अभिलेख।

११९,[10] १४३,[11] १४५,[12] १५३[13] का अभिलेख छपाएदेखि अहिलेसम्म पनि यो कुन संवत् हो भन्ने कुराको निधो गर्ने प्रयत्न गरिँदै रहे तापनि सर्वमान्य रूपले निर्णय भने हुन सकेको छैन । कुण्ड कुण्ड पानी मुण्ड मुण्ड बुद्धि भने झैं यो संवत्‌को प्रारम्भवर्षको विषयमा विभिन्न मत चली ६८ वर्षसम्मको अन्तर परेको देखिन्छ[14] ।

---

१०. ट्वेन्टि-श्री इन्स्क्रिप्शन्ज फ्रम् नेपाल्को १२ सङ्ख्याको अभिलेख ।

११. भगवान्‌लाल इन्द्राजीले यस अभिलेखको संवत् १४३ पढेका छन् (ट्वेन्टि–श्री इन्स्क्रिप्शन्ज् फ्रम् नेपाल्को १३ सङ्ख्याको अभिलेख) । तर वास्तवमा यहाँको संवत् १०३ हो (नेपालिज् इन्स्क्रिप्शन्ज् इन् गुप्त क्यार्‌अक्‌टर्ज् को ७३ सङ्ख्याको अभिलेख, पूर्णिमा १९ पूर्णाङ्कमा छापिएको धनवज्र वज्राचार्यको लिच्छविकालका अभिलेखमा देखापरेका संवत्‌का अङ्कको निर्णय भन्ने निबन्ध । सो अङ्कको १८६ पृष्ठ) ।

१२. भगवान्‌लाल इन्द्राजीले र रेनिइरो नोलीले यस अभिलेखको संवत् १४५ पढ्नुभएको छ (ट्वेन्टि–श्री इन्स्क्रिप्शन्ज् फ्रम् नेपाल्को १४ सङ्ख्याको अभिलेख, नेपालिज् इन्स्क्रिपशन्ज् इन् गुप्त क्यार्‌अक्‌टर्ज् को ८० सङ्ख्याको अभिलेख) । तर वास्तवमा यहाँको संवत् १४८ हो (पूर्णिमा १९ पूर्णाङ्कको १८७ पृष्ठ) ।

१३. भगवान्‌लाल इन्द्राजीले र योगी नरहरिनाथले यस अभिलेखको संवत् १५३ पढ्नुभएको छ [ट्वेन्टि–श्री इन्स्क्रिप्शन्ज् फ्रम् नेपाल्को १५ सङ्ख्याको अभिलेख, संस्कृत–सन्देश १ वर्ष १ अङ्कमा छापिएको योगी नरहरिनाथको नेपाल–देवपत्तन–पशुपतिनाथ–मन्दिर–पश्चिम–द्वार–पार्श्व–स्थित: जयदेवशिलालेख: (नेपाल देउपाटन पशुपतिनाथको मन्दिरको पश्चिम ढोकापट्टि रहेको जयदेवको शिलालेख) भन्ने निबन्ध । सो अङ्कको ७ पृष्ठ ।] बाबुराम आचार्यले र रेनिइरो नोलीले यसको संवत् १५९ पढ्नुभएको छ [संस्कृत–सन्देश १ वर्ष २ अङ्कका ४१–४२ पृष्ठमा र ३ अङ्कका ३२–३३ पृष्ठमा छापिएको बाबुराम आचार्यको त्र इत्यस्य मानम् ३ उत ९ (त्र भनेको ३ कि ९) भन्ने निबन्ध । नेपालिज् इन्स्क्रिप्शन्ज् इन् गुप्त क्यार्‌अक्‌टर्ज् को ८१ सङ्ख्याको अभिलेख] । तर वास्तवमा यहाँको संवत् १५७ हो (महेशराज पन्तको इतिहास-संशोधन ५५ क्रमागत सङ्ख्याका २४–२६ पृष्ठ, पूर्णिमा १९ पूर्णाङ्कको १८८ पृष्ठ) ।

१४. यस संवतको विषयमा हामीलाई थाहा भएअनुसार तलका मत प्रकाशमा आएका छन्–

(१) भगवान्‌लाल इन्द्राजी– वि० सं० ६६३ देखि चलेको हर्षसंवत् ।

(ट्वेन्टि–श्री इन्स्क्रिप्शन्ज् फ्रम् नेपाल्का ४५–५१ पृष्ठ ।)

(२) सिल्भाँ लेभी– वि० सं० ६५२ देखि चलेको भोटे संवत् ।

[फ्र्‌नाल् आजेआतीक् (एशियासम्बन्धी पत्रिका) को वि० सं० १९५१ मा छापिएको भागको दोस्रो अङ्कका ५५ –७२ पृष्ठमा छापिएको सिल्भाँ लेभीको नत् सूर् ला क्रनलजी दु नेपाल् (नेपालको कालनिर्णयको बारेमा टिप्पणी) भन्ने निबन्ध । सिल्भाँ लेभीको यो लेख मैले पढ्न पाएको छैन । तर उनले आफ्नो ग्रन्थ ले नेपाल्, एतूईद् ईस्‌त्वरीक् द'अन् र्‍वायोम् एँदू (हिन्दू अधिराज्य नेपालको इतिहासको परिशीलन) को दोस्रो भागका १५२–१५४ पृष्ठमा यस संवत्‌को विषयमा लेखेको कुरा मैले पढेको छु । उनको

यस कारण अहिलेलाई जिष्णुगुप्तको समयनिर्धारण घुमाउरो प्रमाणको आधारमा गर्नुपरेको छ ।

वि० सं० ७०० मा नेपालमा नरेन्द्रदेव राजा थिए भन्ने कुरा तात्कालिक चिनिया वृत्तान्तबाट थाहा पाइन्छ[15] । जिष्णुगुप्तको संवत् ५७ कार्तिकको अभिलेखको लगत्तै विष्णुगुप्तको संवत् ५७

---

उपर्युक्त लेखको उद्धरण मैले इस्ट् यान्ड् वेस्ट् (पूर्व र पश्चिम) को १२ भागको चारौं अङ्कका २२७–२३२ पृष्ठमा छापिएको लुशियानो पेटेकको द क्रोनलअजि अफ् दि अर्लि इन्स्क्रिप्शन्ज् अफ् नेपाल् (नेपालका प्राचीन अभिलेखहरूको कालनिर्णय) भन्ने निबन्धबाट हालेको हुँ ।]

(३) के० जी० शङ्कर– मालवाका यशोधर्माले वि० सं० ५९५ देखि चलाएको संवत् ।

[इन्डिअन् हिस्टर्इकल् क्वार्टर्लि (भारतीय इतिहाससम्बन्धी त्रैमासिक पत्रिका) को ११ भागका ३०४–३१२ पृष्ठमा छापिएको के० जी० शङ्करको दि अर्लि क्रोनलअजि अफ् नेपाल् (नेपालको प्राचीन कालनिर्णय) भन्ने निबन्ध । के० जी० शङ्करको यो लेख मैले पढ्न नपाएकोले उनको मत लुशियानो पेटेकको उपर्युक्त लेखबाट उद्धरण गरेको छु ।]

(४) हेमराज शर्मा– वि० सं० ६३३ देखि चलेको मानदेवसंवत् ।

[काशीप्रसाद जायसवालको क्रोनलअजि यान्ड् हिस्टरि अफ् नेपाल् फ्रम् ६०० बी० सी० टु ८८० ए० डी० (वि० पू० ५४२ देखि वि० सं० ९३६ सम्मको नेपालको कालनिर्णय र इतिहास) का ३३–३४ पृष्ठ ।]

(५) बालचन्द्र शर्मा– वि० सं० ६२८ देखि चलेको ठकुरीसंवत् ।

(बालचन्द्र शर्माको नेपालको ऐतिहासिक रूपरेखा दोस्रो संस्करणका ८६–९३ पृष्ठ ।)

(६) रमेशचन्द्र मजुमदार– शतस्थानी अङ्क तष्ट गरिएको वि० सं० ६३५ देखि चलेको शकसंवत् ।

[जर्नल् अफ् दि एशियाट्इक्ससाइइटि (एशियासम्बन्धी संस्थाको पत्रिका) को वि० सं० २०१६ को पहिलो भागको पहिलो अङ्कमा छापिएको रमेशचन्द्र मजूमदारको दि ईर्अज् अफ् नेपाल् (नेपालका संवत्) भन्ने निबन्ध ।]

(७) हितनारायण झा– वि० सं० ६३१ देखि चलेको अंशुवर्मसंवत् ।

[हितनारायण झाको द लिच्छविज् (लिच्छविहरू) का १२०–१२५ पृष्ठ ।]

(८) शङ्करमान राजवंशी– वि० सं० ६०९ देखि चलेको अंशुवर्मसंवत् ।

(शङ्करमान राजवंशीको लिच्छविसंवत्को निष्कर्षका ५–२४ पृष्ठ ।)

कुनै मतप्रवर्तकको मतलाई पुष्ट पार्ने थप प्रमाण जुटाउने र संवत्को नाउँ भिन्नै, तर सो संवत्को प्रारम्भवर्ष पूर्वप्रचलित कुनै मतअनुसार मान्ने विद्वान्हरूको नाउँ स्थानाभावले गर्दा यहाँ दिइएको छैन । यहाँ मतप्रवर्तकहरूको क्रम उनीहरूले आपनो मत प्रकाश गरेको समयअनुसार दिइएको छ ।

१५. क्रोनलअजि यान्ड् हिस्टरि अफ् नेपाल्का ८२–८३ पृष्ठ ।

फाल्गुनको[16] अभिलेख पाइन्छ । विष्णुगुप्तको संवत् ६५ फाल्गुनसम्मका[17] अभिलेख पाइन्छन् । त्यसपछि संवत् ६७ पौष[18]देखि नरेन्द्रदेवका अभिलेख पाइन थाल्छन् । यताबाट जिष्णुगुप्तपछि विष्णुगुप्तले कमसेकम ८ वर्ष शासन चलाइसकेपछि मात्र नरेन्द्रदेव राजा भएको देखिन्छ । जिष्णुगुप्तको पछिल्लो अभिलेख, विष्णुगुप्तको पहिलो अभिलेख र नरेन्द्रदेवको पहिलो अभिलेखको बीचमा १० वर्षको अन्तर भएकोले हामी जिष्णुगुप्तलाई वि० सं० ६९० भन्दा वर तान्न सक्दैनौं । यस कारण मल्लज्यू र राणाज्यूले माने जस्तै जिष्णुगुप्तको आसन्न समय वि० सं० ६९९ मान्ने हो भने हामीले तात्कालिक अभिलेखहरूद्वारा समर्थित विष्णुगुप्तको कमसेकम ८ वर्षको शासनकाललाई आँखा चिम्लनुपर्छ र जिष्णुगुप्तपछि नरेन्द्रदेव लगत्तै राजा भए भन्ने नयाँ कल्पना गर्नुपर्छ ।

मल्लज्यू र राणाज्यूले साँगाको अंशुवर्माको अभिलेखलाई वि०सं० ६९३ को र विहारहरूको उल्लेख परेको हाँडिगाउँको अंशुवर्माको अभिलेखलाई वि० सं० ६९५ को भनी लेख्नुभएको छ । साँगाको अभिलेखमा संवत् ३२ भाद्रपदशुक्लदिवा १[19] भनी मिति दिइएकोले यो अभिलेख संवत् ३२ भाद्रको र विहारहरूको उल्लेख परेको हाँडिगाउँको अभिलेखमा संवत् ३२ आषाढशुक्लत्रयोदश्याम्[20] भनी मिति दिइएकोले यो अभिलेख संवत् ३२ आषाढको देखिन्छ अर्थात् हाडिगाउँको सो अभिलेख राखिएको २ महीना जतिपछि साँगाको अभिलेख राखिएको स्पष्ट हुन्छ । तर मल्लज्यू र राणाज्यूले हाँडिगाउँको सो अभिलेख राखिएको २ महीना जतिपछि राखिएको साँगाको अभिलेखलाई हाँडिगाउँको सो अभिलेखभन्दा २ वर्ष पुरानो पारिदिनुभएको छ ।

मल्लज्यू र राणाज्यूले जिष्णुगुप्तको आसन्न समय वि०सं० ६९९, साँगाको अंशुवर्माको अभिलेखको समय वि०सं० ६९३, विहारहरूको उल्लेख परेको हाँडिगाउँको अंशुवर्माको अभिलेखको समय वि०सं० ६९५ दिनुभएकोले साँगाको सो अभिलेख र जिष्णुगुप्तको समयमा ६ वर्षको मात्र अन्तर र हाँडिगाउँको सो अभिलेख र जिष्णुगुप्तको समयमा ४ वर्षको मात्र अन्तर पर्ने देखिन्छ । हाँडिगाउँको सो अभिलेख संवत् ३२ आषाढको, साँगाको सो अभिलेख संवत् ३२ भाद्रको तथा जिष्णुगुप्तको पहिलो अभिलेख संवत् ४८ कार्तिकको हो भन्ने कुरा मैले भरखरै माथि लेखिसकेको छु । यस कारण हाँडिगाउँको सो अभिलेख, साँगाको

१६. संवत् ५७ फाल्गुनको अभिलेखको माथिल्लो भाग फुटेकोले त्यहाँ शासकको नाउँ देखिदैन । त्यहाँ दूतक युवराज श्रीधरगुप्त छन् (लिच्छविकालका अभिलेखको ११६ सङ्ख्याको अभिलेख) । विष्णुगुप्तका अरू सबै अभिलेखमा दूतक युवराज श्रीधरगुप्त (लिच्छविकालका अभिलेखका ११७, ११८ सङ्ख्याका अभिलेख) भएकाले यो अभिलेख पनि विष्णुगुप्तकै देखिन्छ ।

१७. लिच्छविकालका अभिलेखको ११८ सङ्ख्याको अभिलेख ।

१८. लिच्छविकालका अभिलेखको १२३ सङ्ख्याको अभिलेख ।

१९. लिच्छविकालका अभिलेखको ७८ सङ्ख्याको अभिलेख ।

२०. लिच्छविकालका अभिलेखको ७७ सङ्ख्याको अभिलेख ।

सो अभिलेख र जिष्णुगुप्तको समयमा घटीमा पनि १६ वर्षको अन्तर पर्छ, मल्लज्यू र राणाज्यूले लेखे जस्तै ४ र ६ वर्षको मात्र अन्तर पर्ने होइन ।

कमलप्रकाशज्यू र पशुपतिशमशेरज्यूले हाँडिगाउँको अंशुवर्माको अभिलेखमा ६ वटा विहारको नाउँ परेको छ भनी लेख्नुभएको कुराको पनि परीक्षा गरिहालौं ।

हाँडिगाउँको अंशुवर्माको संवत् ३२ को अभिलेखमा देवताहरूको बारेमा यस्तो उल्लेख परेको छ–

(भगव)तः पशुपतेः पु ६ प २ दोलाशिखरस्वामिनः पु ६ प २··· गुं विहारस्य पु ६ प २ श्रीमान-विहारस्य पु ६ प २ श्रीरा(ज)विहारस्य पु ६ प २ खर्जू रिकाविहारस्य पु ६ प २ म(ध्य)मविहारस्य पु ६ प २ सामान्यविहाराणां पु ३ प १ रामेश्वरस्य पु ३ प १ हंसगृहदेवस्य पु ३ प १ मानेश्वरस्य पु ३ प १ साम्बपुरस्य पु ३ प १ वाग्वतीपारदेवस्य पु ३ प १ धारामानेश्वरस्य पु ३ प १ पर्वतेश्वरदेवस्य पु ३ प १ नरसिंहदेवस्य पु ३ प १ कैलासेश्वरस्य पु ३ प १ भुम्भुक्किकाजलशयनस्य पु ३ प १ तदन्यदेवकुलानाम् पु २ प २

(लिच्छविकालका अभिलेखको ७७ सङ्ख्याको अभिलेखबाट । सो ग्रन्थका ३२०–३२१ पृष्ठ ।)

[भगवान् पशुपतिलाई ६ पुराण २ पण, दोलाशिखरस्वामी (चाँगुनारायण)लाई ६ पुराण २ पण, गुं विहारलाई ६ पुराण २ पण, श्रीमानविहारलाई ६ पुराण २ पण, श्रीराजविहारलाई ६ पुराण २ पण, खर्जू रिकाविहारलाई ६ पुराण २ पण, मध्यमविहारलाई ६ पुराण २ पण, अरू सामान्य विहारहरूलाई ३ पुराण १ पण, रामेश्वरलाई ३ पुराण १ पण, हंसगृहदेवलाई ३ पुराण १ पण, मानेश्वरलाई ३ पुराण १ पण, साम्बपुरलाई ३ पुराण १ पण, वाग्वतीपारिका देवलाई ३ पुराण १ पण, धारामानेश्वरलाई ३ पुराण १ पण, पर्वतेश्वरलाई ३ पुराण १ पण, नरसिंहदेवलाई ३ पुराण १ पण, कैलासेश्वरलाई ३ पुराण १ पण, भुम्भुक्किका-जलशयनलाई ३ पुराण १ पण, यीबाहेकका अरू देव मन्दिरलाई २ पुराण २ पण ।]

(लिच्छविकालका अभिलेखको ३२१ पृष्ठ । श्रीधनवज्र वज्राचार्यले पर्वतेश्वरदेवस्यको अर्थ पर्वतेश्वरलाई र तदन्यदेवकुलानाम्को अर्थ अरू देवमन्दिरलाई भनी प्रकाश गरेकोमा यहाँ मैले पर्वतेश्वर-देवलाई र तीबाहेक अरू देवमन्दिरलाई भनी लेखेको छु ।)

यहाँको यो लेखाइबाट ५ वटा मुख्य मुख्य विहारहरूको नाउँ किटी ती प्रत्येक विहारलाई पशुपति-नाथ र चाँगुनारायणसरह ६ पुराण २ पण भाग तोकी अरू सामान्य (सर्वसाधारण) विहारहरूलाई चाहिँ सगोलमा यसको आधा भाग अर्थात् ३ पुराण १ पण भाग तोकिएको स्पष्ट बुझिन्छ । यहाँ सामान्य विहार शब्दले अरू सर्वसाधारण विहारहरूलाई नबुझाई कमलप्रकाशज्यू र पशुपतिशमशेरज्यूले सम्झनुभए जस्तै कुनै विहारको नामविशेषलाई बुझाएको भए यहाँ सामान्यविहाराणाम् भनी बहुवचनको प्रयोग नगरी गुं-विहारस्य, श्रीमानविहारस्य, श्रीराजविहारस्य, खर्जू रिकाविहारस्य, मध्यमविहारस्य जस्तै एकवचनको प्रयोग गरी सामान्यविहारस्य भनी लेखिन्थ्यो । यस कारण सामान्यविहाराणाम् यो पदले नाउँ किटिएका ५ वटा मुख्य मुख्य विहारबाहेक त्यस बेलाका अरू साधारण विहारलाई बुझाएको स्पष्ट छ । यताबाट हाँडिगाउँको

अंशुवर्माको अभिलेखमा ६ वटा विहारको नाउँ किटिएको छ भनी कमलप्रकाशज्यू र पशुपतिशमशेरज्यूले लेख्नुभएको अशुद्ध ठहर्छ ।

कमलप्रकाशज्यू र पशुपतिशमशेरज्यूले जिष्णुगुप्तका अभिलेखभन्दा पहिलेका अभिलेखमा विहारहरूको बारेमा एक शब्द पनि परेको छैन भनी लेख्नुभएको छ । यताबाट जिष्णुगुप्तका अभिलेख-हरूमा विहारको चर्चा परेको छ भन्ने बुझिन्छ । तर जिष्णुगुप्तका अहिलेसम्म प्रकाशमा आएका ११ अभिलेखमध्ये एउटामा पनि विहारको उल्लेख परेको छैन[21] ।

जिष्णुगुप्तभन्दा पहिलेका अभिलेखहरूमा विहारको उल्लेख नपरेकोले लिच्छविहरू बौद्धमार्गी थिएनन् भनी मल्लज्यू र राणाज्यूले निकाल्नुभएको निष्कर्षको पनि अब परीक्षा गरिहालौं ।

चाँगुको मानदेवको संवत् ३८६ को ढुङ्गे खामोमा उनका बराजु वृषदेवको बयान यसरी गरिएको छ–

[श्रीम]च्चारुनयप्रतापविभ[वैर्व्या]यामसंक्षेपकृत् [राजा]भूद् वृषदेव इत्यनु[पमः स]त्यप्रतिज्ञोदयः

(लिच्छविकालका अभिलेखको २ सङ्ख्याको अभिलेखबाट । सो ग्रन्थको १० पृष्ठ ।)

[राम्रा नीति प्रभाव ऐश्वर्यद्वारा लडाइँ–भिडाइँ कम गर्ने, बोलेको कुरा पुऱ्याउने वृषदेव नाउँ भएका बेजोड राजा हुनुभयो ।]

(लिच्छविकालका अभिलेखको १४ पृष्ठ ।)

यसरी यहाँ मानदेवले व्यायामसंक्षेपकृत्[22] (लडाइँ–भिडाइँ कम गर्ने) भनी वृषदेवको बयान गराएकाले वृषदेव शमप्रिय राजा थिए भन्ने बुझिन्छ ।

पशुपतिको जयदेवको संवत् १५७ को शिलालेखमा वृषदेवको बयान यसरी गरिएको छ–

श्रीमान्बभूव वृषदेव इति प्रतीतो राजोत्तमः सुगतशासनपक्षपाती ॥

(लिच्छविकालका अभिलेखको १४८ सङ्ख्याको अभिलेखबाट । सो ग्रन्थको ५४९ पृष्ठ ।)

[बौद्ध धर्ममा झुकेका श्रीवृषदेव भनी प्रख्यात भएका असल राजा हुनुभयो ।]

(लिच्छविकालका अभिलेखको ५५३ पृष्ठ ।)

यसरी यहाँ सुगतशासनपक्षपाती (बौद्ध धर्ममा झुकेका) भनी वृषदेवको बयान गरिएको देखिएकोले शमप्रधान बौद्ध धर्मका उपासक वृषदेवलाई चाँगुको स्तम्भलेखमा व्यायामसंक्षेपकृत् (लडाइँ–भिडाइँ कम गर्ने) भन्ने विशेषण लगाई बौद्ध धर्ममा भएको उनको आस्थालाई सङ्केत गरेको बुझिन्छ । यति कुराबाट मानदेवका बराजु वृषदेव बौद्ध थिए भन्ने स्पष्ट हुन्छ ।

---

२१. लिच्छविकालका अभिलेखका १०५ सङ्ख्यादेखि ११५ सङ्ख्यासम्मका अभिलेख ।

२२. यही अङ्कमा छाप्न भनी चाँगुको मानदेवको ढुङ्गे खामोमा परेको व्यायाम शब्दको अर्थको विषयमा प्रामाणिक व्याख्या गरी मैले लेखेको निबन्ध स्थानाभावले गर्दा यो अङ्कमा प्रकाश गर्न सकिएन । पछि पूर्णिमाको ३४ अङ्कमा सो निबन्ध प्रकाश गरिनेछ ।

अभिलेखहरूमा क्रमबद्ध रूपमा उल्लेख भएका पहिला लिच्छवि राजाको नै बौद्धको रूपमा बर्णन भएकोले लिच्छविहरू बौद्ध थिएनन् भन्ने मल्लज्यू र राणाज्यूको लेखाइमा केही सार छैन ।

उठानका लिच्छविहरूले पहिलो तहको महत्त्व दिएर वैष्णवधर्म र दोस्रो तहको महत्त्व दिएर शैव धर्म ल्याएका थिए, आफ्नो शासन नेपालमा जमिसकेपछि मात्र लिच्छविहरूले नेपालमा हिन्दू धर्मका अरू अरू सम्प्रदाय पनि ल्याए, शैव धर्मको केही प्रभाव विक्रमको सातौँ शताब्दीको अन्त्यभन्दा अगावै जमेको थियो, किनभने साँगाको अंशुवर्माको वि० सं० ६९३ को अभिलेखमा उनले पशुपतिभट्टारकपादानुगृहीत भन्ने प्रशस्ति लिएका छन् भनी मल्लज्यू र राणाज्यूले लेख्नुभएको कुराको विषयमा अब विचार गरौँ ।

सबभन्दा पहिले नेपालखाल्डोमा आउने लिच्छविहरू को हुन् ? उनीहरू कहिले नेपालखाल्डोमा आए ? उनीहरूले आफूसँगै नेपालमा कुन कुन धार्मिक मत ल्याए भन्ने कुरा हामीलाई थाहा छैन। तर अभिलेखहरूद्वारा समर्थित पहिला राजा मानदेवका बराजु वृषदेव बौद्ध थिए भन्ने कुरा भरखरै माथि परेको छ। चाँगुको मानदेवको स्तम्भलेखमा उनका बाबु धर्मदेवलाई बलि र मन्त्रपाठपूर्वक यज्ञ गर्ने[23] भनी बयान गरिएकोले र सोही अभिलेखमा मेरा बुबाले मौलाले पृथ्वी सिँगार्नुभएथ्यो[24] भन्ने वाक्य

---

२३. [त]स्याप्युत्तमधर्मकर्मयशसः[पुत्रोत्थ]विद्धार्म्मिकः[क]र्म्मज्ञो विनयेप्सुरुत्तमगु[णः श्रीध]र्म्मदेवो नृपः...
[ई]जे सत्पशुभिः सुराननु[गुणैः] सम्पन्नमन्त्रर्द्धिभिः [यज्ञैःकर्म्म]विशुद्धदेहहृदयश्चन्द्रद्युतिः पार्त्थिवः

(लिच्छविकालका अभिलेखको २ सङख्याको अभिलेखबाट । सो ग्रन्थको ११ पृष्ठ ।]

[असल धर्म कर्म यश भएका, उहाँका (शङ्करदेवका) पनि छोरा दण्डनीति जान्ने, धर्मात्मा कर्मकाण्ड जान्ने, विनय मन पराउने, असल गुण भएका श्रीधर्मदेव राजाले भने जस्तै भएका, मन्त्र र ऐश्वर्य पुगेका, असल पशु भएका यज्ञद्वारा देवताहरूको पूजा गर्नुभयो ।]

(लिच्छविकालका अभिलेखको १४ पृष्ठ । त्यहाँ विनयेप्सुको अर्थ अनुशासन मन पराउने छापिएकोमा मैले यहाँ विनय मन पराउने लेखेको छु ।)

२४. यूपैश्चारुभिरुच्छ्रितैर्व्वसुमती पित्रा ममालङ्कृता क्षात्रेणाजिमखाश्रयेण विधिना दीक्षाश्रितोहं स्थितः
यात्राम्प्रत्यरिसङक्षयाय तरसा गच्छामि पूर्व्वान्दिशम् ये चाज्ञावशवर्त्तिनो मम नृपाः संस्थापयिष्यामि तान् १४
इत्येवञ्जननीमपेतकलुषां राजा प्रणम्योचिवान् नाम्बानृण्यमहन्तपोभिरमलैः शक्नोमि यातुम्पितुः
किन्त्वाप्तेन यथावदस्त्रविधिना तत्पादसंसेवया यास्यामीति ततोम्बयातिमुदया दत्ताभ्यनुज्ञो नृपः १५

(लिच्छविकालका अभिलेखको २ सङख्याको अभिलेखबाट । सो ग्रन्थको १२ पृष्ठ ।)

[मेरा बुबाले राम्रा अग्ला मौलाहरूले पृथिवी सिंगार्नुभएथ्यो । लडाईँरूपी यज्ञको आड लिएर क्षत्रीको धर्मबमोजिम दीक्षा लिएर म बसिरहेको छु। पराक्रमैले शत्रुको नाश गर्न पूर्व दिशातिर जान्छु । जो राजाहरू मेरो काबूमा बस्नेछन्, तिनलाई थाम्नेछु । यी कुरा सुन्नाले पीर हटेकी मुमा (राज्यवती)-लाई राजाले ढोगेर भन्नुभयो-मुमा ! शुद्ध तपस्या गरेर म बुबाको अऋणी हुन सक्तिनँ । तर उहाँको पाउने सेवा गरेर विधिपूर्वक उहाँबाट सिकेको हतियारको आमले अऋणी हुनेछु । तब अत्यन्त खुशी भएकी

मानदेवको मुखबाट निकालिएकोले पनि धर्मदेव यज्ञप्रधान वैदिक धर्मका उपासक थिए भन्ने बुझिन्छ ।

अभिलेख पाइने पहिला लिच्छवि राजा मानदेवको पालाका अर्थात् संवत् ३८६ देखि संवत् ४२७ सम्मका १७ वटा अभिलेख[25]मध्ये शैव सम्प्रदायसँग सम्बद्ध ९ वटा अभिलेख र[26] वैष्णव सम्प्रदायसँग सम्बद्ध ३ वटा अभिलेख[27] पाइन्छन् । यताबाट मानदेवको पालामा वैष्णव धर्मभन्दा शैव धर्म बढी लोकप्रिय थियो भन्ने बुझिन्छ । मानदेवले वैष्णव धर्मप्रति खास आस्था देखाए तापनि शैव धर्ममा पनि उनको श्रद्धा थियो[28]

---

मुमाबाट आज्ञा पाएर राजा ।]

(लिच्छविकालका अभिलेखका १५–१६ पृष्ठ । त्यहाँ पृथिवीलाई सिंगार्नुभएथ्यो भनी छापिएकोमा यहाँ मैले पृथिवी सिंगार्नुभएथ्यो भनी छापेको छु ।)

२५. लिच्छविकालका अभिलेखका २, ३, ४, ५, ६, ७, ९, १०, ११, १२, १३, १४, १५, १६, १७, १९, २० सङख्याका अभिलेख ।

२६. लिच्छविकालका अभिलेखका ३, ६, ७, १०, ११, १३, १४, १५, २० सङख्याका अभिलेख ।

२७. लिच्छविकालका अभिलेखका २, ४, ५ सङख्याका अभिलेख ।

२८. चाँगुनारायणको स्तुति गरी मानदेवले चाँगुनारायणको मन्दिरमा आफ्नो इतिवृत्त कुँदाइराखेकाले तथा उनले लाजिमपाटमा र पशुपति तिलगङ्गामा विष्णु विक्रान्तमूर्ति स्थापना गरेकाले उनको खास आस्था वैष्णव सम्प्रदायमा देखिएको थियो । (लिच्छविकालका अभिलेखका २, ४, ५ सङख्याका अभिलेख ।)

विष्णुपादुकाको फेदीको शिवलिङ्गको अभिलेख वि० सं० २०२४ फागुनमा पूर्णिमा १५ पूर्णाङ्कमा हामीले (रामजी तेवारी, देवीप्रसाद भण्डारी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, दिनेशराज पन्तले) सर्वप्रथम छपाएका हौं । सो शिवलिङ्ग राखी अभिलेख कुँदाउने राजाको नाउँ फुटी खालि नृपतिः मात्र र संवत्को शतस्थानी अङ्क फुटी खालि ९६ प्रथमाषाढे शुक्लदिव १२ मात्र देखिए-कोले हामीले कोष्ठभित्र श्रीमानदेव र संवत् ३ पढी

(श्रीमानदेव) नृपतिः प्रणतो जगाद ...

(संवत् ३)९६ प्रथमाषाढे शुक्लदिव १२

भन्ने पाठ छपाएका थियौं । कोष्ठभित्रको पाठ पढ्नामा हाम्रो तर्क यस्तो थियो –

यस अभिलेखको लिपि मानदेवको पालाको लिपिसँग ट्वाक्क मिल्छ । यस कारण लिपिको आधारमा यो अभिलेख ३९६ संवत्को हो भनी सहजै ठम्याउन सकिन्छ । ३८६ देखि ४२७ सम्म मान-देवका पालाका अभिलेख पाइएका हुनाले यो अभिलेख मानदेवकै हो भन्ने कुरामा सन्देह छैन । यसै कारण कोष्ठभित्र "श्रीमानदेव" भन्ने पाठ हामीले हालेका हौं । छन्दले पनि यस कुरामा हाम्रो साथ दिएको छ ।

(पूर्णिमा १५ पूर्णाङ्कमा छापिएको लिच्छविकालका तीन अप्रकाशित अभिलेख भन्ने निबन्ध । सो अङ्कको ३३० पृष्ठ ।)

यताबाट मानदेवको शैवधर्ममा पनि श्रद्धा थियो भन्ने बुझिन्छ ।

लिच्छविकालका अभिलेखमा ७ सङख्याको रूपमा छापिएको यस अभिलेखमा फुटेका पदको पूर्ति

तथा उनका रानीहरू[29] र छोरीचाहिँ[30] शैव धर्मप्रति झुकेका थिए भन्ने बुझिन्छ ।

मानदेवको पालामा शैव र वैष्णव सम्प्रदाय जति व्यापक नभए पनि सौर[31] र शाक्त[32] सम्प्रदाय पनि चलेका थिए भन्ने कुरा तात्कालिक अभिलेखहरूबाट बुझिन्छ ।

यसरी मानदेवका बराजु वृषदेव बौद्ध, मानदेवका बाबु धर्मदेव वैदिक, मानदेवको पालामा उनको घरमा वैष्णव शैव दुवै सम्प्रदाय चलेको र मानदेवका प्रजाहरूमा शैव, सौर, शाक्त तीनै थरी सम्प्रदाय चलेको देखिन्छ ।

वसन्तदेवको उदयदेखि अंशुवर्माको एकलौटी शासकको रूपमा उदय नभएसम्मको कालका अर्थात् संवत् ४२८ देखि संवत् ५२६ सम्मका जम्मा ४६ अभिलेख[33]मध्ये शैव सम्प्रदायसँग सम्बद्ध

---

रूपरेखा १५६ पूर्णाङ्कमा छापिएको पिताजी नयराज पन्तको मानदेवका दुइ अभिलेखको विषयमा भन्ने निबन्धमा छापिएको छ (सो अङ्कको ५३ पृष्ठ) । सो अङ्कमा छपाइको दोषबाट केही अशुद्धि पर्न गएकाले फेरि रूपरेखा १५७ पूर्णाङ्कको १ पृष्ठमा शुद्ध रूप छपाइएको छ ।

२९. लिच्छविकालका अभिलेखका ६, १५ सङ्ख्याका अभिलेख।

३०. लिच्छविकालका अभिलेखको २० सङ्ख्याको अभिलेख ।

३१. (संव)त् ४०२

राज्ञः श्रीमानदेवस्य सम्यक्पालयतो महीम् आषाढशुक्लस्य तिथौ पञ्चदश्यां शुभार्त्थिना वणिजां सार्त्थवाहेन गुहमित्रेण भक्तितः संस्थापितोत्र भगवानिन्द्रो नाम दिवाकरः

(लिच्छविकालका अभिलेखको १२ सङ्ख्याको अभिलेखबाट। सो ग्रन्थको ५९ पृष्ठ ।)

[राजा श्रीमानदेवबाट राम्ररी पृथ्वीको पालना गरिरहनुभएको वेलामा, कल्याण चिताउने सार्थवाह गुहमित्रले संवत् ४०२ आषाढशुक्लपूर्णिमाको दिन इन्द्रनामक भगवान् सूर्यलाई भक्तिपूर्वक यहाँ स्थापना गरे ।]

(लिच्छविकालका अभिलेखको ६० पृष्ठ ।)

३२. संवत् ४२५ माघशुक्लपौर्ण्णमास्याम् अस्यान्दिवमपूर्व्वायां भट्टारकमहाराजश्रीमानदेवस्य साग्रं वर्षशतमाज्ञापयतः सम्राड्गृहपतेस्पत्न्या विजयस्वामिन्या प्रतिष्ठापिता देवी भगवती विजयेश्वरी

(लिच्छविकालका अभिलेखको १६ सङ्ख्याको अभिलेख। सो ग्रन्थको ६७ पृष्ठ ।)

[संवत् ४२५ माघशुक्लपूर्णिमाको दिन भट्टारक (गद्दीनशीन) महाराज श्रीमानदेवले शयभन्दा बढी वर्षसम्म (लामो कालसम्म) आज्ञा गरिरहनुभएको वेलामा सम्राट् गृहपतिकी पत्नी विजयस्वामिनीले भगवती विजयेश्वरी देवीको प्रतिष्ठा गरियो ।]

(लिच्छविकालका अभिलेखका ६७ पृष्ठ ।)

३३. लिच्छविकालको अभिलेखका २२ सङ्ख्यादेखि ३२ सङ्ख्यासम्मका, ३४ सङ्ख्यादेखि ३९ सङ्ख्यासम्मका, ४१ सङ्ख्यादेखि ५६ सङ्ख्यासम्मका, ५८ सङ्ख्यादेखि ७० सङ्ख्यासम्मका अभिलेख ।

४ अभिलेख[34] र वैष्णव सम्प्रदायसँग सम्बद्ध १ अभिलेख[35] पाइन्छन् । यताबाट त्यस बेला पनि वैष्णव धर्मभन्दा शैव धर्मपट्टि जनमत ढल्केको थियो भन्ने अनुमान हुन्छ ।

एक थरी मानिसहरू विष्णुका एकहोरा भक्त र अर्का थरी मानिसहरूचाहिं शिवका एकहोरा भक्त भएकाले उनीहरूमा शिव र विष्णुको अर्धाङ्गबाट तयार भएको हरिहर रूपको प्रचार गरी वैष्णव र शैव-हरूको धार्मिक कलह मेटाउन गणदेवको पालामा संवत् ४८७ मा देउपाटन त्यागलटोलमा अर्धशौरीश्वर मूर्तिको स्थापना गरिएकोले[36] त्यस बेला वैष्णव सम्प्रदायभन्दा शैव सम्प्रदाय कम प्रचलित थिएन भन्ने बुझिन्छ । यति मात्र नभई ती दुइ सम्प्रदाय त्यस बेला परस्परमा टक्कर लिन सक्ने रूपमा थिए भन्ने पनि बुझिन्छ ।

प्रथम शिवदेवको संवत् ५१२ को अभिलेखको मङ्गलाचरणमा विष्णु र शिव दुबैको स्तुति गरिएकोले[37]

---

३४. लिच्छविकालको अभिलेखका ३४, ३६, ३८, ३९ सङ्ख्याका अभिलेख ।

३५. लिच्छविकालका अभिलेखको ३७ सङ्ख्याको अभिलेख ।

३६. संवत् ४८७ प्रथमाषाढशुक्लद्वितीयायाम्भट्टारकमहाराजश्रीगणदेवे कालमपरिमितं समाज्ञापयति परमदैवतश्रीभौमगुप्तपादानुध्यातो विदितविनयः शश्वत्कुशलकर्म्मण्युपहितपरमानुग्रहः प्रकृष्टकुलजन्मा दिवमुपगतयोर्म्मातापित्रोरात्मनश्च पुण्योपचितये स्वामिवार्त्तः सकलभुवनसम्भवस्थितिप्रलयकारणमनादि-निधनं भगवन्तमिह शङ्करनारायणस्वामिनं प्रतिष्ठापितवान्....

भिन्ने पुंसां जगति च तथा देवताभक्तिभावे पक्षग्राहभ्रमितमनसां पक्षविच्छित्तिहेतोः
इत्यर्द्धाभ्यां समुपरचितं यन्मुरारीश्वराभ्यामेकं रूपं शरदिजघनश्यामगौरं तदव्यात्
(लिच्छविकालका अभिलेखको ५० सङ्ख्याको अभिलेखबाट । सो ग्रन्थका १९८–१९९ पृष्ठ ।)

[संवत् ४८७ प्रथमाषाढशुक्लद्वितीयामा । भट्टारक (गद्दीनशीन) महाराज श्रीगणदेवबाट धेरै कालसम्म राज्य गरिरहनुभएको समयमा, परमदैवत श्रीभौमगुप्तको पाउको अनुग्रह पाएका, विनय जानेका, सधैं बढिया काममा ठूलो अनुग्रह देखाएका, ठूलो कुलमा जन्मेका, वार्त (जागीरदार) स्वामीले स्वर्ग गएका आफ्ना आमा बाबुको र आफ्नो पनि पुण्य बढाउनाको लागि सारा संसारको सृष्टि, स्थिति, प्रलयका कारण भएका, आदि र अन्त्य (जन्म र मरण) नभएका भगवान् शङ्करनारायण स्वामीलाई यहाँ स्थापना गरे :

त्यस्तै संसारमा मानिसहरूको भिन्नाभिन्नै देवताहरूमा भक्तिभाव हुन्छ; पक्षपातमा परेर मनमा भ्रम भएका ती मानिसहरूको पक्षपात हटाउनाको लागि विष्णुले र महादेवले आधा आधा भई यसरी जुन एउटै रूप लिनुभएको छ, शरद् ऋतुको मेघ जस्तो कालो र गोरो भएको त्यस (रूप) ले रक्षा गरोस् । ]

( लिच्छविकालका अभिलेखका १९९–२००पृष्ठ । अनुशासन, स्वर्गमा गएका, बढाउनाका लागि, ती मानिसको भनी त्यहाँ छापिएकोमा विनय,स्वर्ग गएका,बढाउनाको लागि,ती मानिसहरूको भनी यहाँ छापेको छु। ]

३७. . . . .विलासैरलसमृदुगतिर्व्वासुदेवः सः पातु . . .
. . . . . . .स जयति सततं विश्वधामा स्मरारिः
(स्वस्ति मा)नगृहाद् बप्पपादानुध्यातस्सततमुपचीयमान(शशाङ्क)किरणामलयशःप्रतानो लिच्छविकुलकेतु–

पनि त्यस ताका विष्णु र शिवको उत्तिकै महत्त्व थियो भन्ने कुरा स्पष्ट हुन्छ ।

वसन्तदेवको पालादेखि अंशुवर्मा एकलौटी शासक नभएसम्मको कालमा शैव र वैष्णव सम्प्रदायका अतिरिक्त वैदिक,[38] बौद्ध[39] र अरू[40] सम्प्रदाय पनि प्रचलनमा थिए भन्ने कुरा पनि तात्कालिक अभिलेखहरूबाट बुझिन्छ ।

साँगाको अंशुवर्माको अभिलेखमा उनको प्रशस्तिमा पशुपतिभट्टारकपादानुगृहीत भन्ने पद परेको छ भनी मल्लज्यू र राणाज्यूले साँगाको अभिलेखमा मात्र सो प्रशस्ति परेको छ भन्ने जस्तो भाव झल्काउनुभएको छ । तर साँगाको अभिलेखभन्दा अगाडि तथा पछाडिका अंशुवर्माका हरेक सनदमा यस किसिमको प्रशस्ति परेको छ[41] । अझ खोपासीको प्रथम शिवदेवको संवत् ५२० को अभिलेखमा पनि अंशुवर्मामा यही खालको प्रशस्ति लगाइएको छ[42] ।

---

(भट्टारकमहा)राजश्रीशिवदेवः कुशली थंतुंरीद्रङ्गे (प्रधानपुरस्)सरान्ग्रामकुटुम्बिन : कुशलमाभाष्य समा-(ज्ञापयति) ...

संवत् ५१२ ज्येष्ठशुक्लदशम्याम्

(लिच्छविकालका अभिलेखको ५४ सङ्ख्याको अभिलेखबाट । सो ग्रन्थका २१४-२१५ पृष्ठ ।)

[...विलासद्वारा अल्छी भई विस्तारै हिँडेका उहाँ वासुदेवले रक्षा गर्नुहोस् ।

... संसारको आश्रयस्थान भएका उहाँ महादेव सधैँ ठूला हुनुहुन्छ ।

कल्याण होस् । मानगृह (दरबार)बाट बप्प (बुबा)को पाउको अनुग्रह पाएका, लगातार बढ्दै गइरहेको (शुक्लपक्षको) चन्द्रमाको जून जस्तो सफा कीर्ति फैलिएका, लिच्छविकुलको झण्डास्वरूप भएका, गाथमा आराम रहेका भट्टारक महाराज श्रीशिवदेवबाट थंतुंरीद्रङ्गमा बस्ने मुखियालगायत ग्रामका गृहस्थी-हरूलाई कुशल मङ्गल सोधेर आज्ञा भएको छ ।

संवत् ५१२ ज्येष्ठशुक्लदशमी ।]

(लिच्छविकालका अभिलेखको २१५ पृष्ठ । उहाँ वासुदेवले रक्षा गरून्, बढ्दै गइरहेको भनी त्यहाँ छापि-एकोमा मैले उहाँ वासुदेवले रक्षा गर्नुहोस्, लगातार बढ्दै गइरहेको भनी छापेको छु ।)

३८. लिच्छविकालका अभिलेखका २८,३५ सङ्ख्याका अभिलेख ।

३९. लिच्छविकालका अभिलेखको ४३ सङ्ख्याको अभिलेख ।

४०. लिच्छविकालका अभिलेखको ५३ सङ्ख्याको अभिलेख ।

४१. लिच्छविकालका अभिलेखका ७१, ७२, ७३, ७४, ७७, ७८, ७९, ८१, ८२, ८३, ८४, ८५, ८६, ८९ सङ्ख्याका अभिलेख ।

४२. स्वस्ति मानगृहादपरिमितगुणसम्पल्लिच्छविकुलानन्दकरो (भ)ट्टारकमहाराजश्रीशिवदेवः कुशली कुप्पांसीग्रामनिवासिनः प्रधानपुरस्सरान्कुटुम्बिनः कुशलमभिधाय समाज्ञा(प)यति विदितमस्तु वो यथानेन स्वगुणमणिमयूखालोक(ध्व)स्ताज्ञानतिमिरेण भगवद्भवपादपङ्कजप्रणामानुष्ठानतात्पर्योपात्तायतिहितश्रेयसा स्वभुजयुगबलोत्खाता(खि)लवैरिवर्गेण श्रीमहासामन्तांशुवर्म्मणा मां विज्ञाप्य मदनु(ज्ञा)तेन सता युष्माकं सर्व्वाधिकरणाप्रवेशेन प्रसादः कृतः ...

यसरी मानदेवको पालादेखि एकलौटी शासकको रूपमा अंशुवर्माको उदय नभएसम्मका अभिलेख केलाएर हेर्दा शुरूदेखि नै यहाँ वैष्णव धर्मको भन्दा शैव धर्मको बढी प्रचार देखिएकोले, मानदेवका बराजु वृषदेव बौद्ध, मानदेवका बाबु धर्मदेव वैदिक, मानदेवको पालामा शैव वैष्णव सौर शाक्त सम्प्रदाय चलेका र वसन्तदेवको पालादेखि एकलौटी शासकको रूपमा अंशुवर्माको उदय नभएसम्मको अवधिमा शैव र वैष्णव धर्मका अतिरिक्त वैदिक बौद्ध आदि धर्म पनि चलेका देखिएकाले लिच्छविहरूले शुरूमा वैष्णव धर्मलाई पहिलो तहको महत्त्व र शैव धर्मलाई दोस्रो तहको महत्त्व दिएका थिए, पछि मात्र यहाँ अरू अरू सम्प्रदायको पनि चलन भयो भन्ने कमलप्रकाश मल्लज्यू र पशुपतिशमशेर राणाज्यूको भनाइ अप्रामाणिक ठहर्छ।

विश्वलाई नेपालको परिचय दिलाउन लेखिएको पुस्तकमा वर्तमान नेपालमा विद्वान्को रूपमा कहलिएका व्यक्तिहरूबाट यस्ता भूल भएको देख्दा तलको पद्यको सहसा सम्झना हुन्छ।

देवीं वाचमुपासते हि बहवः सारं तु सारस्वतं जानीते नितरामसौ गुरुकुलक्लिष्टो मुरारिः कविः।
अब्धिर्लङ्घित एव वानरभटैः किन्त्वस्य गम्भीरतामापातालनिमग्नपीवरतनुर्जानाति मन्थाचलः॥

[पढ्न त धेरै मानिसले पढ्छन्, विद्याको सार भने कष्ट सहेर पढेका मुरारि कविले बुझेका छन्। हुनत बाँदर सिपाहीहरूले पनि समुद्र नाघे, समुद्र कति गहिरो छ भन्ने कुराचाहिं पातालसम्म मोटो जीउ डुबेको मन्थाचल पहाडलाई थाहा छ।]

---

संवत् ५२० चैत्रकृष्णपक्षे तिथौ पञ्चम्याम्

[लिच्छविकालका अभिलेखको ६८ सङ्ख्याको अभिलेखबाट। सो ग्रन्थका २७४–२७५ पृष्ठ। त्यहाँ तात्पर्योपायात्तायतिहितश्रेयसा भन्ने पाठ छापिएकोमा शुद्ध पाठ तात्पर्योपात्तायतिहितश्रेयसा (ले नेपाल्को तेस्रो भागको १२ सङ्ख्याको अभिलेख, नेपालिज् इन्स्क्रिप्शन्ज् इन् गुप्त क्यारअक्टर्ज्को ३१ सङ्ख्याको अभिलेख) भएकोले मैले तात्पर्योपात्तायतिहितश्रेयसा छपाएको छु।]

[कल्याण होस्। मानगृह (दरबार) बाट अनगिन्ती गुणहरू भएका, लिच्छविकुललाई आनन्द दिने, गाथमा आराम रहेका, भट्टारक महाराज श्रीशिवदेवबाट कुर्प्पासी (खोपासी) गाउँमा बस्ने मुखिया-लगायत गृहस्थीहरूलाई कुशल मङ्गल सोधेर आज्ञा भएको छ।

आफ्ना गुणरूपी मणिका किरणको उज्यालोले अज्ञानरूपी अन्धकार हटाएका, भगवान् पशुपति-नाथका चरणकमललाई प्रणाम गर्न तत्पर रहेका हुनाले पछिका हित कल्याण गरेका, आफ्ना दुइ बाहुका बलले सारा शत्रुको जरो खनेका, यी श्रीमहासामन्त अंशुवर्माले हाम्रा हजूरमा बिन्ति चढाएर हाम्रो अनुमति लिई (तिमीहरूको ग्राममा) सारा अधिकरण (अड्डा अदालत)हरूले पस्न नपाउने गरी तिमीहरूलाई निगाह गरिएको छ। यो कुरा तिमीहरूलाई थाहा होस्।

संवत् ५२० चैत्रकृष्णपञ्चमी।]

(लिच्छविकालका अभिलेखको २७५ पृष्ठ।)

# बयालीस सालको पर्वमा युद्धप्रतापजङ्गको तरङ्ग

—नयराज पन्त

हाम्रा काका दुइ पुगिसके आङ्ग्लदूताधिवास,
अर्को कोही शरण अहिले पाउनेछैन आस ।
रातीको यो समय छ तथा बीच बाटो यहाँ छ,
हाम्रो सेना सहज रिपुले हातमा लीसकेछ ।।१।।
हाम्रा बाबा निज महलमा सौख्यको साथ बस्छन्,
किन्तु स्वेच्छासँग जनहरू भेट्न ता पाउँदैनन् ।
बाबालाई खबर अहिले दी परामर्श गर्न
पाए हुन्थ्यो, तर कठिन भो त्यो थलोसम्म पुग्न ।।२।।
साना राजा बलरहित छन्, मारिए मुख्य मन्त्री,
जाली गर्दै छलबल अहो भैसक्यो मुख्य मन्त्री ।
हाम्रा राज्याधिकृति धन औ प्राण हर्नानिमित्त
सोही जाली अनुजसँग भै गर्न लाग्यो कुकृत्य ।।३।।
छोरो पाई सहन नसकी सूतिकाजन्य बाधा
आमा लागिन् सुरपुर, भए बाबु उद्विग्न ज्यादा ।
हाम्रा बाजे सकरुण हुँदा स्नेहले पालियो यो,
खायो हाम्रो निमक, अहिले शत्रु भै पल्टियो यो ।।४।।

२०२८।५।३०।४

वि० सं० १९४२ मार्ग ९ गते राति धीरशमशेरका छोराहरूले आफ्ना ठाहिँला बाबु श्री ३ रणोद्दीपसिंहलाई मारी जेठा बाबु श्री ३ जङ्गबहादुरका जेठा छोरा जगत्जङ्गलाई पनि मारे । जगत्जङ्गको जेठा छोरा युद्धप्रतापजङ्ग भाग्न लाग्दा बाटामा मारिए । युद्धप्रतापजङ्गको त्यस बेलाको मनको अवस्थालाई अङ्कित गर्न यहाँ प्रयत्न गरिएको छ ।

धीरशमशेरका जेठा छोरा वीरशमशेर जन्मेकै दिन बीरशमशेरकी आमाको मृत्यु भएकोले जङ्गबहादुरले वीरशमशेरलाई आफूकहाँ लगी पाली हुर्काएका हुन् ।

पूर्णिमा २५ पूर्णाङ्कका ३९-६० पृष्ठमा छापिएको श्री ३ महाराज रणोद्दीपसिंह भन्ने मेरो निबन्धमा बयालीस सालको पर्वको विषयमा विशेष कुरा परेको छ ।

# श्राठौं वर्षको आयव्ययको विवरण

| | | |
|---|---|---|
| आम्दानी | | १०३७०।४८ |
| पहिलेको बाँकी (२९ पूर्णाङ्कमा प्रकाशित) | ३८१।५८ | |
| मदनपुरस्कारपुस्तकालयबाट २ पटक गरी संशोधन-मण्डलले पाएको अर्थसहायता | ८००। | |
| ग्राहकबाट उठेको (छैटौं वर्षसम्मको पूर्णिमाको) | १०७।५० | |
| श्री ५ पृथ्वीनारायण शाहको उपदेशको बिक्रीबाट | १५२। | |
| अरू | ९।६५ | |
| साझाप्रकाशनमार्फत पूर्णिमा, अभिलेख-सङ्ग्रह, इतिहास-संशोधन, विद्या-रक्षा, सावधान-पत्र, पञ्चाङ्ग-संशोधन, व्याकरण-संशोधन २ वर्षभित्रमा जम्मा रु. ३६६५। को बिक्री भएकोमा साझाप्रकाशनले सयकडा ३५ को दरले रु. १२८२।७५ कमिशन कटाई दिएको | २३८२।२५ | |
| पूर्णिमा १ देखि ३० अङ्कसम्म हरेक अङ्क ५० प्रति र ३१ अङ्कदेखि हरेक अङ्क २५ प्रति किनिदिने श्री ५ को सरकार शिक्षामन्त्रालयको वि० सं० २०३१।३।१४ को निर्णयअनुसार पूर्णिमा १ देखि ३० अङ्क-सम्म हरेक अङ्क ५० प्रति किनिदिंदा आएको रु. ४२२५। र ३१ अङ्क २५ प्रति किनिदिँदा आएको रु. १००। समेत जम्मा आएको | ४३२५। | |
| श्री ५ को सरकार सूचनाविभागद्वारा पूर्णिमा २७ अङ्क २५ प्रति र २९ अङ्क २५ प्रति किनिदिँदा आएको | १८७।५० | |
| त्रिभुवन-विश्वविद्यालयबाट श्रीगुरु पं० नयराज पन्तले पाउनुभए जति संशोधन-मण्डललाई दिने उहाँको निर्णयअनुसार उहाँबाट प्राप्त भएको[1] | २०२५। | |
| खर्च | | ६९८९।८० |
| २९ पूर्णाङ्कमा | १३२३। | |
| ३० पूर्णाङ्कमा | १५३९।५५ | |
| ३१ पूर्णाङ्कमा | १४२७।८६ | |
| ३२ पूर्णाङ्कमा | २३३३।८४ | |
| इतिहास-संशोधन, विद्या-रक्षा, सावधान-पत्र, पञ्चाङ्ग-संशोधन, व्याकरण-संशोधनका संयुक्ताङ्क बनाउँदा | १६८।५० | |
| आत्मसंशोधन छपाउँदा | १५। | |
| चिठीपत्र गर्ने पत्र छपाउँदा | ३३। | |
| अरू | १४९।०५ | |
| बाँकी | | ३३८०।६८ |

१. वि० सं २०२८ माघदेखि वि० सं० २०२९ आश्विनसम्म जम्मा ९ महीनाको विश्वविद्यालयबाट आएको तलब यहाँ परेको छ । विश्वविद्यालयबाट प्रतिमहीना रु. २२५। आउँछ ।

# हाम्रो वक्तव्य

वि०सं० २०२१ वैशाखदेखि तीन तीन महीनामा निस्कन लागेको पूर्णिमाको अहिले वि०सं० २०३१ माघमा चौवालीसौँ अङ्क छापिनुपर्नेमा बत्तीसौँ अङ्क मात्र छापिन सकेकोले पूर्णिमाको प्रकाशनकार्यमा हामी ३ वर्ष पछि परेका छौँ भन्ने स्पष्ट छ । यसलाई हामी हाम्रो कमजोरीको नतीजाबाहेक अरू केही भन्न सक्दैनौँ । तर पनि अत्यन्त थोरै मानिसले अत्यन्त थोरै साधनको भरमा पूर्णिमा चलाई आउन सकेकोमा हामीले गर्व गर्न नसके पनि हामीलाई थोरबहुत आत्मसन्तोष भने अवश्य छ । पूर्णिमाका यी ३२ अङ्कले नेपालको वाङमयको इतिहासमा कुन स्थान ओगटेका छन् भन्ने कुराचाहिँ हामीले भन्नुभन्दा निष्पक्ष समीक्षकहरूले भन्नु राम्रो होला ।

हामीहरूले मुख्य गरी आफ्नो खल्तीको पैसा हाली पूर्णिमा छपाउँदै आएकोमा कागतको बढ्दो महँगीले अब त्यस रूपमा पूर्णिमा चलाउन पनि निकै गाह्रो भएको छ । वि०सं० २०३० असारमा पूर्णिमाको उनन्तीसौं अङ्क छपाउँदा रीमको ४९। रुपियाँ परेको कागत अहिले एकतीसौं र बत्तीसौं अङ्क छपाउन रीमको १४०। रुपियाँसम्म तिरी किन्नुपऱ्यो । बत्तीसौं अङ्क छपाउँदा छपाउँदै केही कागत रीमको १५५। रुपियाँ हाली किन्नुपऱ्यो । यसरी डेढ वर्षयता कागतको मोल तेबरिएकोले पूर्णिमाको मोल हामीले विवश भएर क्रमशः बढाउँदै लानुपरेको हो ।

सूचना—यही अङ्कको २०८ पृष्ठमा वी. पु. तेस्रो ७१ सङ्ख्याको केदारकल्पको उद्धरण छापिएको छ । परन्तु यो अङ्क छापिसिद्धिने वेलामा हाम्रो हात परेको, वि० सं० २०३१ जेठमा छापिएको, बाबुकृष्ण शर्माद्वारा सम्पादित राष्ट्रियाभिलेखालयस्थहस्तलिखितप्राचीनपुस्तकानाम् बृहत्सूचीपत्रम् (राष्ट्रिय अभिलेखालयमा रहेका हस्तलिखित प्राचीन पुस्तकहरूको बृहत् सूचीपत्र)को दशौं भागको ४३ पृष्ठमा सो पुस्तकको माथि छापिएको पाठमा १ श्लोकबाहेक अरू सम्पूर्ण उद्धरण छापिएको देखियो ।

## शुद्धिपत्र

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध | पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|---|---|---|---|
| २०५ | १३ | व्रह्मचर्यको | ब्रह्मचर्यको | २२८ | १९ | टेर्‌हटर्‌इज् | टेर्‌इटर्‌इज् |
| २०९ | ८ | बडामहाराजाधिज | बडामहाराजाधिराज | २३५ | २६ | उद्‌घापोतका | उपोद्‌घातका |
| २१० | १६ | पुस्तकसँग मूल | मूल पुस्तकसँग | २४१ | २ | भने | भन्ने |
| २१५ | १० | हेन्यहिरूलाई | हेन्र्याहरूलाई | २४३ | २१ | भयो | भैगयो |
| २१५ | २३ | सुखले | मुखले | २४७ | २८ | प्रथमविहिताच | प्रथमविहिताच् |
| २१७ | ११ | हुन् | हून् | २५० | २० | इट्'स् | इटस् |
| २१७ | २३ | आङ्गलको | आङ्गलले | २५६ | २७ | मतअनुासर | मतअनुसार |
| २१९ | १३ | १८६२ | १८३२ | २६० | ३० | पाउने | पाउको |
| २२० | २३ | षत्र | पत्र | २६० | ३० | आमले | कामले |
| २२८ | १८ | फान्सिस | फ्रान्सिस | जिल्लापछाडि | | सवलहाल | सवलबहाल |

का. मे. अ. द. नं. १५५/२४९

कार्यालय

## संशोधन–मण्डल

१०/३७४ वटु सवलहाल काठमाडौं नेपाल

## वि० सं० २०३१ माघ

यस अङ्कको मूल्य रु. ६।

मुद्रक

शारदा प्रेस

मरु इलाछैं, फोन नं. १४४२५